# परिच्छेद एक

# शोधपरिचय

## १.१.विषय परिचय

सिद्धिचरण श्रेष्ठ (वि.सं. १९६९-२०४९) आधुनिक नेपाली कवितालाई स्वच्छन्दतावादी धाराका प्रवर्तकमध्येका एक हुन् । उनले नेपालीमा छ सय भन्दा बढी फुटकर कविता रचेका छन् । उनले नेपालीमा पन्ध्रवटा खण्डकाव्य रचेका छन् । उनले रचेका नेपाली भाषाका रचना गरेका खण्डकाव्यहरु यस प्रकार छन्: जुवा, जुनकिरी, विश्वास, उर्वशी, ज्यानमारा शैल, शवरी, आँसु, कान्तिवती, युद्ध र शान्ति, मङ्गलमान, मूल बाटो, भीमसेन थापा, नेपाल, आत्मबिलौना र देवघाट खण्डकाव्य कान्तिमती र युद्ध र शान्ति गरी दुईवटा खण्डकाव्य अप्रकाशित छन् भने अन्य तेह्रवटा खण्डकाव्य प्रकाशित छन् । उनका खण्डकाव्यलाई विभिन्न सिद्धान्तका आधारमा अध्ययन गर्न सकिन्छ । सिद्धिचरण श्रेष्ठको जन्म १९६९ साल जेठ ९ गते मङ्गलबार जेठ शुक्ल पञ्चमी तिथिका दिन बिहान ९ बजेर ४५ मिनेट[१] जाँदा हालको सगरमाथा अञ्चल ओखलढुङ्गा जिल्ला ओखलढुङ्गा गाउँ विकास समिति, वडा नं. ६ गणेश टोलको ऐतिहासिक स्थल ओखलढुङ्गासँगै जोडिएको घरमा[२] पिता विष्णुचरण श्रेष्ठ र माता नीरकुमारी श्रेष्ठका कोखबाट भएको हो । उनको जन्म दुई दिदीपछि कनिष्ठ सन्तानका रूपमा भएको हो ।  उनी आफ्ना मातापिताका एक मात्र पुत्र हुन् । उनको जन्म बाबुको जागिरका क्रममा ओखलढुङ्गामा भए तापनि पैतृक थलो भने भक्तपुर इनासे हो । सिद्धिचरण उनको साहित्यिक नाम हो । जन्मनक्षत्र अनुसार हेर्दा उनको नाम पुष्य नक्षत्रको पहिलो पाउ ‘हु’ बाट जुर्दछ भने उनको जन्म राशि कर्कट ठहर्दछ । उनको जन्म राजा त्रिभुवनको शासनकालमा चन्द्र शमशेर प्रधानमन्त्री भएको समयमा भएको थियो ।

---

१ शम्भुप्रसाद कोइराला, ***विद्रोह के कवि सिद्धिचरण श्रेष्ठ और गोपालसिंह नेपाली,*** (बिहार : विद्यावारिधि शोधप्रबन्ध, बी.आर. अम्बेदकर विश्वविद्यालय, सन् १९९५), पृ. १२ ।

२ मोहन श्रेष्ठबाट प्राप्त जानकारी ।

सिद्धिचरण श्रेष्ठले सात वर्षसम्मको बाल्यकाल आफ्नो जन्मस्थल ओखलढुङ्गामा बिताए ।[३] माता धार्मिक प्रवृत्तिकी भएका कारण सिद्धिचरणमा बाल्यकालदेखि नै यसको प्रभाव परेको छ । आफ्नी धर्मपत्नीको धर्मप्रतिको निष्ठा देखेर विष्णुचरण श्रेष्ठले घरमाथिको जङ्गलको छेउमा सरस्वतीको मन्दिर बनाइदिएका थिए ।[४] सिद्धिचरण श्रेष्ठ पनि आमाका साथ बिहान र बेलुका त्यहाँ पूजा गर्न जान्थे । त्यो मन्दिर अद्यापि छँदै छ ।[५] चार वर्षको उमेरमा उनी ज्वरोले गर्दा एक महिना थला परे । यस घटना बाहेक सात वर्षसम्मको बाल्यकालमा उनले अन्य कुनै दुःख भोल्नु परेन । ओखलढुङ्गामा रहँदा उनले दुई दिदी र मातापिताको मायाका साथै रमाइलोसँग दिनहरू बिताए । त्यहाँ उनले केही समय खेलकुदमा पनि बिताउँदथे । बाल्यकालमा उनले भकुन्डो खेल्न बढी मन पराउँथे । सिद्धिचरण श्रेष्ठको उमेर सात वर्षको हुँदा आफ्ना पिताको जागिर खोसिएपछि उनी मातापिताका साथ काठमाडौं ओमबहाल आएर बस्न थाले । उनका पिताको जागिर दोस्रो विश्वयुद्धमा लड्नका लागि सैन्य जवान तयार पार्ने क्रममा एक युवकबाट पोल खुलेपछि खोसिएको हो । काठमाडौं आएर बाल्यकाल बिताउने क्रममा उनको ओखलढुङ्गाकै जस्तो मन्दिर धाउने र खेल खेलेर समय बिताउने क्रममा कुनै कमी आएन ।[६] यस शोधपत्रमा उनका खण्डकाव्यहरुको अध्ययन अलङ्कार सिद्धान्तका आधारमा गरिएको छ ।

सिद्धिचरण श्रेष्ठ नेपाल र नेपाली भाषाका एक ओजस्वी प्रतिभा हुन् । उनले दुवै भाषा साहित्यमा पुऱ्याएको योगदान बहुमूल्य छ । उनले साहित्यका चारै विधा ( कविता, आख्यान, नाटक र निबन्ध) मा कलम चलाए तापनि उनको उल्लेख्य योगदान भने कविता विधामा रहेको छ । उनले दुवैतिर फुटकर कविता र खण्डकाव्यका क्षेत्रमा पुऱ्याएको योगदान उल्लेख्य छ । उनले नेपाल भाषामा 'अभिमन्यु बन्ध' र नेपालीमा 'रामायण' महाकाव्य रचना गर्ने प्रयास गरे तापनि यो कार्य पूरा हुन सकेन । उनको

---

[३] विश्वनाथ भण्डारी, ***सिद्धिचरण श्रेष्ठकृत 'उर्वशी' खण्डकाव्यका भाषावैज्ञानिक अध्ययन,*** (वाराणसी : विद्यावारिधि शोधप्रबन्ध, सम्पूर्णानन्द विश्वविद्यालय, २०५४), पृ. २०७ ।

[४] शम्भुप्रसाद कोइराला, ***सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना,*** (कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०३७), पृ. ३ ।

[५] फणीन्द्रराज निरौला, "बहुआयामिक व्यक्तित्व सिद्धिचरण श्रेष्ठ", ***भृकुटी,*** पूर्णाङ्क १४, २०६८, पृ. ४२ ।

[६] ***ऐजन*** ।

कवित्वको प्रस्फुटन बिन्दु १९८४ साल हो । यसै साल रचिएको 'सन्ध्या' शीर्षकको कविता उनको रचना कालका आधारमा प्रथम कविता हो । उनको कवित्वको सार्वजनिक प्रकाशन १९९१ सालमा भएको हो । १९९१ साल वैशाख ४ गतेको गोरखापत्रमा प्रकाशित 'भूकम्प पीडितोद्धारक ऋण संस्था' उनको प्रथम प्रकाशित कविता हो । उनले नेपाल भाषामा रचेको प्रथम कविता 'तकुस्वाँ' (१९८७) हो । उनका नेपाल भाषामा सर्वप्रथम प्रकाशनमा आएका कविताहरू 'राष्ट्रिय गान', 'गंग खुसी' र 'वर्षा' हुन् । यी कविताहरू १९९५ सालमा प्रकाशित 'नेपाली विहार' नामक पुस्तकमा छापिएका हुन् । उनी आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी काव्यधाराका प्रवर्तक मध्येका एक हुन् । उनी १९९१ साल मङ्सिर ८ गतेको गोरखापत्रमा 'साहित्यिक नेपाल' शीर्षकको कविता प्रकाशन गरी नेपाली स्वच्छन्दतावादी काव्यधाराको प्रवर्तनमा सक्रिय रहेका हुन् । उनका जीवनीका प्रमुख चार पक्षहरू छन्- साहित्यिक स्रष्टा व्यक्तित्व, समालोचक व्यक्तित्व, सामाजिक राजनीतिक व्यक्तित्व र पत्रकार व्यक्तित्व । यी चार पक्षमध्ये साहित्यिक स्रष्टा व्यक्तित्व नै उनको जीवनीको सर्वप्रमुख पक्ष हो ।

खण्डकाव्य संस्कृत साहित्यको उपज हो । फुटकर कविता र लामो कविताभन्दा भिन्न स्वरूपको र महाकाव्यको स्वरूप ग्रहण गर्न नसकेको अवस्था खण्डकाव्य हो । खण्डकाव्यलाई कविताको मझौला आयामको रचना मान्ने गरिन्छ । तर सबै मझौला आयामका कविता खण्डकाव्य होइनन् । खण्डकाव्यमा जीवनको एक पक्षको चित्रण अर्थात् कुनै एक खास विषयको सीमित व्याख्या गरिन्छ । यसमा आख्यान हुन पनि सक्तछ र नहुन पनि सक्छ । आख्यान नभएको रचनालाई कोषकाव्य भनिन्छ । कोषकाव्यले महाकाव्यको स्वरूप ग्रहण गऱ्यो भने कोषात्मक महाकाव्य र खण्डकाव्यको स्वरूप ग्रहण गरेमा कोषात्मक खण्डकाव्य बन्दछ । आख्यानात्मक खण्डकाव्यको उदाहरण दिँदा सिद्धिचरण श्रेष्ठको 'जूनकीरी', लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन', माधव घिमिरेको 'राजेश्वरी' आदि खण्डकाव्यहरूलाई अघि सार्न सकिन्छ । सर्वप्रथम खण्डकाव्य शब्द प्रयोग गर्ने संस्कृत साहित्यशास्त्री विश्वनाथ हुन् ।

सामान्य भाषामा बिम्बको अर्थ छाया भन्ने हुन्छ । साहित्यिक सन्दर्भमा यसले प्रायः पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली वा

आलङ्कारिक भाषा र त्यसबाट उत्पन्न हुने प्रायः दृश्यमान प्रभावलाई बुझाउँदछ । यसले मूलतः सोझो अर्थलाई इङ्गित गर्दछ भने प्रतीकले व्यञ्जनागम्य अर्थ प्रदान गर्दछ । यसै गरी खण्डकाव्यमा मङ्गलाचरण, प्रकृतिको व्यक्तिविधान र मानवको प्राकृतिकीकरण, तन्द्रा, सपना, अपशकुन, सूक्ति, उखान, उद्धृतांश आदि विभिन्न सङ्केत एवम् सन्दर्भको प्रयोग जस्ता अलङ्करणका विविध प्रविधिको प्रयोग पनि गरिएको हुन सक्तछ ।

यस शोधपत्रमा उनका खण्डकाव्यहरुमा अलङ्कारको प्रयोग कसरी भएको छ भनेर अध्ययन गरिएको छ ।

## १.२. समस्या कथन -

समस्या भएका विषयवस्तुमा नै अनुसन्धान गरिन्छ । कुनै पनि अनुसन्धानको विषयवस्तु नै त्यस अनुसन्धानको समस्या हो अर्थात् प्राज्ञिक जिज्ञासा नै शोधको समस्या रहेको छन् । खण्डकाव्यहरुमा अलङ्कारको प्रयोगसँग सम्बन्धित तथ्य/सामग्रीहरुको व्यवस्थित र वस्तुगत विश्लेषण गरी उपयुक्त निष्कर्ष पहिल्याउनका लागि निम्न लिखित शोध प्रश्नहरु निर्धारण गरिएको छ । यस शोधकार्यको प्रमुख समस्या यस प्रकार छ :

क) सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरुमा के कस्ता अलङ्काहरु छन् ?

## १.३. शोधको उद्देश्य

उद्देश्यविनाको कार्य अधुरो हुन जान्छ । यस कारण हरेक कार्यको कुनै न कुनै उद्देश्य रहेको हुन्छ । यस शोधका पनि निश्चित उद्देश्य रहेका छन् । यस शोधकार्यको प्रमुख उद्देश्य यस प्रकार छ :

क) अलङ्कार सिद्धान्तका आधारमा सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरुमा पाइने

ख) अलङ्कारहरुको सर्वेक्षण गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य हो ।

## १.४. पूर्वकार्यको समीक्षा

दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र' ले "प्रकृतिका कवि सिद्धिचरण" (***रचना,*** २ : २, २०१९) शीर्षकको लेख लेखेका छन् र यस लेखमा उनले सिद्धिचरण श्रेष्ठको 'जूनकीरी' र 'आँसु' खण्डकाव्यका बारेमा टिप्पणी गरेका छन् ।

***साझा समालोचना*** (२०२५) मा सङ्गृहीत *"'उर्वशी' खण्डकाव्य"* शीर्षकको लेखमा रत्नध्वज जोसीले 'उर्वशी' खण्डकाव्यका बारेमा चर्चा गरेका छन् । जोसीका अनुसार यो कृति जेल जीवनको उपज भएका कारण जेलको नैराश्यबाट बच्नु यसको उद्देश्य हो । उनले व्यासका निम्ति उर्वशी एउटी पात्र मात्र भएको तर सिद्धिचरणका निम्ति उर्वशी लक्ष्य प्राप्तिको प्रयत्नमा असफलता हात पारेकी काव्यनायिका भएको तथ्य स्थापना गरेका छन् । यसप्रकार व्यासकी उर्वशी र सिद्धिचरणकी उर्वशीमा केही भिन्नता रहेको छ भन्ने धारणा जोसीको रहेको छ ।

***नेपाली खण्डकाव्य र काव्यांशसङ्ग्रह*** (२०३०) नामक पुस्तकमा सिद्धिचरण श्रेष्ठका काव्यात्मक प्रवृत्तिका बारेमा चर्चा गरिनुका साथै उनको 'शवरी' खण्डकाव्यलाई पनि समावेश गरिएको छ । यहाँ नेपाली काव्यसाहित्यमा सिद्धिचरण श्रेष्ठको प्रवेश प्रकृति प्रयोगका माध्यमद्वारा भएको र प्रकृति प्रयोगको सरल तथा कोमल रूप सिद्धिचरणको काव्यगत विशेषता भएको मत अघि सारिएको छ ।

राममणि रिसालले आफ्नो कृति ***नेपाली काव्य र कवि*** (२०३१) नामक ग्रन्थमा सिद्धिचरण श्रेष्ठको 'उर्वशी' खण्डकाव्यका बारेमा चर्चा गरेका छन् । रिजालका अनुसार कवि श्रेष्ठले उर्वशीको वासना नृत्यलाई राणाशासनको ताण्डवनृत्यसँग दाँजेर अर्जुनलाई अघि सार्दै यस काव्यको सिर्जना गर्छन् ।

केशवप्रसाद उपाध्यायले आफ्नो पुस्तक ***केही रचना: केही विवेचना*** (२०३२) मा समेटिएको "युगकवि सिद्धिचरण श्रेष्ठ र उनको 'उर्वशी' खण्डकाव्य" शीर्षकको लेखमा सिद्धिचरण श्रेष्ठको 'उर्वशी' खण्डकाव्यका बारेमा चर्चा गरेका छन् ।

***साझा कविता*** (२०३४) नामक पुस्तकमा रहेको “प्राक्कथन” शीर्षकको लेखमा चूडामणि बन्धुले सिद्धिचरण श्रेष्ठलाई कविताको क्षेत्रम मात्र नभएर युगपुरुषको स्थान रहेको धारणा अगि सारेका छन् ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले ***नेपाली साहित्यको सङ्क्षिप्त इतिहास*** (२०३४) नामक पुस्तकको दोस्रो खण्डमा सिद्धिचरण श्रेष्ठको ‘उर्वशी’ खण्डकाव्यलाई मानसिक द्वन्द्वको विस्तृत चित्र उतारिएको खण्डकाव्यका रूपमा चिनाएका छन् ।

रमेश श्रेष्ठले ***नेपाली कविताको प्रवृत्ति*** (२०३५) नामक पुस्तकको अध्याय चारमा समेटिएको “रोमान्टिक कविता र प्रवृत्ति” शीर्षकमा नेपाली स्वच्छन्दतावादी कविहरूले अपनाएका प्रवृत्तिका बारेमा चर्चा गरेका छन् ।

***पच्चीस वर्षका खण्डकाव्य*** (२०३९) नामक पुस्तकमा सिद्धिचरण श्रेष्ठको ‘ज्यानमारा शैल’ खण्डकाव्यका बारेमा चर्चा गरिनुका साथै यस कृतिलाई पनि यहाँ समेटिएको छ । यस पुस्तकका सम्पादक माधवप्रसाद घिमिरेले ‘ज्यानमारा शैल’ खण्डकाव्यमा सुकुमार काव्यकल्पना र सूक्ष्म दृष्टि भेटिने कुरा उल्लेख गरेका छन् ।

घटराज भट्टराईले ***प्रतिभै प्रतिभा र नेपाली साहित्य*** (२०४०) नामक आफ्नो ग्रन्थमा सिद्धिचरण श्रेष्ठ र उनका काव्यात्मक प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । भट्टराईले सिद्धिचरण श्रेष्ठलाई एउटा धारा कायम गरी योगदान दिने कवि व्यक्तित्वका रूपमा चिनाएका छन् ।

युवराज मैनालीले आफ्नो पुस्तक ***केही प्रतिभाः केही प्रवृत्ति*** (२०४२) मा समेटिएको “जीवनलाई हेर्ने दुई क्षेत्रका कवि सिद्धिचरण” शीर्षकको लेखमा कवि श्रेष्ठलाई युगीन मनोवेगलाई कवितात्मक मूल्य प्रदान गर्ने मानवतावादी कवि र मनोगत प्रवृत्तिको उद्घाटन गर्न सफल कविका रूपमा चिनाएका छन् ।

वासुदेव त्रिपाठीले ***सिद्धिचरणका प्रतिनिधि कविता*** (२०४५) नामक कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका एक अग्रणी र यशस्वी प्रतिभाका रूपमा सिद्धिचरण श्रेष्ठलाई चिनाएका छन् ।

***नेपाली कविता*** भाग-१ (२०४६) नामक पुस्तकको दोस्रो खण्ड "कवि र कविता" मूल शीर्षकअन्तर्गत अन्य कविका साथै सिद्धिचरण श्रेष्ठका बारेमा पनि चर्चा गरिएको छ र कवि श्रेष्ठलाई स्वच्छन्दतावादी कविका रूपमा निजत्व प्राप्त गरेको धारणा अगि सारिएको छ ।

***नेपाली कविता*** भाग ४ (२०४६) नामक पुस्तकको खण्ड दुईमा आधुनिक नेपाली कविताको विकासक्रमका बारेमा चर्चा गर्ने क्रममा "स्वच्छन्दतावादी प्रगतिवादी धाराको सङ्क्षिप्त चिनारी" शीर्षकमा स्वच्छन्दतावादी प्रवृत्तिका बारेमा सङ्क्षेपमा चर्चा गरिनुका साथै केही स्वच्छन्दतावादी नेपाली कविहरूका बारेमा पनि सामान्य चर्चा गरिएको छ ।

गणेशबहादुर प्रसाईले ***नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा*** (२०४८) नामक पुस्तकको *युगकवि* "सिद्धिचरण श्रेष्ठ र उनका कृति" मूल शीर्षक अन्तर्गत *सामान्य परिचय* उपशीर्षकमा सिद्धिचरण श्रेष्ठका कविता तथा काव्यकृतिमा पाइने प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । उनले सिद्धिचरण श्रेष्ठलाई यथास्थितिका विरुद्ध चर्को आवाज उठाउने कवि तथा चेतनाको उज्यालो दीपका रूपमा चिनाएका छन् ।

कृष्णचन्दसिंह प्रधानले ***मङ्गलमान*** (प्रकाशनः २०४९) खण्डकाव्यको भूमिकाका रूपमा "चेतनाको नयाँ स्रोत मङ्गलमान खण्डकाव्य" भन्ने लेख लेखेका छन् र यस लेखमा 'मङ्गलमान' खण्डकाव्यको मङ्गलमान एउटा व्यक्ति पात्र मात्र नभएर युग परिवर्तनको बुलन्द आवाज पनि हो भन्ने तथ्यलाई स्थापित गरेका छन् ।

गार्गी शर्माले ***सिद्धिचरणका खण्डकाव्यको अध्ययन*** (२०५१) नामक पुस्तकमा 'ज्यानमारा शैल', 'मङ्गलमान', 'आँसु', 'विश्वव्यथा', 'शवरी', र 'उर्वशी' तथा यी खण्डकाव्यमा पाइने जीवनदर्शन, शिल्पकला एवम् खण्डकाव्यात्मक प्रवृत्तिका बारेमा चर्चा गरेकी छन् ।

***कारागारका सम्झना*** (२०५२) नामक पुस्तकको भूमिका लेख्ने क्रममा "राष्ट्रिय जीवनको संरचनामा युगकवि सिद्धिचरण श्रेष्ठ" शीर्षकमा गणेशमान सिंहले

सिद्धिचरण श्रेष्ठलाई नेपालको राजनीतिक जीवन र साहित्यिक क्षेत्रमा क्रान्तिको उद्घोष गर्ने प्रथम कविको रूपमा चिनाएका छन् ।

भानुभक्त पोखरेलले आफ्नो ग्रन्थ ***साहित्यिक अनुशीलन*** (२०५३) मा समेटिएको “कवि सिद्धिचरण : केही विशेषता” शीर्षकको लेखमा सिद्धिचरण श्रेष्ठलाई नेपाली काव्यसंसारका उज्याला ताराका रूपमा चिनाउँदै खण्डकाव्यात्मक प्रवृत्तिका बारेमा पनि चर्चा गरेका छन् ।

अनुसन्धानको क्रममा अघि सम्पन्न गरिएको सम्बन्धित विषयको अध्ययन कार्यहरूको संक्षिप्त र क्रमवद्ध रूपमा समीक्षा गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधप्रवन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : ३८) । अर्थात् शोधार्थीले शोधकार्यको आरम्भ गर्दा वा त्यसका निमित्त शोधप्रस्ताव तयार गर्दा आफूले शोध गर्न चाहेको विषयमा त्यसपूर्व के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्नुपर्ने हुन्छ, जसलाई पूर्वकार्यको खोज भनिन्छ (ओझा र गिरी, २०५८ : ५३-५४) ।

लक्ष्मीनारायण मिश्रले ***खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ*** (त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०५८) शीर्षकको स्नातकोत्तर तहको शोधपत्र तयार पारेका छन् । यस क्रममा उनले श्रेष्ठका समग्र खण्डकाव्यमध्ये ‘उर्वशी’ ‘ज्यानमारा शैल’, ‘मङ्गलमान’, ‘विश्वव्यथा’, ‘आँसु’ र ‘नेपाल’ गरी छवटा खण्डकाव्यका बारेमा सामान्य चर्चा गरेका छन् ।

सिद्धिचरण श्रेष्ठको ***भीमसेन थापा*** (प्रकाशनः २०६०) खण्डकाव्यको भूमिका लेख्ने क्रममा चित्तरञ्जन नेपालीले “भीमसेन थापा काव्यको ऐतिहासिक पृष्ठभूमि : प्राक्कथनको रूपमा” शीर्षकमा ‘भीमसेन थापा’ खण्डकाव्यका बारेमा टिप्पणी गरेका छन् ।

***सिद्धिचरण सञ्चरण*** (२०६०) नामक महाकाव्यको भूमिका लेख्ने क्रममा “मेरो कविजी” शीर्षकको लेखमा माधव घिमिरेले सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूमा रुमानी शैली र यथार्थपरक प्रवृत्तिको मर्मस्पर्शी र सार्थक चित्रण भएको मत अगि सारेका छन् । यस दृष्टिले ‘भीमसेन थापा’, ‘विश्वव्यथा’, ‘शबरी’, ‘जूनकीरी’, ‘मङ्गलमान’ आदि खण्डकाव्यहरू उत्कृष्ट रहेको धारणा अगि सार्दै जीवनको अन्त्यतिर श्रेष्ठका काव्यहरूमा अध्यात्मवादी प्रवृत्ति पनि देखिएको तथा भावनाको तरलता र दृष्टिको उज्ज्वलता पनि श्रेष्ठको काव्यकृतिहरूमा पाइने कुरा घिमिरेले व्यक्त गरेका छन् ।

माधवप्रसाद सापकोटाले सिद्धिचरण श्रेष्ठको खण्डकाव्यकारिता (२०७०) नामक पुस्तकमा श्रेष्ठका प्रकाशित तेह्र खण्डकाव्यमा अलङ्कार पनि सर्वेक्षण गरेका छन् ।

शिव रेग्मीले “कविवर सिद्धिचरण श्रेष्ठ र नेपाली कविता” (***मधुपर्क,*** २५:३, २०४९) शीर्षकको लेखमा सिद्धिचरण श्रेष्ठका काव्यात्मक प्रवृत्तिका बारेमा चर्चा गरेका छन् । उनका अनुसार श्रेष्ठले देखेका, भोगेका र अनुभव गरेका यथार्थलाई सरस एवम् सरल रूपमा पेस गर्नु श्रेष्ठका काव्यात्मक गुण र बोलचालका भाषामा गम्भीर जीवन दर्शन व्यक्त गर्न सक्ने क्षमता श्रेष्ठमा भेटिन्छ ।

देवीप्रसाद सुवेदीले (***संचय,*** कवि सिद्धिचरण स्मृति विशेषाङ्क २०५०) *“देवघाट* कवितामा कवि सिद्धिचरणको अध्यात्म चिन्तन” शीर्षकको लेखमा सिद्धिचरण श्रेष्ठको ‘देवघाट’ खण्डकाव्यका बारेमा चर्चा गरेका छन् । सुवेदीका अनुसार यो काव्यकृति कविको परमार्थप्रतिको सर्वोत्कृष्ट अभिव्यक्ति हो र यो कृति नेपाली प्रकृति र संस्कृतिको पृष्ठभूमिमा आबद्ध छ ।

विश्वनाथ भण्डारीले “सिद्धिचरणको आँसुमा विद्रोही स्वर” (***गरिमा,*** १२:६, २०५१) शीर्षकको लेखमा शोषित-पीडित जनताको उन्मुक्ति खातिर आँसु बगाउने र उज्ज्वल समुन्नत समाजको खोजी गरिएको काव्यका रूपमा सिद्धिचरण श्रेष्ठको आँसु खण्डकाव्यलाई चिनाएका छन् । आँसु विरह, व्यथा र वेदनाको उच्च अभिव्यक्ति भए तापनि यस खण्डकाव्यमा आँसुलाई क्रान्ति र शान्तिको प्रवेश मार्गका रुपमा रहेको तथ्य भण्डारीले स्थापना गरेका छन् ।

राजनप्रसाद पोखरेलले “सिद्धिचरण श्रेष्ठ र उर्वशी खण्डकाव्य” (***कुञ्जिनी,*** १२ : ९, २०६२) शीर्षकको लेख लेखेका छन् र उनले यस लेखमा सिद्धिचरण श्रेष्ठका खण्डकाव्यात्मक मुख्य प्रवृत्तिका बारेमा चर्चा गर्नाका साथै उर्वशी खण्डकाव्यका बारेमा पनि चर्चा गरेका छन् ।

माधवप्रसाद सापकोटाले “उर्वशी खण्डकाव्यमा द्वन्द्वविधान” (***समयचक्र,*** ४ : ३, २०६६) शीर्षकको लेख लेखेका छन् र यस लेखमा उनले उर्वशीमा पाइने द्वन्द्वका बारेमा चर्चा गरेका छन् । यस लेखमा उनले हृदय र बुद्धिबीचको द्वन्द्व, आदर्श र यथार्थ बीचको द्वन्द्व अध्यात्मवाद र भौतिकवाद बीचको द्वन्द्व, चेतन मन र अचेतन मनको द्वन्द्व र पूर्णभाग र उपसंहारको धारणामा कवि स्वयमको अन्र्तद्वन्द्व बारेमा चर्चा गरेका छन् ।

शम्भुप्रसाद कोइरालाले ***सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना*** (स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग, २०३७) को पहिलो परिच्छेद तथा “सिद्धिचरण श्रेष्ठको जीवनी र व्यक्तित्व” शीर्षकमा सिद्धिचरण श्रेष्ठको सङ्क्षिप्त परिचय प्रस्तुत गरेका छन् भने दोस्रो अध्याय तथा “कविको रूपमा सिद्धिचरण श्रेष्ठ” मूल शीर्षकमा नेपाली कविताको पुर्ख्यौली र श्रेष्ठको आगमन, विश्व साहित्यमा स्वच्छन्दतावादी धारामा श्रेष्ठको स्थान, सिद्धिचरण श्रेष्ठका कवितामा पाइने विभिन्न स्वरहरू तथा सिद्धिचरण श्रेष्ठका कविता लेखनमा अपनाएको शैली आदिबारे चर्चा गरेका छन् । यसै गरी तेस्रो अध्यायमा ‘श्रेष्ठको कवित्वको विकासप्रक्रिया, मोडहरूको चर्चा र कृतिहरूको विवेचना’ शीर्षकअन्तर्गत २०३७ सालसम्मको श्रेष्ठको कवित्वको विकासप्रक्रिया तथा कवितायात्राका मोडहरूका बारेमा चर्चा गरिएको छ भने कृतिहरूको विवेचना गर्दा ‘कोपिला’, ‘मेरो प्रतिबिम्ब’, र ‘उर्वशी’ लाई अगि सारिएको छ । यसै शोधपत्रको चौथो अध्यायमा “खण्डकाव्यकार श्रेष्ठ र श्रेष्ठको साहित्यिक योगदान” शीर्षक अन्तर्गत खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ र उनको ‘उर्वशी’ खण्डकाव्यका बारेमा चर्चा गरिएको छ भने साहित्यिक योगदानका बारेमा चर्चा गर्दा फुटकर कविता र खण्डकाव्यको क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा सामान्य चर्चा गरिएको छ ।

महादेव अवस्थीले ***लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता*** (२०५६) विद्यावारिधि शोधग्रन्थको दसौं परिच्छेदमा सिद्धिचरण श्रेष्ठलाई लक्ष्मीप्रसाद देवकोटाका समवर्ती स्वच्छन्दतावादी कविहरूमध्ये एक प्रमुख खण्डकाव्यकारका रूपमा चिनाउनाका साथै सिद्धिचरण श्रेष्ठका 'उर्वशी', 'ज्यानमारा शैल', 'जूनकीरी'र 'मङ्गलमान' खण्डकाव्यको नामोल्लेख पनि गरेका छन् ।

देवी नेपालले **म किसान बिर्खे** (खण्डकाव्य २०६४) को भूमिका लेख्ने क्रममा उहाँले यो खण्डकाव्यमा *आशा र आक्रोशको सरल अभिव्यक्ति छ* भनी उल्लेख गर्नु भएको छ ।

शेखर कुमार श्रेष्ठले ***सिद्धिचरणका खण्डकाव्यमा क्रान्तिचेत*** (२०६९) नामक पुस्तक लेखका छन् । यसमा उनले 'उर्वशी', 'ज्यानमारा शैल' विश्वव्यथा 'मङ्गलमान', 'आँसु', 'जूनकीरी' र 'भीमसेन थापा' खण्डकाव्यमा पाइने क्रान्तिचेतका बारेमा चर्चा गरेका छन् ।

## १.५. शोधको औचित्य, महत्व र उपयोगिता

सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा पाइने अलङ्कारका बारेमा यसभन्दा माथिल्लो तहको अनुसन्धान गर्न चाहनेलाई यो शोधकार्य उपयोगी हुने भएकाले यो शोधपत्र औचित्यपूर्ण, महत्वपूर्ण र उपयोगी रहको छ ।

## १.६. शोधको सीमाङकन

यस शोधमा सिद्धिचरण श्रेष्ठका समग्र खण्डकाव्यमध्ये हालसम्म प्रकाशनमा आएका खण्डकाव्यहरुमा पाइने अलङ्कारको मात्र सर्वेक्षण गरिएको छ ।

## १.७. सामग्री सङकलन विधि

यस शोधकार्यमा सामग्री सङकलनका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ ।

## १.८. सैद्धान्तिक ढाँचा र शोधविधि

यस शोधकार्यमा अलङ्कार सिद्धान्तको उपयोग गरिएको छ । विश्लेषणका क्रममा वर्णनात्मक विधिको उपयोग गरिएको छ ।

## १.९. शोधपत्रको रुपरेखा

यस शोधपत्रको रुपरेखा यस प्रकार छ

| | |
|---|---|
| परिच्छेद एकः | शोधपरिचय |
| परिच्छेद दुईः | सिद्धिचरण श्रेष्ठको परिचय |
| परिच्छेद तीनः | खण्डकाव्यको सैद्धान्तिक पहिचान र सैद्धान्तिक आधार |
| परिच्छेद चारः | सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा अलङ्कार |
| परिच्छेद पाँचः | उपसंहार |

# परिच्छेद दुई

# सिद्धिचरण श्रेष्ठको परिचय

## १.१ जन्म र बाल्यकाल

सिद्धिचरण श्रेष्ठको जन्म १९६९ साल जेठ ९ गते मङ्गलबार जेठ शुक्ल पञ्चमी तिथिका दिन बिहान ९ बजेर ४५ मिनेट[७] जाँदा हालको सगरमाथा अञ्चल ओखलढुङ्गा जिल्ला ओखलढुङ्गा गाउँ विकास समिति, वडा नं. ६ गणेश टोलको ऐतिहासिक स्थल ओखलढुङ्गासँगै जोडिएको घरमा[८] पिता विष्णुचरण श्रेष्ठ र माता नीरकुमारी श्रेष्ठका कोखबाट भएको हो । उनको जन्म दुई दिदीपछि कनिष्ठ सन्तानका रूपमा भएको हो । उनी आफ्ना मातापिताका एक मात्र पुत्र हुन् । उनको जन्म बाबुको जागिरका क्रममा ओखलढुङ्गामा भए तापनि पैतृक थलो भने भक्तपुर इनासे हो । सिद्धिचरण उनको साहित्यिक नाम हो । जन्मनक्षत्र अनुसार हेर्दा उनको नाम पुष्य नक्षत्रको पहिलो पाउ 'हु' बाट जुर्दछ भने उनको जन्म राशि कर्कट ठहर्दछ । उनको जन्म राजा त्रिभुवनको शासनकालमा चन्द्र शमशेर प्रधानमन्त्री भएको समयमा भएको थियो ।

सिद्धिचरण श्रेष्ठले सात वर्षसम्मको बाल्यकाल आफ्नो जन्मस्थल ओखलढुङ्गामा बिताए ।[९] माता धार्मिक प्रवृत्तिकी भएका कारण सिद्धिचरणमा बाल्यकालदेखि नै यसको प्रभाव परेको छ । आफ्नी धर्मपत्नीको धर्मप्रतिको निष्ठा देखेर विष्णुचरण श्रेष्ठले घरमाथिको जङ्गलको छेउमा सरस्वतीको मन्दिर बनाइदिएका थिए ।[१०] सिद्धिचरण श्रेष्ठ पनि आमाका साथ बिहान र बेलुका त्यहाँ पूजा गर्न जान्थे । त्यो मन्दिर अद्यापि छँदै छ ।[११] चार वर्षको

---

[७] शम्भुप्रसाद कोइराला, ***विद्रोह के कवि सिद्धिचरण श्रेष्ठ और गोपालसिंह नेपाली,*** (बिहार : विद्यावारिधि शोधप्रबन्ध, बी.आर. अम्बेदकर विश्वविद्यालय, सन् १९९५), पृ. १२ ।

[८] मोहन श्रेष्ठबाट प्राप्त जानकारी ।

[९] विश्वनाथ भण्डारी, ***सिद्धिचरण श्रेष्ठकृत 'उर्वशी' खण्डकाव्यका भाषावैज्ञानिक अध्ययन,*** (वाराणसी : विद्यावारिधि शोधप्रबन्ध, सम्पूर्णानन्द विश्वविद्यालय, २०५४), पृ. २०७ ।

[१०] शम्भुप्रसाद कोइराला, ***सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना,*** (कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०३७), पृ. ३ ।

[११] फणीन्द्रराज निरौला, "बहुआयामिक व्यक्तित्व सिद्धिचरण श्रेष्ठ", ***भृकुटी,*** पूर्णाङ्क १४, २०६८, पृ. ४२ ।

उमेरमा उनी ज्वरोले गर्दा एक महिना थला परे । यस घटना बाहेक सात वर्षसम्मको बाल्यकालमा उनले अन्य कुनै दुःख भोल्नु परेन । ओखलढुङ्गामा रहँदा उनले दुई दिदी र मातापिताको मायाका साथै रमाइलोसँग दिनहरू बिताए । त्यहाँ उनले केही समय खेलकुदमा पनि बिताउँदथे । बाल्यकालमा उनले भकुन्डो खेल्न बढी मन पराउँथे । सिद्धिचरण श्रेष्ठको उमेर सात वर्षको हुँदा आफ्ना पिताको जागिर खोसिएपछि उनी मातापिताका साथ काठमाडौं ओमबहाल आएर बस्न थाले । उनका पिताको जागिर दोस्रो विश्वयुद्धमा लड्नका लागि सैन्य जवान तयार पार्ने क्रममा एक युवकबाट पोल खुलेपछि खोसिएको हो । काठमाडौं आएर बाल्यकाल बिताउने क्रममा उनको ओखलढुङ्गाकै जस्तो मन्दिर धाउने र खेल खेलेर समय बिताउने क्रममा कुनै कमी आएन ।[१२]

## १.२ शिक्षा

सिद्धिचरण श्रेष्ठको औपचारिक शिक्षा सामान्य रहेको छ । औपचारिक शिक्षा सामान्य रहे तापनि स्वाध्ययनका क्रममा उनले पूर्वीय र पाश्चात्य वाङ्मयका साथै ज्ञानविज्ञानका विविध पक्षको जानकारी रहेको कुरा उनका कृतिहरूको अध्ययनबाट थाहा हुन्छ । उनले नौ वर्षको उमेरसम्म औपचारिक शिक्षा ग्रहण गर्न सकेनन् । त्यतिवेला शिक्षा क्षेत्रमा त्यति विकास पनि भएको थिएन । सिद्धिचरण श्रेष्ठ स्वयम्ले कतै नौ कक्षासम्म र कतै आठ कक्षासम्म औपचारिक शिक्षा ग्रहण गरेको चर्चा गरेका छन् । २०४० साल श्रावण २५ गतेको 'कलिलो' नामक बाल अखवारमा प्रकाशित "मेरो बाल्यकाल" शीर्षकको लेखमा सिद्धिचरण श्रेष्ठले कलकत्तामा एक वर्ष अध्ययन गरी नौ कक्षामा पुगेर काठमाडौं फर्केर आएको र फेरि पाटनमा आठ कक्षामा नाउँ लेखाएको कुरा उल्लेख गरेका छन् ।

पिता दिनभर अड्डा धाउने र रातको बाह्र बजेसम्म कचहरी बस्ने, आमा पूजापाठमै प्रायः दिन बिताउने र अनपढ समाजको त्रिकोणात्मक प्रभावले गर्दा सात वर्षसम्म उनले बाह्रखरी मात्र[१३] चिनेका थिए । जति वेला उनी ओखलढुङ्गाबाट काठमाडौं आए त्यति वेला काठमाडौँमा भाषा पाठशाला र दरबार स्कुल गरी दुईवटा विद्यालय थिए । भाषा पाठशालामा बाह्मण परिवारका बालकहरूले चण्डी, रुद्री आदि ग्रन्थहरू पढ्न पाउँथे ।

---

[१२] *ऐजन* ।

[१३] शम्भुप्रसाद कोईराला, ***पूर्ववत्,*** पृ. २-३ ।

दरबार स्कुलमा पढ्नका लागि धेरे पैसा खर्च गर्नुपर्थ्यो । त्यहाँ अङ्ग्रेजी पनि पढाइ हुने गर्थ्यो । जन्मभूमि छाडेको दुई वर्षपछि १९७८ सालमा सिद्धिचरण श्रेष्ठ नौ वर्षको उमेरमा दरबार स्कुलमा कक्षा तीनमा भर्ना भए ।[१४] बाल्यकालदेखिको स्वतन्त्र मनस्थितिका कारण उनले औपचारिक अध्ययनमा त्यति रुचि देखाएनन् । उनी स्कुलका साथीहरूसँग बालाजु, त्रिशूली जस्ता ठाउँहरूमा घुम्न जाने गर्थे । सिद्धिचरण श्रेष्ठ दरबार स्कुलमा भर्ना भएपछि लक्ष्मीप्रसाद देवकोटा र उनका भाइ मधुसूदन देवकोटासँग पनि परिचय भयो । त्यस विद्यालयमा बालकृष्ण समले कक्षा पाँचमा नेपाली पढाउँथे ।[१५] विस्तारै श्रेष्ठलाई भानुभक्त, लेखनाथ जस्ता कविहरूका कविताको रस पस्दै गयो भने हिसाब चाहिँ अप्ठ्यारो हुनाले कमजोर हुँदै गयो ।[१६] पाँचौं कक्षामा उत्तीर्ण हुन नसकी उनले कुरिज खानुपऱ्यो ।[१७] सिद्धिचरण श्रेष्ठ नेपाली र अङ्ग्रेजी विषयमा भने तीक्ष्ण थिए । उनले ६ कक्षामा पढ्दा शिक्षक देवीप्रसाद रिजालले बडो कडाइका साथ जाँच लिएका थिए र ४०/५० विद्यार्थी मध्ये तीन जना मात्र विद्यार्थी पास भएका थिए । ती तीन जनामध्ये एक जना सिद्धिचरण थिए । कक्षा छमा अङ्ग्रेजीमा उत्तीर्ण भए तापनि हिसाबको जाँच भने बिग्रियो । कक्षा सातमा उनले नेपालीमा राम्रो अङ्क ल्याए तर हिसाब भने पुनः बिग्रियो ।[१८] १९८६ सालतिर उनले दरबार स्कुल छाडे । आफ्नो पढाइ त्यति राम्रो हुन नसकेकाले अध्ययनका लागि उनी भारत पनि गए । उनी पढ्न भनी घरबाट पैसा चोरेर आफ्नो साथी नेत्रबहादुर थापासित कलकत्ता भागे र त्यहाँ आठ कक्षामा भर्ना भए ।[१९] पिताजीको अस्वस्थताका कारणले उनी तीन चार महिनापछि भारतबाट घर फर्किए । पिताको स्वास्थ्य सुधार भएपछि उनी पाटन स्कुलमा आठ कक्षामा भर्ना भए तर त्यहाँ पनि उनले पढ्नमा ध्यान दिएनन् र कलकत्तातिर

---

[१४] *ऐजन,* पृ. ४ ।

[१५] *ऐजन,* पृ. ५ ।

[१६] *ऐजन* ।

[१७] सिद्धिचरण श्रेष्ठ, "मेरो जीवनको कथा", *सुगन्ध,* ५ : ४७, २०४२ जेठ, पृ. १२ ।

[१८] शम्भुप्रसाद कोइराला, *पूर्ववत्,* पृ. ५ ।

[१९] सिद्धिचरण श्रेष्ठ, *पूर्ववत्,* पृ. १३ ।

पढ्न जाने सुरले घरबाट भागे । तर त्यति वेला उनी कलकत्ता नगै तराईतिर तीन चार महिना घुमफिर गरी घर फर्किए ।[२०]

## १.३ सिद्धिचरण श्रेष्ठको साहित्यिक व्यक्तित्व र आनुवंशिक प्रभाव

सिद्धिचरण श्रेष्ठको साहित्यिक व्यक्तित्व निर्माणमा आनुवंशिक प्रभाव प्रस्ट रूपमा देखा पर्दछ । उनको साहित्यिक सिर्जनशीलतामा उनका पिता र माता दुबैको प्रभाव परेको छ । उनका पिता पनि साहित्यिक स्रष्टा हुन् । 'सुमती' र 'भीष्म प्रतिज्ञा' गरी उनका दुईवटा उपन्यास प्रसिद्ध छन् । सिद्धिचरण श्रेष्ठमा पिताको साहित्यिक व्यक्तित्वको प्रभाव अझै विस्तारित छ ।

उनकी आमा धार्मिक प्रवृत्तिकी थिइन् । बाल्यकालदेखि नै उनमा आफ्नी माताको प्रभाव परेको छ । यो प्रभाव उनको सिर्जनशीलतामा प्रस्ट रूपमा देखा पर्दछ । उनको 'आत्मबिलौना' र 'देवघाट' धार्मिक दार्शनिक खण्डकाव्य हुन् । यी खण्डकाव्यहरू पौरस्त्य दार्शनिक धरातलका आधारमा रचिएका छन् । उनको 'विजया' शीर्षकको कवितामा भवानीको स्तुति गरिएको छ । यस कवितामा दुर्जनहरू भस्म गर्नका लागि उनले श्री भवानीबाट शक्तिको वरदान पनि मागेका छन् ।

## १.४ वैवाहिक बन्धन, गृहस्थी जीवन र आर्थिक अवस्था

सिद्धिचरण श्रेष्ठको विवाह १९८६ साल असार १२ गतेका दिन सत्र वर्षको उमेरमा ललितपुर कुपनटोलकी दस वर्षीय कन्या मिश्रीकुमारी देवीसँग भएको थियो । पति पत्नीको उमेरमा सात वर्षको अन्तर रहेको छ । पति पत्नीको सम्बन्ध सुमधुर रहेको बुझिन्छ । सिद्धिचरण श्रेष्ठ साहित्य साधना र समाज सेवामा व्यस्त रहन्थे भने उनकी श्रीमती असल गृहिणी भएका कारण घर व्यवहार सम्हाल्दथिन् । उनी आफ्ना सासू र ससुराको नजरमा पनि असल भएका कारण प्रिय थिइन् । सिद्धिचरण श्रेष्ठका रङ्गचरण, विश्वचरण, रविचरण, अरुणचरण र प्रपापचरण गरी पाँच छोरा र चार छोरी मधुकरी, भुवन, शान्ता र किरण गरी नौ सन्तान रहेको पाइन्छ । विश्वचरण श्रेष्ठको चार वर्षको उमेरमा निधन भएकाले यसबाट उत्पन्न शोकको अभिव्यक्तिका रूपमा सिद्धिचरण श्रेष्ठले 'विश्वव्यथा' शोककाव्यको रचना

[२०] *ऐजन* ।

गरेका छन् । सिद्धिचरण श्रेष्ठको गृहस्थी जीवन कष्टकर नरहे तापनि जीवनको अन्ततिर उनले गृहस्थीलाई फजुल दुःखका रूपमा अर्थ्याएका छन् । २०४० सालमा रचिएको उनको वैराग्यमूलक कृति 'आत्मविलौना' खण्डकाव्यमा यस्तो अभिव्यक्ति भेटिन्छ ।

सिद्धिचरण श्रेष्ठ आफ्ना पिता विष्णुचरण श्रेष्ठका एक मात्र पुत्र भएका कारण पुर्ख्यौली सम्पत्ति बाँडफाँड गर्नु नपर्ने भएकाले उनको आर्थिक अवस्था सबल नै रहेको ठहर्दछ । उनका पिता मध्यमवर्गीय परिवारका भएका कारण पुर्ख्यौली सम्पत्ति अर्थात् आर्थिक स्रोतबाट नै उनको जीविका चलेको थियो । १९९७ सालमा उनको सर्वश्वहरण गरिएका कारण केही समय उनको आर्थिक अवस्था नाजुक बन्यो । त्यसपछि क्रमशः उनको आर्थिक अवस्था  सुदृढ बन्दै गयो । सङ्घसंस्था र पुरस्कारबाट प्राप्त धनराशिले पनि उनको आीर्थक पक्षमा केही सहयोग पुऱ्यायो । उनको जीवनको अन्तकालतिर पनि आर्थिक अवस्था सुदृढ नै थियो । समग्रमा उनको आर्थिक अवस्था सामान्य नेपालीको भन्दा केही माथि रहे तापनि उच्च भने होइन ।

## १.५ कवित्वको प्रस्फुटन, सार्वजनिक प्रकाशन र नेपाली कवितामा स्वच्छन्दतावादी काव्यधाराको नवप्रवर्तन

सिद्धिचरण श्रेष्ठको कवित्वको प्रस्फुटन १९८४ सालमा भएको हो । यसै साल उनले रचना गरेको 'सन्ध्या' शीर्षकको कविता उनको नेपाली भाषाको प्रथम कविता हो । यस कवितामा स्वच्छन्दतावादी प्रवृत्ति भेटिन्छ । उनको नेपाल भाषाको प्रथम कविता भने 'तकुस्वाँ' हो । यो कविता उनले १९८७ सालमा रचना गरेक हुन् । उनको नेपाली भाषाको प्रथम प्रकाशित कविता 'भूकम्प पीडितोद्धारक ऋण संस्था' हो । यो कविता १९९१ वैशाख ४ गतेको गोरखापत्रमा प्रकाशित भएको हो । यो कविता मध्यकालीन स्तुतिवादी परम्पराबाट मुक्त छैन । यसै साल जेठ १९ गतेको गोरखापत्रमा उनको एक श्लोकको समस्यापूर्ति कविता प्रकाशित भएको छ ।

नेपाली साहित्यको इतिहासले १९९१ देखि २०१६ सालसम्मको अवधि नेपाली कविताको स्वच्छन्दतावादी काव्यधाराले नेतृत्व गरेको अवधि र सिद्धिचरण श्रेष्ठलाई यस धाराका सहप्रवर्तक (अर्का सहप्रवर्तक लक्ष्मीप्रसाद देवकोटा) मानेको छ । तर उनी सहप्रवर्तक नभै प्रवर्तक मध्येका एक ठहर्दछन् । यस पक्षलाई वैज्ञानिक पुष्टि गर्नु आवश्यक

छ । १९९१ साल मङ्सिर ८ गतेको गोरखापत्रमा सिद्धिचरण श्रेष्ठको 'साहित्यिक नेपाल' शीर्षकको स्वच्छन्दतावादी कविता प्रकाशित भएको छ । यस कविताका मूलभूत प्रवृत्तिहरू हुन् आत्मपरकता, पूर्वीय अतीतोन्मुखता, रहस्यात्मकता, म्लेच्छहरूप्रति विद्रोह, नेपाली प्रकृतिको चित्रण, काल्पनिकता आदि । १९९१ साल मङ्सिर १५ गतेको गोरखापत्रमा लक्ष्मीप्रसाद देवकोटाको 'पूर्णिमाको जलधि' शीर्षकको स्वच्छन्दतावादी कविता प्रकाशित भएको छ । १९९१ सालमा स्वच्छन्दतावादी कविता प्रकाशनका दृष्टिले देवकोटाभन्दा श्रेष्ठको उदय एक हप्ता अगि भएको छ । १९९१ सालमा सिद्धिचरण श्रेष्ठको उदय हुनु भन्दा पहिले भीमनिधि तिवारीको १९९१ साल भदौं ८ गतेको गोरखापत्रमा 'सूर्यघाट' शीर्षकको स्वच्छन्दतावादी कविका कविता प्रकाशित भएको पाइनाले उनी नेपाली स्वच्छन्दतावादी काव्यधाराका प्रवर्तकमध्येका एक हुन् भन्नु उपयुक्त ठहर्दछ ।

## १.६ प्रेरणा र प्रभाव

सिद्धिचरण श्रेष्ठ सर्वप्रथम आफ्ना पिताबाट प्रेरित छन् । उनका पिताले भानुभक्तको रामायण, होमनाथ-केदारनाथका कृतिहरू, मोतीराम भट्टको 'प्रह्लाद भक्तिकथा' जस्ता कृतिहरू पाठ गर्थे र उनलाई पनि पाठ गर्न लगाउँथे । यसबाट श्रेष्ठको कवि हृदय प्रस्फुटित हुन खोज्दछ र लेख्ने प्रेरणा मिल्दछ ।[२१] सिद्धिचरण श्रेष्ठकी आमा धार्मिक प्रवृत्तिकी थिइन् । उनलाई पढ्न आउँदैन थियो तर पतिले पाठ गरेको सुनेर उनलाई रामायणका धेरै श्लोकहरू कण्ठस्थ थिए । उनी मन्दिर जाँदा रामायणका श्लोकहरू भन्ने गर्थिन् । यसरी आमाको सङ्गीतमय लयले पनि श्रेष्ठलाई निकै प्रभाव पार्‍यो[२२] र उनी छन्दमा कविता रचना गर्न अग्रसर भए । सिद्धिचरण श्रेष्ठ स्वदेशी र विदेशी कविहरूबाट पनि प्रेरित र प्रभावित छन् । उनले विद्यालयमा अध्ययन गर्ने क्रममा कक्षा पाँचमा बालकृष्ण समले नेपाली पढाउँथे । उनले मीठो लय हालेर भानुभक्त, लेखनाथ आदि कविहरूका कविता पढाउँथे । उनले विद्यालयमा पढ्ने क्रममा नै केही कविताहरू रचना गरे । प्रारम्भिक कालका कविताहरू 'कोपिला' कविता सङ्ग्रहमा सङ्गृहीत छन् । यी कविताहरूमा लेखनाथीय शैलीको प्रभाव परेको छ । १९८६ सालमा समको 'मुटुको व्यथा' नाटक प्रकाशित भयो । यसका केही श्लोकहरू श्रेष्ठलाई कण्ठस्थ थियो । यसरी सिद्धिचरण श्रेष्ठमा भानुभक्त,

---

[२१] शम्भुप्रसाद कोइराला, ***पूर्ववत्***, पृ. १३ ।

[२२] ***ऐजन*** ।

लेखनाथ, बालकृष्ण सम जस्ता कविहरूको प्रभाव परेको प्रस्ट हुन्छ । उनले स्वाध्ययनका क्रममा वड्र्सवर्थ, सेली, किट्स, सुमित्रानन्दन पन्त, महादेवी वर्मा जस्ता कविहरूका कविताको अध्ययन गरे र उनीहरूबाट पनि प्रभाव ग्रहण गरे । सिद्धिचरण श्रेष्ठका कविताहरूमा बिद्रोहात्मकता प्रबल रहेकाले उनी सेलीसँग निकट छन् ।

साहित्यिक बन्धुहरूसँगको सम्पर्कले पनि सिद्धिचरण श्रेष्ठको साहित्यिक अनुरागमा अभिवृद्धि गरेको छ । ऋद्धिबहादुर मल्लसँगको निकटता र विजय मल्ल र गोविन्दबहादुर मल्लसँगको मित्रताले सिद्धिचरणको साहित्यिक अभिरुचिको विकास गरेको छ । ऋद्धिबहादुर मल्लको घरबाट 'शारदा' पत्रिका प्रकाशित हुन्थ्यो । त्यहाँ साहित्यकारहरूको जमघट हुन्थ्यो । उनी शारदाको सम्पादन सहयोगीका रूपमा काम गर्न थाले । स्कुलमा पढ्ने क्रममा लक्ष्मीप्रसाद देवकोटा र मधुसूदन देवकोटासँगको परिचयले सिद्धिचरण श्रेष्ठमा साहित्यिक अनुरागको वृद्धि भयो । दैवी प्रकोप पनि सिद्धिचरण श्रेष्ठको साहित्यिक अनुरागको एक प्रेरक तत्त्व हो । १९९० साल माघ महिनामा भएको महाभूकम्पले धेरै जनधनको क्षति गऱ्यो । जनताहरूलाई राहत दिने उद्देश्यले 'भूकम्प पीडितोद्धार समिति' नामक संस्थाको स्थापना भयो । उनी यस संस्थाको स्वयम्सेवक भएर काम गरे । यसै संस्थामा रहँदा उनले 'भूकम्प पीडितोद्धार ऋण संस्था' शीर्षकको कविता लेखे । यो कविता १९९१ साल वैशाख ४ गतेको गोरखापत्रमा प्रकाशित भयो । यो उनको प्रथम प्रकाशित कविता भएको चर्चा गरिसकिएको छ । उनको कवित्व तत्कालीन सामाजिक-राजनीतिक परिवेशबाट पनि अभिप्रेरित रही अगि बढेको हो ।

## १.७ जेल जीवन

सिद्धिचरण श्रेष्ठले १९९४ सालमा नेपाल भाषामा 'वर्षा' शीर्षकको कविता लेखे । यो कविता फत्तेबहादर सिंहद्वारा सम्पादित 'नेपाली बिहार' (१९९५) नामक पुस्तकमा छापियो । "क्रान्तिविना थन दैमखु स्वच्छ शान्ति" (क्रान्तिविना यहाँ हुँदैन स्वच्छ शान्ति) भन्ने क्रान्तिकारी विचारको प्रस्तुतिले तत्कालीन शासन व्यवस्थाले 'नेपाली विहार' जफल गऱ्यो । नेपालको साहित्यमा सर्वप्रथम स्पष्ट र सचेत रूपमा क्रान्तिको सन्देश यसै कविताले दिएको छ । सिद्धिचरण श्रेष्ठ १९९७ सालमा जेल पर्नुका कारणहरूमध्ये यो पनि एक हो । यस कविताको नेपाली अनुवाद नेपाल भाषाका सुपसिद्ध कवि वैकुण्ठप्रसाद लाकौलले गरेका हुन् । सिद्धिचरण श्रेष्ठले 'विश्वव्यथा' शोककाव्यको आठौँ अनुच्छेदमा 'हडताल' शब्दको प्रयोग

भएका कारण 'शारदा' पत्रिकाबाट उक्त अनुच्छेद निकालियो । 'हडताल' शब्दको प्रयोग गर्नु पनि सिद्धिचरण जेल पर्नुको अर्को कारण बन्यो ।

यसै क्रममा महावीर स्कुलमा संलग्न भै राजनीतिक क्रियाकलापमा लागेको आरोपमा १९९७ कार्तिक २ गते त्यस स्कुलका संस्थापक चिनिया लाल सिंह लगायत त्यसमा लसपस भएका व्यक्तिहरूलाई पक्राउ गरियो । सिद्धिचरण पनि त्यस स्कुलमा संलग्न भएकाले उनी पनि पक्राउ परे । १९९२ को अन्ततिर प्रजा परिषद्का पर्चाहरू देखा परे । ती पर्चाहरू महावीर स्कुलबाट प्रसारित भएको आशङ्कामा उनीहरूलाई पक्राउ गरियो ।

१९९० को महाभूकम्पपछि सिद्धचरण श्रेष्ठको गङ्गालाल, दशरथ चन्द, टङ्कप्रसाद आचार्य आदिसँग सम्पर्क भएको थियो । १९९३ सालमा नेपाल प्रजा परिषद्को स्थापनापछि उनीहरू सँग सिद्धिचरण श्रेष्ठको राम्रो सम्बन्ध कायम भयो । सिद्धिचरण श्रेष्ठ प्रजा परिषद्मा त थिएनन् । तर उनी पनि प्रजा परिषद्मा रहेको आशङ्का गरियो । उनी साहित्यका माध्यमबाट राणा विरोधी अभियानमा भने लागेकै थिए । यी विविध कारणहरूले गर्दा १९९७ साल कार्तिक दुई गतेका दिन उनको घरमा खानतलासी गरियो र उनका घरबाट चार बोरा कागजपत्र र प्राचीन हस्तलिखित सामग्री सहित उनलाई सिंहदरबार चलान गरियो । त्रियासी दिनपछि १९९७ माघ ८ गते सिद्धिचरण श्रेष्ठ लगायत त्यहाँ थुनामा परेकाहरूलाई कैद र सजाय यस्तो सुनाइएको थियो ।[२३]

| | | |
|---|---|---|
| श्री शुक्रराज | - | अंश सर्वश्व, ज्यान । |
| श्री टङ्कप्रसाद | - | अंश सर्वश्व, मुडी, दामल । |
| श्री रामहरि | - | अंश सर्वश्व, मुडी, दामल । |
| श्री दशरथ चन्द | - | अंश सर्वश्व, ज्यान । |
| श्री धर्मभक्त | - | अंश सर्वश्व, ज्यान । |
| श्री गङ्गालाल | - | अंश सर्वश्व, ज्यान । |
| श्री पूर्णनारायण | - | अंश सर्वश्व, ज्यान । |
| सिद्धिचरण | - | अंश सर्वश्व, १८ वर्ष कैद । |

[२३] सिद्धिचरण श्रेष्ठ, "सहिद गङ्गालाल", ***सिद्धिचरणका जेल संस्मरण,*** (सम्पाः सरुभक्त), (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२), पृ. ५० ।

सिद्धिचरण श्रेष्ठ जेलमा रहँदा २००१ सालमा बाबुको देहावसान भयो । उनलाई बाबुको काजक्रिया गर्न समेत छुट्टी दिइएन । उनको सिर्जनशीलता भने जेलभित्र पनि कायमै रह्यो । उनले बाबुको सम्झनामा २००१ सालमा 'तपर्ण' शीर्षकको कविता रचे । उर्वशीको पहिलो खण्ड र 'ज्यानमारा शैल' खण्डकाव्य पनि जेल जीवनकै उपज हुन् । सिद्धिचरणको प्रयास र प्रेरणाको फलस्वरूप जेलमा एउटा साहित्यिक मण्डली बन्यो जसमा चित्तधर 'हृदय', धर्मरत्न यमी, केदारमान व्यथित, हरिकृष्ण श्रेष्ठ आदि थिए ।[२४] अठार वर्षको जेल सजाय सुनाइए तापनि उनी २००२ सालमा पाँच वर्षपछि जुद्ध शमशेरको आदेश अनुसार जेलमुक्त भए ।

## १.८ सामाजिक तथा राजनीतिक संलग्नता

सिद्धिचरण श्रेष्ठको सामाजिक संलग्नता व्यापक रहेको छ । विभिन्न सङ्घसंस्थामा रही उनले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदान विशिष्ट ठहर्दछ । उनले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा नेपालको राजनीतिमा पुऱ्याएको योगदान पनि उल्लेख्य नै छ ।

सिद्धिचरण श्रेष्ठ १९९० सालदेखि सामाजिक कार्यमा अग्रसर रहे । १९९० सालको महाभूकम्पले देशमा ठूलो जनधनको क्षति पुऱ्याएपछि भूकम्प पीडित जनताहरूलाई राहत दिने उद्देश्यले यसै साल 'भूकम्प पीडितोद्धार समिति' नामक संस्थाको स्थापना भयो । त्यस संस्थामा उनी स्वयम्सेवक भएर कार्य गरे । कार्य कुशलताका कारण उनी र उनका साथी शेषराज दलीले तक्मा पनि पाए । राहतका लागि छुट्याइएको रकम सरकारी कर्मचारीहरूले असुल्न थालेपछि उनी समितिबाट बाहिरिए ।[२५] यस प्रकार उनी यस संस्थामा लामो समयसम्म रहेनन् । तर उनी आजीवन सामाजिक कार्यमा भने संलग्न रही नै रहे । उनले गैह्र नेपाली शान्ति समिति, नेपाल लेखक सङ्घ, सहिद स्मारक समिति, जनकला केन्द्र, नेपाली शिक्षा परिषद्, त्रिभुवन स्मारक समिति, भानु मा.वि. सञ्चालक समिति जस्ता सङ्घ संस्था र समितिको अध्यक्ष रहेर कार्य गरे । उनले नेपाल चीन मैत्री सङ्घ, नेपाल कोरिया मैत्री सङ्घ, प्रधान नाट्य मण्डल, नेपाल भाषा परिषद्, मदन पुरस्कार गुठी, काठमाडौं २३ नं. टोल सुधार मिति, नेपाल प्रज्ञा प्रतिष्ठान (पहिलो सदस्य र पछि आजीवन सदस्य), झपट

---

[२४] उषा ठाकुर, ***युवकवि सिद्धिचरण श्रेष्ठकी काव्यसाधना,*** (काठमाडौं : भारतीय राजदूतावास, २०६८), पृ. ६ ।

[२५] शम्भुप्रसाद कोराला, ***विद्रोह के कवि सिद्धिचरण श्रेष्ठ और गोपाल सिंह नेपाली,*** पूर्ववत्, पृ. १७-१८ ।

पुरस्कार समिति, युवा वर्ष मोती पुरस्कार समिति, लेखनाथ अभिनन्दन समिति लगायतका सङ्घसंस्था र समितिमा रहेर पनि सामाजिक उन्नयनमा योगदान गरे ।

सिद्धिचरण श्रेष्ठको राजनीतिक पाटो हेर्दा कहिले क्रान्तिकारी र कहिले पलायनवादी ठहर्दछ । उनी प्रत्यक्ष भन्दा अप्रत्यक्ष रूपमा राजनीतिक क्रियाकलापमा संलग्न छन् । उनका केही रचनाहरूमा तत्कालीन शासकहरूप्रति विद्रोह गरिएको छ भने केही रचनाहरूमा शासकहरूको स्तुति पनि प्रकटित छ । राणा विरोधी राजनीतिक क्रियाकलापको अभियोगमा १९९७ सालमा उनी जेल परे । उनी राजनीतिक व्यक्तिहरूका प्रेरक पनि हुन् । उनी सहिद गङ्गालाल र गणेशमान सिंहका प्रेरक व्यक्तित्वका रूपमा रहेको तथ्य पनि उल्लेख्य छ । सिद्धिचरण श्रेष्ठले 'सहिद गङ्गालाल' शीर्षकको लेखमा गङ्गालाल सिद्धिचरणको 'चम्क युवक' शीर्षकको कविताबाट अभिप्रेरित रहेको तथ्य अगि सारेका छन् । उक्त कविताको केही अंश यस प्रकार छ :

चम्क युवक चम्क न चम्क
छाती फुकाई लम्क न लम्क ।

यस कविताले गङ्गालालको क्रान्तिकारी मानसिकतामा अरू ऊर्जा थपिदियो । गङ्गालाल र सिद्धिचरण नजिकका दुई मित्र थिए । गङ्गालाल प्रत्यक्ष रूपमा क्रान्तिमा होमिए भने सिद्धिचरण साहित्यका माध्यमबाट क्रान्तिकारी गतिविधि प्रस्तुत गरे । गणेशमान सिंहले सिद्धिचरण श्रेष्ठको 'कारागारका सम्झना' (२०५२) नामक पुस्तकको भूमिका लेख्ने क्रममा सिद्धिचरण आफ्नो राजनीतिक जीवनको कठिन परिस्थितिमा मार्गदर्शक र प्रेरक रहेको तथ्य उजागर गरेका छन् । जस्तै -

"मेरो राजनीतिक जीवनको कठिन परिस्थितिमा उहाँ नै मेरो मार्गदर्शक र प्रेरक हुनु भयो । मेरो राजनीतिक जीवनमा गणेशमानलाई गणेशमान बनाउने कार्यमा उहाँको अद्वितीय र अविस्मरणीय योगदान छ । कारागारको जीवनयात्रामा उहाँले मलाई निरुत्साह र पराजित मानसिकताबाट जोगाइ एउटा नयाँ जीवनदान दिनु भएको मेरो मनमस्तिष्कमा अझै पनि ताजै छ । यसरी नेपालको राजनीतिक इतिहासको प्रारम्भमै आफ्नो कवित्व शक्तिको माध्यमद्वारा क्रान्तिचेतना भर्ने र क्रान्तिकै प्रेरणाले उकास्ने कविका रूपमा

नेपालको राजनीतिक र साहित्यिक इतिहासमा सिद्धिचरण एउटा सिङ्गो अध्याय हुनुहुन्छ ।"[२६]

सिद्धिचरण श्रेष्ठ २०२८ सालमा राजसभा स्थायी समितिका सदस्य पनि भएका थिए ।

## १.९ पत्रकारिता

नेपाली पत्रकारिताका क्षेत्रमा सिद्धिचरण श्रेष्ठले पुऱ्याएको योगदान पनि चर्चायोग्य छ । उनले खबर पत्रिका र साहित्यिक पत्रिका गरी दुबै क्षेत्रमा योगदान पुऱ्याएका छन् । उनले २००७ सालपछि प्रकाशित पहिलो दैनिक खबर पत्रिका 'आवाज' (२००८) का प्रधान सम्पादक भई स्तरीय र विश्वसनीय पत्रकारिताको विकासमा विशेष योगदान गरे । उनी गोरखापत्रका सहकारी सम्पादक पनि भएका थिए । उनी १९९१ सालदेखि प्रकाशनमा आएको 'शारदा' साहित्यिक मासिक पत्रिकामा पनि संलग्न रहे । त्यस पत्रिकामा सुरुदेखि सम्पादन सहयोगीका रूपमा रहेका श्रेष्ठलाई मृत्युपछि चारैतिरबाट सम्पादक भनेको पाइए तापनि उनी सम्पादक चाहिँ भएका थिएनन् ।[२७] उनी २०१७ सालमा 'कविता' पत्रिकाको प्रथम प्रधान सम्पादक भएका थिए । यो पत्रिका नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित पत्रिका हो । यसले हालसम्म पनि निरन्तरता पाएको छ । उनी 'रत्नश्री' पत्रिकाको सम्पादन मण्डलका अध्यक्ष र 'नेपाली आवाज' पत्रिकाका प्रमुख सल्लाहकार थिए । उनको पत्रकारिता क्षेत्रको संलग्नता हेर्दा यस क्षेत्रमा उनले पुऱ्याएको योगदान विशिष्ट ठहर्दछ ।

## १.१० देश विदेश भ्रमण

सिद्धिचरण श्रेष्ठले स्वदेशका अधिकांश जिल्लाको भ्रमण गरेका थिए । उनले भारत, चीन, श्रीलङ्का, रुस, बर्मा, कोरिया, डेनमार्क, मङ्गोलिया, फिनल्यान्ड, अफगानिस्तान आदि विदेशी मुलुकहरूको भ्रमण गरेका थिए । उनी २०१३ सालमा दिल्लीमा आयोजित एसियाली लेखक सङ्घको सभामा नेपाली कविहरूको नेतृत्वकर्ताका रूपमा भाग लिएका थिए भने यसै साल श्रीलङ्कामा सम्पन्न विश्वशान्ति सम्मेलनमा पनि उनी नेपालका तर्फबाट प्रतिनिधि थिए । उनी २०१४ सालमा रुसमा र २०२३ सालमा फिनल्यान्डमा आयोजित युवा महोत्सव

---

[२६] गणेशमान सिंह "राष्ट्रिय जीवनको संरचनामा युगकवि सिद्धिचरण श्रेष्ठ", ***कारागारका सम्झना,*** (ले. सिद्धिचरण श्रेष्ठ), (काठमाडौँ: चारु श्रेष्ठ, २०५२), पृ. ख ।

[२७] शिव रेग्मी, "कवि सिद्धिचरणको शारदामा योगदान", ***राष्ट्रभाषा,*** २ : २, २०४९, पृ. ३२ ।

तथा शान्ति सम्मेलनमा पनि नेपाली टोलीको नेतृत्व गरी भाग लिएका थिए । सन् १९६६ मा उनले अफ्रो एसियाली लेखक सम्मेलनमा भाग लिने क्रममा छिमेकी राष्ट्र चीनको भ्रमण गरेका थिए ।

## १.११ मान सम्मान र सम्झना प्रसङ्ग

सिद्धिचरण श्रेष्ठ नेपाल भाषा र नेपाली भाषा साहित्यका एक ओजस्वी प्रतिभा हुन् । नेपाल भाषा उनको मातृभाषा र नेपाली विमातृभाषा हो । उनले दुवै भाषा साहित्यमा उत्तिकै योगदान गरे । उनी नेपाल भाषा साहित्यमा कविरत्नका रूपमा प्रसिद्ध छन् । नेपाल भाषा साहित्य सम्बन्धी प्रमुख संस्था च्वसा पासाले नेपाल संवत् १०७६ (वि.सं. २०१३) मा उनलाई कविरत्न उपाधिबाट सम्मान गऱ्यो ।[२८] सिद्धिचरण श्रेष्ठ नेपाली साहित्यमा युग कविका रूपमा विख्यात छन् । उनका कविता काव्यहरूमा युगीन आवाज प्रस्ट रूपमा भेटिने भएकाले जनस्तरबाट उनलाई युगकवि उपाधि दिइएको छ ।

सिद्धिचरण श्रेष्ठले भूकम्प पीडितोद्धार समितिमा असल कार्य गरे वापत भूकम्प तक्मा प्राप्त गरेको चर्चा यस अगि नै गरिएको छ । उनलाई त्रिभुवन पुरस्कार (२०२७), रत्नश्री स्वर्ण पदक (२०३१), पृथ्वी प्रज्ञा पुरस्कार (२०४५) र वेदनिधि पुरस्कार (२०४६) बाट पनि सम्मान गरिएको थियो । उनले गोरखा दक्षिण वाहु र त्रिशक्तिपट्ट पनि प्राप्त गरेका थिए । २०४८ सालमा युगकवि सिद्धिचरण प्रतिष्ठान र २०४९ सालमा सिद्धिचरण स्मृति गुठीको स्थापना गरी उनको योगदानलाई संस्थागत गरिएको छ । उनको नाउँबाट युगकवि सिद्धिचरण पुरस्कारको स्थापना गरिएको छ । नेपाल सरकारले २०५० सालमा उनको तस्विर अङ्कित हुलाक टिकटको प्रकाशन गरी उनीप्रति सम्मान प्रकट गऱ्यो । उनका नामबाट स्कुल, कलेज, विहार, सडक, राजमार्ग आदिको नामकरण गरिएको छ । उनका प्रतिमाहरूको स्थापना गरी उनको योगदानलाई अमर तुल्याइएको छ । उनको सम्झनामा पत्रपत्रिकाहरूले विशेषाङ्क तथा लेखहरू प्रकाशन गरेका छन् । २०६८ जेठ २०६९ जेठसम्म उनको शतवार्षिकी समारोहको आयोजना गरियो । हरेक वर्ष देशभित्र र देश बाहिर उनको जन्म जयन्ती मनाउने गरिन्छ ।

---

[२८] कैलाश भण्डारी, ***युगकवि सिद्धिचरणसँग दिन साँझ रात विहान,*** (काठमाडौं : सुगन्ध पुस्तकालय, २०४५), पृ. १३५ ।

## १.१२ जीवनीका प्रमुख पक्षहरू

सिद्धिचरण श्रेष्ठको जीवनका प्रमुख पक्षहरू हुन् : (क) साहित्यिक स्रष्टा व्यक्तित्व, (ख) समालोचक व्यक्तित्व, (ग) सामाजिक-राजनीतिक व्यक्तित्व र (घ) पत्रकार व्यक्तित्व ।

सिद्धिचरण श्रेष्ठ नेपाल र नेपाली भाषाका एक प्रतिभाशाली साहित्यिक स्रष्टा व्यक्तित्व हुन् । उनले दुवै भाषा साहित्यमा कविता, आख्यान, नाटक र निबन्ध गरी चारवटै विधामा कलम चलाएका छन् । उनले नेपालीमा ६०० जति फुटकर कविता रचना गरेका छन् । नेपालीमा हालसम्म उनका सातवटा कविता सङ्ग्रह प्रकाशित छन् । ती हुन् - 'कोपिला' (२०२१), 'मेरो प्रतिबिम्ब' (२०२१), 'कुहिरो र घाम' (२०४५), 'सिद्धिचरणका प्रतिनिधि कविता' (२०४५), 'बाँचिरहेको आवाज' (२०४६), 'तिरमिरे तारा' (२०४६) र 'झिलिमिली जूनकीरी' (२०५९) । उनले नेपाली भाषामा पन्ध्रवटा खण्डकाव्य रचना गरेका छन् । ती हुन् - 'जुवा', 'जूनकीरी', 'विश्वव्था', 'उर्वशी', 'ज्यानमारा शैल', 'शवरी', 'आँसु', 'कान्तिमती', 'युद्ध र शान्ति', 'मङ्गलमान', 'भीमसेन थापा', 'नेपाल', 'आत्मबिलौना' र 'देवघाट' । उनका नेपालीमा 'सिद्धिचरणका जेल संस्मरण', 'कारागारका सम्झना' र 'शैक्षिक क्रान्तिका अग्रदूत चिनियाँ दाइ' गरी तीनवटा संस्मरणात्मक ग्रन्थहरू पनि प्रकाशित छन् । उनका नेपाल भाषामा 'सीस्वाँ', 'फुस्वाँ', 'सिद्धिचरणया ग्वयस्वाँ', र 'मूस्वाँ' गरी चारवटा कविता सङ्ग्रह र 'लुभुनी', 'तृष्णा', र 'उत्तराविलाप' गरी तीनवटा खण्डकाव्य प्रकाशित छन् । 'उर्वशी' खण्डकाव्यलाई नेपाल भाषामा पनि अनुवाद गरिएको छ । उनका नेपालीमा 'किचकन्य', 'प्रतिसिंहा' आदि कथाहरू प्रकाशित छन् । उनको नेपाल भाषामा 'नारी हृदय' नामक कथासङ्ग्रह प्रकाशित छ । उनका नेपाली भाषामा 'चोर', 'बालिबध' आदि नाट्यकृतिहरू प्रकाशित छन् । उनका नेपाल भाषामा 'मतिनाया खोलय दशरथ', 'लीलावतीया छेयँ सिद्धिदास' आदि नाट्यकृतिहरू प्रकाशित छन् । उनका नेपालीमा 'नेपालमा धार्मिक सहिष्णुता', 'राममाया च्यामिनी' आदि निबन्धहरू प्रकाशित छन् । उनको नेपाल भाषामा 'सिद्धिचरणया निबन्ध' (२०४९) निबन्ध सङ्ग्रह प्रकाशित छ । उनको नेपाल भाषामा 'वाखं व निबन्ध' नामक कथा र निबन्ध सङ्ग्रह पनि प्रकाशित छ ।

सिद्धिचरण श्रेष्ठको जीवनीको अर्को प्रमुख पक्ष समालोचक व्यक्तित्व हो । उनले नेपाली र नेपाल भाषाका थुप्रै ग्रन्थहरूमा भूमिका लेखेका छन् । उनको नेपाल भाषामा 'सिद्धिचरणया द्यः माः' (२०५३) भूमिका सङ्ग्रह प्रकाशित छ । यसका सम्पादक फणीन्द्ररत्न

वज्राचार्य हुन् । उनका 'भ्तीगु भाषाय् भ्ती कवि हृदय', 'सुगत सौरभया स्वंगू सर्ग', 'प्रेमः कविताया प्राण', 'बाखंचात गय् जुइ माः ?' लगायत थुप्रै समालोचनात्मक लेखहरू प्रकाशित छन् । उनका केही रचनाहरू अभै अप्रकाशित छन् भने केही पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

सिद्धिचरण श्रेष्ठको जीवनीका अन्य प्रमुख दुई पक्षहरू सामाजिक-राजनीतिक व्यक्तित्व र पत्रकार व्यक्तित्वका बारेमा २.८ र २.९ मा चर्चा गरिसकिएको छ ।

## १.१३ देहावसान

सिद्धिचरण श्रेष्ठको देहावसान २०४९ साल जेठ २२ गते ८० वर्ष १४ दिनको उमेरमा बिहान सात बजे श्वासप्रश्वास तथा मुटु सम्बन्धी व्यथाको प्रकोपबाट त्रि.वि. शिक्षण अस्पताल महाराजगन्ज काठमाडौंमा भएको थियो । उनको पार्थिव शरीरको दाहसंस्कार हिन्दू परम्परा अनुसार पशुपति आर्यघाटमा विशाल जनसमूहका बीच सम्मानपूर्वक सम्पन्न गरिएको थियो ।

## १.१४ निष्कर्ष

सिद्धिचरण श्रेष्ठ (वि.सं. १९६९-२०४९) नेपाल र नेपाली भाषाका एक ओजस्वी प्रतिभा हुन् । उनले दुवै भाषा साहित्यमा पुऱ्याएको योगदान बहुमूल्य छ । उनले साहित्यका चारै विधा (कविता, आख्यान, नाटक र निबन्ध) मा कलम चलाए तापनि उनको उल्लेख्य योगदान भने कविता विधामा रहेको छ । उनले दुवैतिर फुटकर कविता र खण्डकाव्यका क्षेत्रमा पुऱ्याएको योगदान उल्लेख्य छ । उनले नेपाल भाषामा 'अभिमन्यु बन्ध' र नेपालीमा 'रामायण' महाकाव्य रचना गर्ने प्रयास गरे तापनि यो कार्य पूरा हुन सकेन । उनको कवित्वको प्रस्फुटन बिन्दु १९८४ साल हो । यसै साल रचिएको 'सन्ध्या' शीर्षकको कविता उनको रचना कालका आधारमा प्रथम कविता हो । उनको कवित्वको सार्वजनिक प्रकाशन १९९१ सालमा भएको हो । १९९१ साल वैशाख ४ गतेको गोरखापत्रमा प्रकाशित 'भूकम्प पीडितोद्धारक ऋण संस्था' उनको प्रथम प्रकाशित कविता हो । उनले नेपाल भाषामा रचेको प्रथम कविता 'तकुस्वाँ' (१९८७) हो । उनका नेपाल भाषामा सर्वप्रथम प्रकाशनमा आएका कविताहरू 'राष्ट्रिय गान', 'गंग खुसी' र 'वर्षा' हुन् । यी कविताहरू १९९५ सालमा प्रकाशित 'नेपाली विहार' नामक पुस्तकमा छापिएका हुन् । उनी आधुनिक नेपाली कविताको

स्वच्छन्दतावादी काव्यधाराका प्रवर्तक मध्येका एक हुन् । उनी १९९१ साल मङ्सिर ८ गतेको गोरखापत्रमा 'साहित्यिक नेपाल' शीर्षकको कविता प्रकाशन गरी नेपाली स्वच्छन्दतावादी काव्यधाराको प्रवर्तनमा सक्रिय रहेका हुन् । उनका जीवनीका प्रमुख चार पक्षहरू छन्- साहित्यिक स्रष्टा व्यक्तित्व, समालोचक व्यक्तित्व, सामाजिक राजनीतिक व्यक्तित्व र पत्रकार व्यक्तित्व । यी चार पक्षमध्ये साहित्यिक स्रष्टा व्यक्तित्व नै उनको जीवनीको सर्वप्रमुख पक्ष हो ।

# परिच्छेद तीन

# अलङ्कार सिद्धान्त

## ३.१ अलङ्कारको परम्परा

अलङ्कारको परम्परा केलाउने हो भने ऋग्वेदसम्म पुग्न सकिन्छ । ऋग्वेदमा उपमा, अनुप्रास, यमक, व्यतिरेक, अतिशयोक्ति जस्ता अलङ्कारको प्रयोग भएको पाइन्छ । यसैगरी सामवेद, अथर्ववेद, यजुर्वेद, ब्राह्मण, उपनिषद्, रामायण, महाभारत जस्ता ग्रन्थहरुमा पनि यसको प्रयोग प्रशस्तै भएको पाइन्छ । यसो भए तापनि यसको सैद्धान्तिक चर्चा भएको पहिलो ग्रन्थ चाहिँ भरको नाट्यशास्त्र हो । ऋग्वेदमा 'अरंकृत', 'अरकृति' जस्ता शब्दहरु अलङ्कारका तात्पर्यमा प्रयोग भएको पाइन्छ । यसो भए तापनि ऋग्वेदबाट अलङ्कार चिन्तनको थजालनी भएको कुरालाई भने स्वीकार गरिन्न । यस प्रकार भरतबाट नै अलङ्कार चिन्तन परम्पराको थालनी भएको हो भन्ने स्वीकार गर्नुपर्ने हुन्छ । भरत पूर्वका केही आचार्यहरुले अलङ्कार बारे चर्चा गरेको जानकारी पाइए तापनि उनीहरुका त्यस्ता कुनै लक्षण ग्रन्थ उपलब्ध छैनन् ।

भरतपछि संस्कृत, काव्यशास्त्री भागहले यसलाई काव्यको सर्वोच्च सौन्दर्यका रुपमा चर्चा गरेका छन् । त्यसैले भामहलाई अलङ्कार सिद्धान्तका पहिलो संस्थापक आचार्य मानिन्छ । भामहपछि दण्डीले यसलाई काव्यको शोभाकरक तत्वका रुपमा चिनाएका छन् । यसपछि उद्भट, राष्ट्र, जयदेव, अप्येय, दीक्षित, रुप्पक आदिले यसबारे चर्चा गरे ।

## ३.२ अलङ्कारको तात्पर्य र परिभाषा

'अलम्' पूर्व 'कृ' धातुमा भावका अर्थमा (घत्र) अथवा 'अ' प्रत्यय लागेर अलङ्कार शब्दको निर्माण हुन्छ । अलमको अर्थ भूषण वा भूषण गर्ने वस्तु भन्ने हुन्छ । यो काव्यको शोभाकारक तत्व हो । यसलाई मूलतः दुई किसिमले अथ्याइएको पाइन्छ । "अलङ्कृति अलङ्कार" भन्ने एउटा मान्यता छ भने "अलङ्क्रियते अनेन इति असौ

अलङ्कार”  भन्ने अकॊ मान्यता छ । अलङ्कारवादी आचार्यहरु अलङ्कारलाई काव्यको आत्मा मान्दछन् । अलङ्कार सिद्धान्तका प्रवर्तक आचार्य भामहले वाणीको चमत्कारपूर्ण प्रयोगलाई अलङ्कारका रुपमा चिनाएका छन् (पौडेल, २०५७ : ७१) । शब्दार्थको यस्तो प्रयोग कौशलपूर्ण हुनुपर्छ । अलङ्कारवादीहरुका अनुसार यसको अभावमा काव्य बन्न सक्तैन । केही विश्लेषणहरु अलङ्कारलाई शरीरमा लगाउने गहना जस्तो ऐच्छिक वस्तु मान्दछन् । भामले अलङ्कारलाई काव्यको प्रमुख अंग मानेका छन् ।

दण्डीले अलङ्कारलाई काव्य शोभाकारक धर्मका रुपमा चनाएका छन् । भामहले जस्तै दण्डीले पनि अलङ्कारलाई काव्यको समष्टि सौन्दर्यका रुपमा चिनँएका छन् । उद्‌घट् र रुद्रटले पनि यसलाई सर्वौपरि महत्व दिएका छन् । जयदेवले ताप शक्ति रहित आगोको कल्पना गर्न नसकिए झैं अलङ्कार रहित काव्यको कल्पना गर्न नसकिने ठहऱ्याएका छन् ।

### ३.३ अलङ्कारको वर्गीकरण

सर्वप्रथम अलङ्कार बारे चर्चा गर्ने भरतले उपमा, रुपक, यमक र दीपक गरी अलङ्कारका चार भेदको चर्चा गरेका छन् । त्यसपछि भट्टिकाव्यमा ३८ भेद, भामहले ३८ भेद, दण्डीले ३५ भेद, वामनले ३२ भेद, उद्‌भटले ४१ भेद, रुद्रटले  ५० भेद, भोजले ७२ भेद, मम्मटले ६९ भेद, जयदेवते १०० भेद, विश्वनाथले ८९ भेद, रुप्यकले ८५ भेद, अप्पेय दीक्षितले ११५ भेद र जगन्नाथले ७० भेदको चर्चा गरेको पाइन्छ ( पौडेल, २०५७: ७३) ।

अलङ्कारको वर्गीकरणका सन्दर्भमा उद्‌भट, रुद्रट र सप्यकको वर्गीकरणलाई महत्वका साथ हेरिएको छ । उद्‌भटले प्रथम वर्ग, द्वितीय, पञ्चम वर्ग र षष्ट वर्ग गरी अलङ्कारलाई छ भेदमा वर्गीकरण गरेका छन् । रुद्रटले वास्तव वर्ग (परिकर, दीपक आदि), औपम्य वर्ग (उपमा, रुपक, आदि), अतिशय वर्ग/विषय, विरोध आदि) र श्लेषण वर्ग (ब्याज, वक्र, अधिक आदि) गरी अलङ्कारलाई चार वर्गमा विभाजन गरेका छन् ।

आचार्य रुप्यकले १. सादृश्यगर्भमूलक (उपमा स्मरण आदि), विरोधगर्भमूलक ( विचित्र अधिक आदि), शृङ्खलाबन्धेमूलक (कारणमाला, एकावली आदि) र न्यायमूलक ( काव्य लिङ्ग, अनुमान आदि) गरी अलङ्कारका प्रमुख चार भेद देखाएका छन् ।

यी विविध वर्गीकरणका आधारमा साधारण तथा अलङ्कारलाई शब्दालंकार र अर्थालंकार गरी दुई वर्गमा विभाजन गर्ने परम्परा बढी प्रचलित छ ।

(क) शब्दालंकार : शब्दको आश्रय लिएर अथवा शब्दका माध्यमबाट काप्य सौन्दर्य झल्किएमा शब्दालंकार हुन्छ । यस अन्तर्गत अनुप्रास, यमक, श्लेष आदि अलङ्कार पर्दछन् ।

(ख) अर्लालंकार : अर्थका माध्यमबाट काव्य सौन्दर्य झल्किएमा अर्थालंकार हुन्छ । अतिशयोक्ति, भाविक, अर्थान्तरन्यास, विषम, रुपमक लगायत अर्थालंकारको संख्या विविध रहेको छ ।

(क) अतिशयोक्ति : विषयको अतिसयष वर्णन गरिएमा अतिशयोक्ति अलङ्कार हुन्छ ।

(ख) भाविक : भूत भावी पक्षका वर्णन भएमा भाविाचक अलङ्कार हुन्छ ।

(ग) अर्थान्तरन्यास : सामान्य वा विशेष एउटा कथनलाई सामान्य वा विशेष अर्को कथनले समर्थन गर्ने अलङ्कारलाई अर्थान्ख्तरन्यास अलङ्कार भनिन्छ ।

(घ) विषम : कार्य र कारण अमिल्दो देखाएमा तथा कार्य प्रतिकूल भएको देखाइएमा विषम अलङ्कार हुन्छ ।

(ङ) रुपक : उपमेयमा उपमानका अभेद आरोप गरिएमा तथा यिनमा अभेद देखाइएमा रुपक अलङ्कार हुन्छ ।

## ३.४ निष्कर्ष

अलङ्कार काव्यको शोभाकारक तत्व हो । यसको परमपरा केलाउने हो भने ऋग्वेदसम्म पुग्नुपर्ने हुन्छ । यसको सैद्धान्तिक पक्षका बारेमा भने सर्वप्रथम भरतले चर्चा गरेका हुन् । अलङ्कार सिद्धान्तका प्रवर्तक भने भावह छन् । अलङ्कार सिद्धान्तका प्रवर्तक भने भामह छन् । यसलाई विविध आधारमा वर्गीकरण गरिए तापनि शब्दालंकार र अर्थालंकार गरी यसका प्रमुख दुई भेद छन् ।

# परिच्छेद चार

# सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले पन्ध्र वर्षको उमेरदेखि कविता रचना गर्न थालेको पाइयो । १९८४ सालमा रचना गरिएको 'सन्ध्या' शीर्षकको कविताबाट उनको कवितायात्रा प्रारम्भ भएको थियो । सिद्धिचरण श्रेष्ठको कविता यात्रा १९८४ सालदेखि प्रारम्भ हुन्छ । १९८४ सालमा रचिएको 'सन्ध्या' शीर्षकको कविताबाट उनको कविता यात्रा प्रारम्भ हुन्छ । उनी १९९१ सालदेखि कविका रूपमा सार्वजनिक भएका हुन् । १९९१ साले वैशाख ४ गते गतेको गोरखा पत्रमा प्रकाशित 'भूकम्प पीडितोद्वारक ऋण संस्था उनको प्रथम प्रकाशित कविता हो । उनको खण्डकाव्यकारिता १९८७ सालदेखि प्रारम्भ हुन्छ । १९८७ सालमा रचित 'जुवा' लघुतर कोषात्मक खण्डकाव्यबाट उनको खण्डकाव्ययात्रा प्रारम्भ हुन्छ । यो यात्रा २०४२ सालमा रचना कार्य पूरा भएको 'भीमसेन थापा' खण्डकाव्यसँगै टुङ्गिन्छ । यस प्रकार उनको खण्डकाव्ययात्रा करिब ५६ वर्ष लामो छ । खण्डकाव्यको रचना काल र खण्डकाव्यात्मक मूल प्रवृतिलाई आधार माने हेर्दा उनको खण्डकाव्ययात्राका चार चरण देखा पर्दछन् । ती हुन् : प्रथम चरण (वि.सं. १९८७-१९९६), दोस्रो चरण (वि.सं.१९९७ -२०१७), तेस्रो चरण (वि.सं. २०१८-२०२१) र चौथो चरण (वि.सं. २०२२-२०४२) । उनले पहिलो चरणमा 'जुवा' 'जूनकीरी' र 'विश्वव्यथा', दोस्रो चरणमा 'उर्वशी', 'ज्यानमारा शैल' 'कान्तिमती', 'शवरी', 'आँसु' र 'युद्ध' र 'शान्ति' तेस्रो चरणमा 'मङ्गलमान' र 'मूल बाटो' र चौथो चरणमा 'भीमसेन थापा', र 'नेपाल' 'आत्माबिलौना' र 'देवघाट' गरी प्रन्ध्रवटा खण्डकाव्य रचना गरेका छन् ।

# परिच्छेद चार

# सिद्धिचरण श्रेष्ठका खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले पन्ध्र वर्षको उमेरदेखि कविता रचना गर्न थालेको पाइयो । १९८४ सालमा रचना गरिएको 'सन्ध्या' शीर्षकको कविताबाट उनको कवितायात्रा प्रारम्भ भएको थियो । सिद्धिचरण श्रेष्ठको कविता यात्रा १९८४ सालदेखि प्रारम्भ हुन्छ । १९८४ सालमा रचिएको 'सन्ध्या' शीर्षकको कविताबाट उनको कविता यात्रा प्रारम्भ हुन्छ । उनी १९९१ सालदेखि कविका रूपमा सार्वजनिक भएका हुन् । १९९१ साले वैशाख ४ गते गतेको गोरखा पत्रमा प्रकाशित 'भूकम्प पीडितोद्वारक ऋण संस्था उनको प्रथम प्रकाशित कविता हो । उनको खण्डकाव्यकारिता १९८७ सालदेखि प्रारम्भ हुन्छ । १९८७ सालमा रचित 'जुवा' लघुतर कोषात्मक खण्डकाव्यबाट उनको खण्डकाव्ययात्रा प्रारम्भ हुन्छ । यो यात्रा २०४२ सालमा रचना कार्य पूरा भएको 'भीमसेन थापा' खण्डकाव्यसँगै टुङ्गिन्छ । यस प्रकार उनको खण्डकाव्ययात्रा करिब ५६ वर्ष लामो छ । खण्डकाव्यको रचना काल र खण्डकाव्यात्मक मूल प्रवृतिलाई आधार माने हेर्दा उनको खण्डकाव्ययात्राका चार चरण देखा पर्दछन् । ती हुन् : प्रथम चरण (वि.सं. १९८७-१९९६), दोस्रो चरण (वि.सं.१९९७ -२०१७), तेस्रो चरण (वि.सं. २०१८-२०२१) र चौथो चरण (वि.सं. २०२२-२०४२) । उनले पहिलो चरणमा 'जुवा' 'जूनकीरी' र 'विश्वव्यथा', दोस्रो चरणमा 'उर्वशी', 'ज्यानमारा शैल' 'कान्तिमती', 'शवरी', 'आँसु' र 'युद्ध' र 'शान्ति' तेस्रो चरणमा 'मङ्गलमान' र 'मूल बाटो' र चौथो चरणमा 'भीमसेन थापा', र 'नेपाल' 'आत्माबिलौना' र 'देवघाट' गरी प्रन्ध्रवटा खण्डकाव्य रचना गरेका छन् ।

## ४.१.' जुवा' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'जुवा' खण्डकाव्यको खण्डकाव्यको प्रकाशन २०२१ सलामा भएको हो । यो खण्डकाव्यकृति २०२१ सालमा प्रकाशित 'कोपिला' कविता सङ्ग्रहमा सङ्गृहीत छ । यो खण्डकाव्य सिद्धिचरण श्रेष्ठले अठार वर्षको उमेरमा रचेको खण्डकाव्य हो । यस खण्डकाव्य लेखनको मूल प्रेरणा स्रोत तत्कालीन सामाजिक परिवेश र आभिजात्य संस्कृति हो । तत्कालीन शासकहरूका विलासी प्रवृत्तिहरूमधये जुवा खेल्नु पनि एक हो । यसैका प्रभावले गर्दा यसले समाजमा जरो गाड्दै गयो र क्यासिनो जस्ता जुवाघरहरूले समेत कानुनी मान्यता पाउन थाले । यस्तो कुसंस्कारको अन्त हुनुपर्छ भन्ने कवि स्वयम्को

अन्तर्चेतनाबाट समेत प्रेरित रही कवि श्रेष्ठले 'जुवा' खण्डकाव्यको रचना गरेको ठहर्दछ । यो कोषकाव्य ढाँचाको रचना भएकाले कवि संस्कृत र नेपाली कोषकाव्य परम्पराबाट प्रभावित छन् । यस खण्डकाव्यमा नेपाली मध्यकालीन औपदेशिकता र स्वच्छन्दतावादी काव्यप्रवृत्तिको पनि प्रभाव परेको छ । यस खण्डकाव्यको विषयवस्तु कविकल्पनाका साथै मानव समाज र महाभारतको समेत सन्दर्भ जोडिएको छ । यसर्थ यस खण्डकाव्यको विषयवस्तुगत स्रोत मिश्र हो ।

यस खण्डकाव्यको शीर्षक 'जुवा' राखिएको छ । यसले नेपालीमा सामान्यतया दुई प्रकारको अर्थ दिन्छ । एउटा अर्थ गोरु नार्दा प्रयोग गरिने तेस्रो काठ हुन्छ भने अर्को अर्थ चाहिँ कौडा, पासा, तास आदि हुन्छ । यस खण्डकाव्यमा कौडा, पासा, तास आदि अर्थमा जुवा शब्द प्रयोग गरिएको छ । यस खण्डकाव्यमा कवि श्रेष्ठले जुवालाई महारिपुका रूपमा चिनाएका छन् । उनले यो एउटा कुखेल र कुसंस्कार भएकाले यसको तिलाञ्जलि गरिनुपर्ने विचार अभिव्यक्त गरेका छन् । जुवा खेलेकै कारण नृप समेत कङ्गाल र दास बनेका तथा पाण्डवहरूको विचल्ली विच भएको उदाहरण दिँदै यसलाई तिलाञ्जलि दिई देश विकास र मानवताका लागि अघि बढ्नुपर्ने सल्लाह किवले दिएका छन् । यस खण्डकाव्यको समग्र विषयवस्तु जुवाकै वर्णनमा सीमिते छ । यसलाई वर्जित गरी समाजलाई अग्रगामी दिशामा लैजानुपर्ने सन्देश यस खण्डकाव्यमा भेटिन्छ । यस प्रकार शीर्षक र विषयवस्तुबीच तालमेल रहेकाले यस खण्डकाव्यको शीर्षक 'जुवा' सार्थक छ ।

यो खण्डकाव्य शास्त्रीय वसन्ततलितका छन्दमा रचित वद्धलयात्मक खण्डकाव्य हो । अन्त्यानुप्रासीयताको सहज प्रयोगले लय श्रुतिरम्य बनेको छ । त अन्त्यानुप्रास योजना त्यति माझिएको छैन । छन्द मिलाउनका लागि क्रोधादि, लोभादि जस्ता शब्दको विकृत प्रयोग पनि गरिएको छ । छन्द मिलाउने क्रममा शब्द प्रयोगमा केही व्याकरणिक नियमको उल्लङ्घन पनि गरिएकापे छ । आवृत्तिको प्रयोगले लय सिर्जना गरेको छ । यति भङ्गको स्थितिले लय योजना त्यति प्रभावकारी बन्न सकेको छैन । कतै कतै आंशिक रूपमा आद्यानुप्रास, मद्यानप्रास र अन्त्यानुप्रास याजनाले लय प्रभावकारी बनेको छ । समग्रमा लय योजनामा केही गुण र केही दोष रहेकाले लयका आधारमा यो खण्डकाव्यको मध्यमस्तरको रहेको छ ।

### ४.१.१ ‘जुवा’ खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङकार भनेको शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्नुलाई बुझिन्छ । शब्दालङकार प्रायः समध्वनि वर्णहरुको आवृति, अनुप्रास अलङ्कारमा हुन्छ, असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुपासमा हुन्छ र दुई अर्थ दिने शब्दहरुको एकपटक मात्र प्रयोग श्लेषमा हुन्छ । यस प्रकार शब्दको उपस्थितिमा रहनु र उसै अर्थको अन्य शब्दको प्रयोग गरिएमा हटाउनु शब्दालङकारको प्रकृति हो ।

**अन्त्यानुप्रास**

पाउको आधा र पाउको अन्त्यमा उस्तै वर्ण तथा अक्षरको अत्यमा आवृति भएमा अन्त्यानुप्रास हुन्छ ।

सर्वश्व हर्ष भनि गर्जि जुवा कुखेल

पाए त हर्न पनि छर्छ जुवा नखेल

(पूर्ववत् श्लोक १७)

यहाँ पक्तिको अन्तमा अख आएका नखेल र कुखेल शब्दले अत्यानुप्रासको सिर्जना गरेका छन् ।

**श्लेष**

: यस्ले तुल्पाईकन यो मन लोभ पात्र

जोगी तुल्याउँदा दिइकन कष्ट मात्र

माथि प्रयोग भएको पात्र शब्दले लोभी मान्छेलाई पनि जनाएको छ भने यसले लोभको भाँडो लोभी मन आदि अर्थ जनाएकाले श्लेष अलङ्कारको सिर्जना भएको छ ।

**वृत्यानुप्रास** :

हा.बनी वियोग सवार बन्नु

हा हा हरे नृप भईकन दास बन्नु

'ह' वर्णको अनेक पल्टको आवृत्तिले यस उदाहरणमा वृत्याउनुप्रास अलङ्कारको सिर्जना भएको छ ।

### ४.१.२. 'जुवा' खण्डकाव्यमा अर्थालङ्कार

यस खण्डकाव्यमा मानव समाज, संस्कृति, दर्शन, साहित्यिक कृति, नीतिशास्त्र, प्रकृति आदि विविध क्षेत्रबाट बिम्ब ग्रहण गरिएको छ । यस खण्डकाव्यको शीर्षक 'जुवा' स्वयम् एक बिम्ब एवम् एक कुखेलको प्रतीक हो । जुवालाई कविले महारिपुको प्रतीकका रूपमा पनि चिनाएका छन् । आलङ्कारिक बिम्ब योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा स्वभावोक्ति, उपमा, दृष्टान्त, परिकर, सङ्कर जस्ता अर्थालङ्कारहरूको प्रयोग भएको पाइन्छ । जस्तै-

अर्थान्तरन्यास - खेलेर लाभ कति छैन जुवा कुखेल

तस्मात् अवश्य प्रिय वर्ग जुवा नखेल

(***पूर्ववत्,*** श्लोक १)

यस उदाहरणमा पहिलो पङ्क्तिको भावलाई दोस्रो पङ्क्तिले पूर्णता दिएकोले अर्थान्तरन्यास अलङ्कारको उपस्थिति छ ।

पूर्णोपमा - वेश्यासरी बुझ जुवा पनि वर्जनीय

यो दुष्ट हो प्रिय सखे अति सोचनीय

(***पूर्ववत्,*** श्लोक ४)

यस उदाहरणमा जुवालाई वेश्यासँग तुलना गरिएको छ । यसमा 'वेश्या' उपमान 'जूवा' उपमेय 'सरी वाचक' र 'वर्जनीय' धर्म गरी चारै पक्ष रहेकाले पूर्णोपमा अलङ्कारको उपस्थिति छ ।

दृष्टान्त - जस्तै झिकेर जल खाडल हुन्न खोलो

खेली जुवा जन हुँदैन कुनै गतिलो

(***पूर्ववत्,*** श्लोक ८)

यस उदाहरणमा उपमेय वाक्य र उपमान वाक्यको साधारण धर्मको चित्रण भएकाले दृष्टान्त अलङ्कारको उपस्थिति छ ।

परिकर - क्रोधी र निर्बल अनि धनको भिखारी

हुन्छन् अशक्त अति प्रायः सबै जुवारी

(*पूर्ववत्,* श्लोक ९)

विशेषणहरूको प्रयोगले काव्यसौन्दर्य झल्किएकाले यस उदाहरणमा परिकर अलङ्कारको उपस्थिति छ ।

सङ्कर - आफ्नै खुब प्रियतमा मनमोहकारी

ती द्रौपदीकन गराई अनर्थ भारी

ज्ञानी पराक्रमी प्रतिष्ठित पाण्डवादि

जोगी समान हुनु हो यसकै प्रणाली

(*पूर्ववत्,* श्लोक २०)

परिकर, विषम, रूपक आदि अलङ्कारहरूको मिश्रित प्रयोग भएकाले यस उदाहरणमा सङ्कर अलङ्कारको उपस्थिति छ ।

यस खण्डकाव्यमा स्वभावोक्ति, उपमा, दृष्टान्त, परिकर लगायतका अर्थालङ्कारको उपयोग भएको छ । यो रस प्रधान अभिव्यक्ति छ । यस खण्डकाव्यमा कविणिबद्धप्रौढोक्तिसिद्ध ध्वनिका साथै अन्य प्रमुख तीन ध्वनिहरूको पनि उपयोग भएकै छ । यो खण्डकाव्य एक्काइस श्लोकमा संरचित कृशतर खण्डकाव्य हो । चौध अक्षरको वसन्ततिलका छन्द यसको चौडाइ हो । सामाजिक कुसंस्कार अर्थात् कुखेल जुवाको तिलाञ्जलि गरिनुपर्छ भन्ने विचार यसको गहिराइ हो । माधुर्य गुण र वैदर्भी रीतिको बहुलता तथा ओज गुण र गौडी रीतिको न्यूनता यस खण्डकाव्यको भाषाशैलीगत पहिचान हो । मानक आयामा ग्रहण गर्न नसकेकाले गुणस्तर मापनका आधारमा हेर्दा यो खण्डकाव्य तृतीय श्रेणीमा पर्दछ ।

## ४.१.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'जुवा' खण्डकाव्य १९८७ सालमा रचना गरेका हुन् । यस खण्डकाव्यकृति २०२१ सालमा प्रकाशित भएको हो । यस खण्डकाव्य लेखनको मूल प्रेरणा स्रोत सामाजिक कुसंस्कार अर्थात् एउटा कुखेल जुवाको तिलाञ्जलि गरिनुपर्छ भन्ने कवि स्वयम्को अन्तर्चेतना हो । यस खण्डकाव्यमा अर्थान्तरन्यास, उपमा, दृष्टान्त, परिकर लगायतका अर्थालङ्कारको उपयोग भएको छ । यो रस प्रधान अभिव्यक्ति छ । यस खण्डकाव्यमा कविनिबद्धप्रौढोक्तिसिद्ध ध्वनिका साथै अन्य प्रमुख तीन ध्वनिहरूको पनि उपयोग भएकै छ । यो खण्डकाव्य एक्काइस श्लोकमा संरचित कृशतर खण्डकाव्य हो ।

चौध अक्षरको वसन्ततिलका छन्द यसको चौडाइ हो । सामाजिक कुसंस्कार अर्थात् कुखेल जुवाको तिलाञ्जलि गरिनुपर्छ भन्ने विचार यसको गहिराइ हो । माधुर्य गुण र वैदर्भी रीतिको बहुलता तथा ओज गुण र गौडी रीतिको न्यूनता यस खण्डकाव्यको भाषाशैलीगत पहिचान हो ।

## ४.२ 'जूनकीरी ' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'जूनकीरी' खण्डकाव्यको रचना १९९५ सालमा गरेका हुन् । यस खण्डकाव्यका २३ श्लोक १९९७ साल वैशाख महिनाको शारदामा प्रकाशित भएको पाइन्छ । यसका ५२ श्लोक 'कविता' (३,२ः २०२३) पत्रिकामा प्रकाशित भएका छन् । पुस्तकाकार कृतिका रूपमा यो खण्डकाव्य २०५९ सालमा प्रकाशनमा आएको हो । यो खण्डकाव्य सिद्धिचरण श्रेष्ठको स्वच्छन्दतावादी कवित्वको निरन्तरता हो । यसमा प्राकृतिक जीवनशैलीप्रतिको आकर्षण भेटिन्छ । यसमा मूलतः तामाङ जातिको जीवनशैलीबाट कविले उत्प्रेरणा ग्रहण गरेका छन् । यस खण्डकाव्यको रचनामा कवि पाश्चात्य स्वच्छन्दतावादी काव्यप्रवृत्तिका साथै समाजमा व्याप्त जातीय प्रथाले मानव समाजमा पारेका असरबाट प्रेरित र प्रभावित छन् । यसमा एकातिर जातीय प्रथाले प्रेममा समेत कस्तो बाधा पुऱ्याउँदछ भन्ने तथ्यलाई मार्मिक पाराले व्यक्त गरिएको छ भने अर्कातिर पवित्र प्रेम कस्तो हुन्छ भन्ने नमुना पनि प्रस्तुत गरिएको छ । यस खण्डकाव्य रचनामा  कवि बौद्ध दर्शनबाट पनि प्रेरित र प्रभावित छन् । यस खण्डकाव्यमा अन्तर्जातीय विवाहको सन्दर्भ छ । यसमा कवि स्वयम्‌को व्यक्तित्वको पनि प्रभाव परेको छ । उनले छोरी शान्ता र साहिँलो छोरा अरुणको अन्तर्जातीय विवाह गरिदिएका थिए ।

यस खण्डकाव्यको शीर्षक 'जूनकीरी' शीर्षक प्रमुख स्त्री पात्रका नामबाट राखिएको छ । यसमा पात्र नाम प्रधान शीर्षक राख्ने प्रवृत्ति भेटिन्छ । जूनकीरी रणवीर लामाकी छोरी हो । सुरुदेखि अन्तसम्म उसको भूमिका सशक्त छ । खण्डकाव्यको कथावस्तु पनि उसकै केन्द्रीयतामा अगि बढेको छ । उसको बाबु रणवीर लामा लगायत उसका आफन्तले जुरसँग जात नमिल्ने भएको हर्केसँग बिहे गरिदिने समेत तयारी गर्दा उसले मानेकी छैन । यति मात्र होइन । यस प्रकार एक दृढ, साहसी र आदर्श नेपाली नारीका रूपमा जूनकीरीको भूमिका कृतिव्यापी रहेकाले यस खण्डकाव्यको शीर्षक 'जूनकीरी' सार्थक छ ।

## ४.२.१ जूनकीरी ' खण्डकाव्यमा शब्दालङ्कार

यस खण्डकाव्यमा अन्त्यानुप्राश, श्लेष, वृत्यानुप्राश आदि शब्दालङ्कारको उपयोग भएको छ । जस्तैः

**अत्यानुप्रास**

जस्तै होस् प्रकृति नूतन स्वच्छ ताजा जन्माउँदै सरस भाव र स्नेह साजा पंक्तिको अन्तमा उस्तै शब्द वर्णको वा अक्षरको आवृत्तिले काव्य चमत्कार सिर्जना गरेका अत्यानुप्रास अलङ्कार हुन्छ ।

यो भेटमा छ कति मार्मिक दिव्य दान

यो भेटमा छ कति स्वर्गिक पीर्ति मान ।

(पूर्ववत : पृ.८)

**वृत्यानुप्रास** :

यौटै छ गाउँ, दुईटै जन बस्नुपर्ने

यौटै छ ठाउँ, दुईटै जन पुग्नुपर्ने

यौटै छ सिन्धु, दुईटै जन तर्नुपर्ने

यौटै छ चाल, जुन चल्नुपर्ने ।

एक वा अनेक वर्णको अनेक पल्टको आवृत्तिले वृत्यानुप्रास अलङ्कार हुन्छ । यहाँ अनेक वर्णको अनेक पल्ट आवृत्ति रहेको छ ।

## ४.२.२. जूनकीरी ' खण्डकाव्यमा अर्थालङ्कार

'जूनकीरी' शास्त्रीय वर्णमात्रिक वसन्ततिलका छन्दमा रचित बद्धलयात्मक खण्डकाव्य हो । यसका प्रायः दुई पङ्क्तिमा अन्त्यानुप्रास मिलाइएको छ । यसले छन्द योजनामा सङ्गीतात्मकता सिर्जना गरेको छ । ध्वन्यावृत्ति र पदावृत्तिले लय श्रुतिमधुर बनेको छ । एउटै श्लोकमा आद्यानुप्रास, मध्यानुप्रास, र अन्त्यानुप्रास योजना भेटिन्छ ।

अतिशयोक्ति – यो शान्त बैठकमहाँ झलमल्ल खुल्ने

ती फूल हुन् कि टुकडा शशिबाट झर्ने

या स्वर्गका प्रिय परीहरूले पिएका

प्याला फुटेर छताछुल्ल यहाँ भएका ।

(*पूर्ववत्,* पृ. ४)

विषयको अतिशय वर्णनले यस उदाहरणमा अतिशयोक्ति अलङ्कारको प्रयोग छ ।

विषम – यस्तै गरी पिरतीको पिङमा मचेर

बढ्थे दुवै 'मिलन लक्ष्य' पुगौँ भनेर

हा किन्तु एक दिन ढुल्मुलिँदै गरे ती

बाधा कठोरतम आपतमा परे ती ।

(*पूर्ववत्,* पृ. १०)

अनुकूल परिस्थिति प्रतिकूल परिस्थितिमा बदलिएकाले यस उदाहरणमा विषम अलङ्कारको प्रयोग छ ।

विरोध – ढल्की रहेछ रथ पश्चिमतर्फ जान

डोरी यतातिर छ जब्बर पूर्व तान्न

जोर्जामको लहर चल्छ यता बिहेको

छन् ढल्किँदी जूनकीरी हुन ती 'जुरे' को ।

(*पूर्ववत्,* पृ. १४)

दुई विपरीत भागको प्रयोगले यस उदाहरणमा विरोध अलङ्कारको उपस्थिति छ ।

रसवत् – यौटा सुशान्त जग सिर्जन भैरहेछ

त्याहीँ दुई हृदयपात सुकी रहेछ ।

(*पूर्ववत्,* पृ. १८)

यहाँ शान्त रस करुण रसको अङ्ग बनी रसवत् अलङ्कारको सिर्जना भएको छ ।

लोकोक्ति – यस्तै छ जीवन यहाँ मन ताक्छ मूढा

त्यो बन्चरो अरु कतैतिर ताक्छ घुँडा

(*पूर्ववत्,* पृ. ४१)

यहाँ नेपाली उखानको प्रयोगले लोकोक्ति अलङ्कारको सिर्जना भएको छ ।

सार – मेल भो यतातिर जुरे र जुरी दुवैको
थ्यो क्लेश-कष्ट अघि जो त्यसलाई बिर्सी
दोटै मिलेर नवसिर्जन गर्न थाल्छन्
यौटै बनीकन अँधेर दुवै विनास्छन् ।

(*पूर्ववत्,* पृ. ५७)

जुर र जनूकीरीको प्रेमकथा उत्कर्षमा पुगी सफलता हासिल गरेको सन्दर्भले यस उदाहरणमा सार अलङ्कारको सिर्जना भएको छ ।

भाविक – यो हो कथा विगतबाट सुनी कहेको
यो हो व्यथा मनुजभित्र गढी रहेको
अर्पन्छु आज म त भूत भविष्य सारा
ताजा गराउन रसामृत काव्यधारा ।

(*पूर्ववत्,* पृ. ६०)

भूत भावी पक्षको वर्णनले यस उदाहरणमा भाविक अलङ्कारको उपस्थिति छ ।

यस खण्डकाव्यमा पूर्वस्मृति, अपशकुन र प्रकृतिको मानवीकरण गर्ने शिल्प सौन्दर्यको पनि उपयोग भएको छ । यसले बिम्बालङ्कार योजनालाई प्रभावकारी तुल्याएको छ ।

## ४.२.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'जूनकीरी' खण्डकाव्यको रचना १९९५ सालमा गरेका हुन् । यो कृति पुस्तकाकार रूपमा २०५९ सालमा प्रकाशनमा आएको हो । यस खण्डकाव्य रचनामा जातीय विभेदबाट हाम्रो समाज मुक्त हुनुपर्छ भन्ने मान्यताबाट कवि प्रेरित छन् । यसमा पाश्चात्य स्वच्छदतावादी काव्यप्रवृत्ति र कवि स्वयम्को जातीय विभेदको अन्त हुनुपर्छ भन्ने मानसिकताको प्रभाव परेको छ । यस खण्डकाव्यमा अतिशयोक्ति, विरोध, विषम लगायतका

अर्थालङ्कारको प्रयोग  गरिएको छ । शृङ्गार रस प्रमुख रस र रौद्र, करुण, अद्भूत, बीभत्स जस्ता आदि रसहरू सहायक रस हुन् । यस खण्डकाव्यमा मानवीय आत्मिक प्रेम ध्वनित छ । यसमा ३२० श्लोक रहेका छन् । यस आधारमा यो मानक खण्डकाव्य ठहर्दछ । जातीय बन्धनबाट हाम्रो समाज मुक्त हुनुपर्छ भन्ने विचार यसमा मुखरित भएको छ । वैदर्भी रीति र माधुर्य गुण यस खण्डकाव्यको भाषाशैलीगत पहिचान हो । जनतयिताको विद्रोह गरिएकाले यस खण्डकाव्यमा प्रगतिशी विचारको उपयोग भएको छ । यसको शिल्पकारितातर्फ दृष्टि दिँदा आख्यान योजना प्रभावकारी रहे तापनि सर्गयोजना भने असन्तुलित छ ।

## ४.३ 'विश्वव्यथा' शोककाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'विश्वव्यथा' शोककाव्यको रचना १९९६ सालमा गरेका हुन् । यसको केही अंश १९९६ र १९९७ साल (शारदा) मा प्रकाशित  भएको पाइन्छ । यसको धेरैजसो अंश १९९७ सालमा कविको घरमा खानतलासी लिइँदा हिनामिना भएको जानकारी प्राप्त छ । हाल यस शोककाव्यका आठ अनुच्छेद मात्र जीवित छन् । यी आठ अनुच्छेदको पङ्क्ति सङ्ख्या १०७ रहेको छ । यसको मूल विषय शोक भए तापनि यसमा विद्रोह चेत पनि समावेश भएको छ । यस शोककाव्यको शीर्षक विश्वव्यथा राखिएको छ । यो कविका पुत्र विश्वचरणको निधनको शोकमा रचिएको भए तापनि यसमा वैयक्तिक शोक मात्र नभै विश्वजनीन पीडालाई समेत उजागर गरिएको छ । यस प्रकार शीर्षक सार्थक छ । यसमा न्याय, साङ्ख्य र मीमांसा दर्शनको प्रभाव परेको छ । यसमा कवि उक्तिको प्रयोग गरी विषय वर्णन गरिएको छ भने पूर्वस्मृति र संस्मरणात्मक ढाँचाको पनि उपयोग गरिएकै छ । जीवनजगत्का विविध क्षेत्रबाट बिम्ब ग्रहण गरिएको यस शोककाव्यमा परिकर, रूपक, अतिशयोक्ति, स्मृति अर्थान्तरन्यास आदि अर्थालङ्कारको उपयोग भएको छ । यस शोककाव्यमा करुण प्रमुख रस र रौद्र, वीर आदि सहायक रस रहेका छन् । यसमा कविनिबद्धप्रौढोक्तिसिद्ध ध्वनिका साथै अन्य प्रमुख तीन ध्वनिहरूको उपयोग भएको छ । हाल यस शोककाव्यका आठ अनुच्छेद (१०७ पङ्क्ति) रहेका छन् । उनन्तीस मात्राको मात्रिक छन्द चौडाइगत आयाम भएको यस शोककाव्यले पीडा साधनाको विशिष्टता झल्काउँछ । यो यसको गहिराइ हो । पीडाबोध र क्रान्तिधर्मी विचारको पनि उपयोग गरिएको यस शोककाव्यको भाषाशैली मूलतः वैदर्भी रीति र प्रसाद गुण र अंशतः गौडी रीति र ओज

गुणबाट प्रभावित छ । यो शोककाव्य काव्यांश मात्र भएकाले यसको गुणस्तर मापन गर्नु औचित्यपूर्ण ठहरिँदैन ।

### ४.३.१ 'विश्वव्यथा' शोककाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । शब्दको उपस्थितिमा रहनु र उसै अर्थको अन्य शब्दको प्रयोग गरिएमा  हटाउनु शब्दालङ्कारको प्रकृति हो । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ । जस्तै :

जस्तै :

अन्त्यानुप्राश,

लोचन लाम्चो, वदन हँसिलो, शूचि, कोमल, कान्त कलिलो

मेरो बाबा, मेरो राजा, घरभरिको गीत सरिलो ।

(विश्वबव्यथा, अनुछेच्द दुई )

दुबै पङ्क्तिको अन्तमा आएका 'कलिलो' र 'सुरिलो' शब्दको प्रयोगले काव्य सौन्दर्य झल्किएकाले यहाँ अन्त्यानुप्रास अलङ्कारको सिर्जना भएको छ ।

वृत्पानप्रासः एक पव अनेक वर्णको अनेक पल्ट आवृति भएमा वृत्यानुप्रास अलङ्कार हुन्छ ।

वृत्यानप्रास

त्यो हिसि, त्यो मुख, त्यो हलुकापन, त्यो रसमय चलचक चाला ।

(विश्वबव्यथा, अनुछेच्द एक )

श्लोकः

त्यही दन्द्रमा सुमिई सुमिई गाएको यो विश्वव्याथा साँचेको छु यसरी लेखी, यै हो यसको पूर्ण कथा ।

यहाँ 'विश्वव्यथा' शब्दले कविका पुत्र विश्ववचरणको निधनबाट उत्पन्न व्यथा भन्ने एउटा अर्थ जनाएको छ भने अर्को अर्थ मृत्युबाट उत्पन्न शोक विश्वभरको व्यथा हो भन्ने अर्थ जनाएको छ ।

(पूर्ववत, अनुच्छेद ८)

माथि उल्लेखित पंक्तिमा एक पाउको अक्षर अर्को पाउको अन्तिम अक्षरका साथ मिलेको छ । औँ र रौँ मा, यो अक्षर मिलेको छ भने अर्को पंक्तिको अन्तिम अक्षर औँ पनि मिलेको छ ।

## ४.३.२ 'विश्वव्यथा' शोककाव्यमा अर्थालङ्कार

यस शोककाव्यमा प्रकृति, नक्षत्र मण्डल, ग्रह, मानव जीवन, समाज, संस्कृति आदि विविध क्षेत्रबाट बिम्ब ग्रहण गरिएको छ । प्रतीकात्मक रूपमा यस शोककाव्यमा मान्छेको निधन एक सार्वभौम सत्य भएको तथ्यलाई अघि सारिएको छ । तर सानै उमेरमा पुत्रको निधनले कवि शोकाकुल बनेका छन् । यस शोककाव्यमा चुनरीलाई मानव जीवनको प्रतीकका रूपमा चित्रण गरिएको छ । कविका अनुसार यसका दुई छेउले जन्म र मृत्युलाई सङ्केत गर्दछन् । भैरव बन्दै नरमुण्ड लगाएर नाच्ने र सबै मिलेर हडताल गर्ने पक्षको चित्रणले विधिको विधान र तत्कालीन शामन्ती शासन प्रणालीका विरुद्धको आवाज मुखरित भएको छ । अलङ्करण योजना सर्वेक्षण गर्दा यस शोककाव्यमा परिकर, रूपक, अतिशयोक्ति, स्मृति, अर्थान्तरन्यास जस्ता अर्थालङ्कारको उपयोग भएको पाइन्छ जस्तै -

रूपक - सङ्कल्पहरूबाट रुझेको जीवन हो यौटा चुनरी

जन्म मृत्युले दुई छेउ लिइ छन्, सुकाइरहेका उभिई ।

(***पूर्ववत्,*** अनुच्छेद ६)

जीवन र चुनरीका बीच अभेदमूलक अरोप गरिएकाले यस उदाहरणमा रूपक अलङ्कारको प्रयोग छ ।

अतिशयोक्ति - पीडित दिनले बमन गरेको रविलाई हेरिरहेछु

कालो धन झैँ भड्की भड्की यताउता दौडिरहेछु

(***पूर्ववत्,*** अनुच्छेद ७)

विषयको अतिशय वर्णनका कारण यस उदाहरणमा अतिशयोक्ति अलङ्कारको प्रयोग छ ।

स्मरण- अलिअलि गर्दै दिनले हा-यो साँझ खुल्यो जग आँगनमा

भित्र छिपेको विश्वव्यथाको आँच उठ्यो मानसतलमा ।

(***पूर्ववत्,*** अनुच्छेद ८)

साँझ परेको देखेर मृत पुत्रको स्मरण गरिएकाले यस उदाहरणमा स्मरण अलङ्कारको प्रयोग छ ।

अर्थान्तरन्यास - आज नखाऔँ, नसुतौँ आओ सब मिली हड्ताल मचाऔँ

कसरी चल्ला विधिको सृष्टि लौ त्यसको पाइन हेरौँ ।

(***पूर्ववत्,*** अनुच्छेद ८)

यहाँ पहिलो पङ्क्तिको भावलाई दोस्रो पङ्क्तिले पूर्णता दिएकाले अर्थान्तरन्यास अलङ्कारको सिजर्ना भएको छ ।

## ४.३.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'विश्वव्यथा' शोककाव्यको रचना १९९६ सालमा गरेका हुन् । यसको केही अंश १९९६ र १९९७ साल (शारदा) मा प्रकाशित भएको पाइन्छ । यसको धेरैजसो अंश १९९७ सालमा कविको घरमा खानतलासी लिइँदा हिनामिना भएको जानकारी प्राप्त छ । हाल यस शोककाव्यका आठ अनुच्छेद मात्र जीवित छन् । यी आठ अनुच्छेदको पङ्क्ति सङ्ख्या १०७ रहेको छ । यसमा कवि उक्तिको प्रयोग गरी विषय वर्णन गरिएको छ भने पूर्वस्मृति र संस्मरणात्मक ढाँचाको पनि उपयोग गरिएकै छ । जीवनजगत्का विविध क्षेत्रबाट बिम्ब ग्रहण गरिएको यस शोककाव्यमा परिकर, रूपक, अतिशयोक्ति, स्मृति अर्थान्तरन्यास आदि अर्थालङ्कारको उपयोग भएको छ । यस शोककाव्यमा करुण प्रमुख रस र रौद्र, वीर आदि सहायक रस रहेका छन्

## ४.४ 'उर्वशी' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'उर्वशी' खण्डकाव्यको पहिलो खण्डको रचना १९९७ सालमा गरेका हुन् । यसको उपसंहार खण्डको रचना २०१७ सालमा भएको हो । यो कृति सर्वप्रथम

यसै साल प्रकाशित भएको हो । यो खण्डकाव्य लेखनको प्रमुख प्रेरणा स्रोत सर्वस्वहरण सहित उनलाई तोकिएको अठार वर्षको जेल सजाय हो । यस खण्डकाव्यमा कविको क्रान्तिकारी वैचारिक चिन्तन र कविको बुढ्यौलीको समेत प्रभाव परेको छ । यसमा महाभारतको कथावस्तुलाई मौलिकताका साथ प्रस्तुत गरिएको छ । यसर्थ यस खण्डकाव्यको विषयवस्तुगत स्रोत मिश्र हो । यस खण्डकाव्यको शीर्षक 'उर्वशी' राखिएको छ । उर्वशी यस खण्डकाव्यकी प्रमुख स्त्री पात्र हो र सुरुदेखि अन्तसम्म उर्वशीको भूमिका सशक्त रहेकाले शीर्षक सार्थक छ । यो शास्त्रीय मात्रिक छन्दमा रचित बद्धलयात्मक खण्डकाव्य हो । यो आख्यात्मक खण्डकाव्य हो र आख्यान संरचना अलि कमजोर रहेको छ । यो खण्डकाव्य दुई सर्गमा विभक्त छ । यसमा योग दर्शनको प्रभाव परेको छ । उक्तिविविधता यस खण्डकाव्यको उक्तिगत पहिचान हो । यस खण्डकाव्यमा प्रकृति, समाज, संस्कृति, मानव मन आदि विविध क्षेत्रबाट बिम्ब ग्रहण गरिएको छ र अलङ्कार योजना स्वाभाविक रहेको छ । यस खण्डकाव्यमा कुनै एक रस प्रमुख र अन्य रस सहायक हुने व्यवस्था छैन ।

यस खण्डकाव्यको पहिलो खण्डमा त्याग र दोस्रो खण्डमा निष्काम कर्मयोग ध्वनित छ । लमाइगत आयाम हेर्दा यस खण्डकाव्यका २७७ श्लोक छन् । १२ र १६ मात्राको मात्रिक छन्द यसको चौडाइगत आयाम हो । यस खण्डकाव्यको पहिलो खण्डमा वैचारिक चिन्तन प्रबल रहे तापनि दोस्रो खण्डमा वैचारिक कमजोर रहेको छ । यो यसको गहिराइगत आयाम पनि हो । यस खण्डकाव्यमा मूलतः वैदर्भी रीति र माधुर्य गुणयुक्त भाषाशैलीको उपयोग भएको छ । गुणस्तर मापनका आधारमा हेर्दा यो खण्डकाव्य द्वितीय श्रेणीमा पर्दछ । यो खण्डकाव्यले मानक आयाम ग्रहण गरेको छ । यसको पहिलो खण्डमा वैचारिक पक्ष प्रभावकारी रहे तापनि दोस्रो खण्डमा वैचारिक चिन्तन विचलित छ । यसको शिल्पकारितामा बढी कसुर छ । आख्यान पुष्ट छैन र सर्गयोजना पनि अत्यन्त असन्तुलित छ

यस खण्डकाव्यमा प्रकृति, मानव मन, समाज, संस्कृति, दर्शन आदि विविध क्षेत्रबाट बिम्बालङ्कारको आयोजना गरिएको छ । यसमा अलौकिक र लौकिक गरी दुवै परिवेशबाट बिम्ब ग्रहण गरिएको छ । प्रमुख पात्र अर्जुनलाई त्यागको प्रतीक र उर्वशीलाई भोगको प्रतीकका रूपमा उभ्याइएको छ । यी दुवै पात्र पौराणिक मिथकीय प्रतीक पनि हुन् ।

### ४.४.१ 'उर्वशी' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । शब्दको उपस्थितिमा रहनु र उसै अर्थको अन्य शब्दको प्रयोग गरिएमा  हटाउनु शब्दालङ्कारको प्रकृति हो । यस खण्डकाव्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ । जस्तै :

अन्त्यानुप्रासः

तरुण र तरुर्ण भुज बन्धनमा
कसिने सुमधुर भेला ।

(पूर्वत् पृ. १४ )

दुबै पङ्क्तिको अन्तमा 'आ' वर्णको आवृत्तिले  यहाँ अन्त्यानुप्रास अलङ्कारको सिर्जना भएको छ ।

**वीप्साः**

कति कति, नुर अनि यज्ञ
विजय गऱ्यौ हे अर्नुन

(पूर्वत् पृ. ७८ )

प्रशंसाः आदर, घृण, शोक, हर्ष आदि भावको प्रभावोत्पादक बनाउनका लागि सक्दो आवृति भएमा वीप्सा अलङ्कार हुन्छ । माथिको उदारणमा अर्जुनको आदर तथा प्रशंसाका क्रममा कति शब्दको आवृतिले काव्य सान्दय झल्किएकाले यहाँ वीप्सा अलङ्कारको सिर्जना भएको छ ।

वृत्यानप्रासः

केही हैनन्, केही हैनन्
तिमि धव्य पराक्रम ।

माथिको उदारणमा अनेक वर्णको आवृत्तिले वृत्यानुप्रासको सिर्जना भएको छ ।

## ४.४.२ 'उर्वशी' खण्डकाव्यमा अर्थालङ्कार

यस खण्डकाव्यमा कतै कतै नेपाली उखान तथा टुक्काको कवितात्मक सूक्तिमय अभिव्यक्ति पनि भेटिन्छ । यसले बिम्बालङ्कार योजनालाई प्रभावकारी तुल्याएको छ । आलङ्कारिक बिम्बयोजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा अतिशयोक्ति, भाविक, उत्प्रेक्षा, उपमा, दृष्टान्त, विषम, उदात्त जस्ता अर्थालङ्कारको प्रयोग भएको पाइन्छ । जस्तै–

अतिशयोक्ति - अति रूपवती वरुणकुमारी

खेलिरहँदा जलमा

(*पूर्ववत्,* पृ. १७)

उर्वशीको सौन्दर्यको अतिशय वर्णनका कारण यस उदाहरणमा अतिशयोक्ति अलङ्कारको प्रयोग छ ।

उत्प्रेक्षा - बादल ओढी चन्द्र समान अर्जुन छन् डसनामा

मानौँ अमृत पौरख प्याला पस्केको थलियामा ।

(*पूर्ववत्,* पृ. ३३)

अर्जुनलाई प्रस्तुत गरी उनलाई बादल ओढेको चन्द्रसमान भएको अप्रस्तुत सन्दर्भको कल्पनाले यस उदाहरणमा उत्प्रेक्षा अलङ्कारको प्रयोग छ ।

उपमा - जोवन यो स्थिर छैन

कोमल पत्रको पानी झैँ यो

साथ सधैँ रहँदैन ।

(*पूर्ववत्,* पृ. ५७)

उपमेय जोवनलाई उपमान कोमल पत्रको पानीसँग तुलना गरिएकाले यस उदाहरणमा उपमा अलङ्कारको प्रयोग छ ।

विषम - प्राप्ति फुलेका तिम्रा दिनसँग

तिम्रो यो अप्राप्ति

(*पूर्ववत्,* पृ. ६९)

उर्वशीको जीवनमा पहिले अनुकूल र पछि प्रतिकूल परिस्थितिको सिर्जना भएको देखाइएकाले यहाँ विषम अलङ्कारको उपस्थिति छ ।

उदात्त - अर्जुन तिम्रो विजय कहान

अन्तरपटमा टाँसी

जीवनपथमा म बढुँला अगि

मत्त उदासी मासी ।

(*पूर्ववत्,* पृ. ६८)

वीर अर्जुनको विजय कहानी वर्णनीय विषय भएकाले यहाँ उदात्त अलङ्कारको प्रयोग छ ।

### ४.४.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'उर्वशी' खण्डकाव्यको पहिलो खण्डको रचना १९९७ सालमा गरेका हुन् । यसको उपसंहार खण्डको रचना २०१७ सालमा भएको हो । यो कृति सर्वप्रथम यसै साल प्रकाशित भएको हो । यो खण्डकाव्य लेखनको प्रमुख प्रेरणा स्रोत सर्वस्वहरण सहित उनलाई तोकिएको अठार वर्षको जेल सजाय हो । यस खण्डकाव्यमा कविको क्रान्तिकारी वैचारिक चिन्तन र कविको बुढ्यौलीको समेत प्रभाव परेको छ । यस खण्डकाव्यमा प्रकृति, समाज, संस्कृति, मानव मन आदि विविध क्षेत्रबाट बिम्ब ग्रहण गरिएको छ र अलङ्कार योजना स्वाभाविक रहेको छ । यस खण्डकाव्यमा कुनै एक रस प्रमुख र अन्य रस सहायक हुने व्यवस्था छैन । यस खण्डकाव्यको पहिलो खण्डमा त्याग र दोस्रो खण्डमा निष्काम कर्मयोग ध्वनित छ । लमाइगत आयाम हेर्दा यस खण्डकाव्यका २७७ श्लोक छन् । १२ र १६ मात्राको मात्रिक छन्द यसको चौडाइगत आयाम हो । यस खण्डकाव्यको पहिलो खण्डमा वैचारिक चिन्तन प्रबल रहे तापनि दोस्रो खण्डमा वैचारिक कमजोर रहेको छ । यो यसको गहिराइगत आयाम पनि हो

## ४.५ 'आँसु' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'आँसु' खण्डकाव्यको रचना २००४ सालमा गरेका हुन् । यस खण्डकाव्यको सार्वजनिक प्रकाशन २०५० सालमा भएको हो । सामन्तवाद, पुँजीवाद र साम्राज्यवादले मानव समाजमा निम्त्याएको पीडा र यसबाट मुक्तिको चाहना पनि यस

खण्डकाव्य लेखनको उत्प्रेरणा स्रोत हो । यस खण्डकाव्यको रचना गर्ने क्रममा कवि मार्क्सवादी दर्शन, बुद्ध दर्शन र स्वच्छन्दतावादी अश्रुबोधी वैचारिक चिन्तनबाट प्रभावित छन् । यस खण्डकाव्यको विषयवस्तुगत स्रोत मानव समाज हो । यो २००४ साल तिरको नेपाली सामाजिक परिवेशमा रचिएको भए तापनि 'आँसु' खण्डकाव्यले त्यो सीमालाई नाघी सर्वकालीन विश्वको सेरोफेरोमा जनमतलाई अभिव्यक्ति दिने साहस गरेको छ ।[२९] आँसु पीडाको सङ्केत भए तापनि यस खण्डकाव्यमा कविले आँसुलाई पीडा र क्रान्तिको संवाहकका रूपमा चित्रण गरेका छन् । यहाँ आँसुबाट क्रान्ति जन्मने र क्रान्तिबाट शान्ति स्थापना हुने कुरामा जोड दिइएको छ । कविले समाज परिवर्तनका लागि कर्मक्षेत्रमा आउन सबैलाई आग्रह गरेका छन् । यसप्रकार यस खण्डकाव्यको विषयवस्तुगत स्रोत मानव समाज हो । यसमा विविध काल्पनिक सन्दर्भहरू पनि जोडिएका छन् ।

यस खण्डकाव्यमा पक्षी, कीटपतङ्ग, ऋतु (ग्रीष्म, वसन्त, शिशिर आदि), वनस्पति, नक्षत्रमण्डल, दर्शन, भूलोक, परलोक, नदी (कोसी, गण्डकी, सिन्धु आदि), समाज, इतिहास, देवगण (शिव, भूत, मसान), ऋषि गण, आदि विविध क्षेत्रबाट विम्ब ग्रहण गरिएको छ ।

यस खण्डकाव्यको शीर्षक स्वयम् एक प्रतीक हो । यहाँ आँसुलाई वेदनाका साथै क्रान्ति र परिर्वनको प्रतीकका रूपमा चित्रण गरिएको छ । यस सन्दर्भमा कविले आँसुबाटै क्रान्ति जन्मने र क्रान्तिबाट शान्ति स्थापना हुने विचार व्यक्त गरेका छन् । शिवजीको ताण्डव नृत्यको प्रसङ्गले प्रतीकात्मक रूपमा क्रान्तिचेतलाई सङ्केत गर्दछ । कविले बुलबुल चरालाई वेदना सहेर क्रान्ति नगरी चुप लागेर बस्ने व्यक्तिहरूका प्रतीकका रूपमा चित्रण गरेका छन् । कविले तत्कालीन शासन व्यवस्थालाई लुटतन्त्रको प्रतीकका रूपमा चित्रण गरेका छन् । सत्य मानवले जगतको नयाँ आवाद गर्ने प्रसङ्गले प्रतीकात्मक रूपमा समाजवादी- साम्यवादी शासन व्यवस्थालाई सङ्केत गर्दछ ।

### ४.५.१'आँसु' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने

[२९] विश्वनाथ भण्डारी, "सिद्धिचरणको आँसुमा विद्रोही स्वर", *फरक समीक्षा फरक समालोचना,* ( काठमाडौं : बी.एन. पुस्तक संसार, २०६६), पृ. ३४ ।

शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

**जस्तै :**

**अन्त्यानुप्रास :**

देख्दछु प्रत्यक्ष धाप

टेक्नु जसमा घोर पाप

(आँसु, पृ.८)

यहाँ पक्तिको अन्तमा प आएका धाप  र पाप शब्दले अत्यानुप्रासको सिर्जना गरेका छन् ।

वृत्यानुप्रास :

सोध्न जानु सभ्यता रे

सत्य ढाँट्नु भद्रता रे

'रे' वर्णको अनेक पल्टको आवृत्तिले यहाँ वृत्यानुप्रास अलङ्कारको सिर्जना भएको छ ।

## ४.५.२'आँसु' खण्डकाव्यमा अर्थालङ्कार

अलङ्करण योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा विशेषोक्ति, उत्प्रेक्षा, उपमा, रूपक र विरोध जस्ता अर्थालङ्कारको सहज प्रयोग भएको पाइन्छ । जस्तै -

विशेषोक्ति - धर्म पुण्य न्याय सारा

बढ्न नसकी खुम्चँदै छन्

पाप औ अन्याय खालि

हाल आवादी यहाँ छन् ।

(*पूर्ववत्,* पृ. ६)

सामान्य वा लौकिक कथ्यका विपरीत भाव प्रस्तुत गरिएकाले यस उदाहरणमा विशेषोक्ति अलङ्कारको उपस्थिति छ ।

उत्प्रेक्षा - ती किरा गुहुभित्र बस्ने

बस्न गुहुकै भित्र रम्छन्

मुत्र विष्टामा रहेको

त्यै किरा हुँ कि लाग्छ शङ्का ।

(*पूर्ववत्,* पृ. ९)

फोहरमा बस्ने किराको सन्दर्भबाट कविले आफूलाई त्यही किराको कल्पना गरेकाले यहाँ उत्प्रेक्षा अलङ्कारको उपस्थिति छ ।

उपमा - सूर्य झैँ जाज्वल्यमान

झुल्कने मेरो विचार

नगरीकन बाहिर प्रकाश

बस्न मैले हुन्न हुन्न ।

(*पूर्ववत्,* पृ. १२)

कविले आफ्नो विचारलाई सूर्यसँग तुलना गरेकाले यहाँ उपमा अलङ्कारको उपस्थिति छ ।

रूपक - सृष्टिको शृङ्गार हो यो

कामनाको हार हो यो

भावनाको उच्चता सब

हुल्नलाई कलश हो यो ।

(*पूर्ववत्,* पृ. १३)

आँसु र सृष्टिको शृङ्गार, कामनाको हार र कलशका बीच अभेदमूलक आरोप गरिएकाले यहाँ रूपक अलङ्कारको प्रयोग छ ।

विरोध - शान्ति रानी आज तिम्रो

दिव्य दर्शन गर्न खातिर

यो बलिन्द्र आँसु झारी

क्रान्तिको आह्वान गर्छु

(***पूर्ववत्,*** पृ. १८)

शान्तिका लागि त्रान्तिको आवश्यकता पर्छ भन्ने दुई विपरीत भावको प्रयोगले यहाँ विरोध अलङ्कारको उपस्थिति छ ।

### ४.५.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'आँसु' खण्डकाव्यको रचना २००४ सालमा गरेका हुन् । यस खण्डकाव्यको सार्वजनिक प्रकाशन २०५० सालमा भएको हो । सामन्तवाद, पुँजीवाद र साम्राज्यवादले मानव समाजमा निम्त्याएको पीडा र यसबाट मुक्तिको चाहना पनि यस खण्डकाव्य लेखनको उत्प्रेरणा स्रोत हो । अलङ्करण योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा विशेषोक्ति, उत्प्रेक्षा, उपमा, रूपक र विरोध जस्ता अर्थालङ्कारको सहज प्रयोग भएको पाइन्छ ।

## ४.६ 'शवरी' को खण्डकाव्यत्वमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'शवरी' खण्डकाव्यको रचना २००४ सालमा गरेका हुन् । यो उनको अपूर्ण खण्डकाव्य हो । यो खण्डकाव्य सर्वप्रथम २००४ सालको असोज महिनाको 'शारदा' पत्रिकामा प्रकाशित भएको हो । सर्वप्रथम प्रकाशित हुँदा यसका १०८ पङ्क्ति (२७ श्लोक) रहेका छन् । अन्य अंश हराएर नभेटिएको जानकारी प्राप्त छ । यो खण्डकाव्य नारीप्रधान रचना हो । यसको शीर्षक रामायणकी एक पात्र शवरी राखिएकाले यस खण्डकाव्य लेखनको प्रेरणा स्रोत उपजीत्व महाकाव्य महाभारत हो । यस खण्डकाव्यको सुरुमा कविले कविता देवीको आराधना गरेका छन् । यो प्रवृत्ति उनका अन्य

खण्डकाव्यहरूमा पाइँदैन । यो द्रुतविलम्बित्त छन्दमा रचित बद्धलयात्मक खण्डकाव्य हो । यस खण्डकाव्यमा कविले शवरीलाई प्रकृति पुत्रीका रूपमा चित्रण गरेका छन् । त्यसैले यस खण्डकाव्यमा पनि स्वच्छन्दतावादी काव्यप्रवृत्तिकै निरन्तरता देखा पर्दछ । या कोषात्मक खण्डकाव्य हो । यसमा कविले प्रकृतिलाई सुख र शान्तिको प्रतीकका रूपमा चित्रण गरेका छन् । यस खण्डकाव्यमा प्रकृतिमा देखिने परिवर्तनका साथै मान्छे प्रकृतिमै जन्मने र मर्ने तथ्यलाई पनि अघि सारिएको छ । प्रकृतिको रहस्यमय तत्वको सन्दर्भबाट यस खण्डकाव्यमा स्वच्छन्दतावादी रहस्यवादको पनि अभिव्यक्ति छ । यसमा कविनिबद्धप्रौढोक्तिको उपयोग गरिएको छ । समाज, संस्कृति, प्रकृति आदि क्षेत्रबाट विम्ब ग्रहण गरिएको यस खण्डकाव्यमा वस्तु, रस र अलङ्कार गरी तीनवटै प्रमुख ध्वनिको उपयोग गरिएको छ । यो अपूर्ण खण्डकाव्य भएकाले यसको गुणस्तर मापन गर्नु आवश्यक छैन ।

सिद्धिचरण श्रेष्ठकृत 'आँसु' खण्डकाव्य २००४ सालमा रचिएको र २०५० सालमा प्रकाशनमा आएको कोषकाव्य ढाँचाको रचना हो । यस खण्डकाव्य लेखनको प्रमुख प्रेरणा स्रोत तत्कालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक परिवेश हो । परिवर्तनकामी विचारबाट प्रेरित रही रचिएको यस खण्डकाव्यमा स्वच्छन्दतावादी अश्रुबोध, क्रान्तिचेत, शान्ति, मानवता आदि विविध पक्षको प्रभाव परेको छ । यस खण्डकाव्यको मूल विषयवस्तुगत स्रोत समाज हो र यसमा कविले प्रशस्त काल्पनिकताको समेत संयोजन गरेका छन् । यस खण्डकाव्यको शीर्षक आँसु रहेको छ । यसले वेदनाका साथै क्रान्तिलाई पनि सङ्केत गरेकाले शीर्षक सार्थक छ । यो शास्त्रीय मात्रिक छन्दमा रचित बद्धलयात्मक खण्डकाव्य हो । 'आँसु' सर्गमुक्त रचना हो र यसमा चार्वाक, शैव र बौद्ध दर्शनको प्रभाव परेको छ । विषय वर्णनका क्रममा कविनिबद्धप्रौढोक्तिको उपयोग गरिएको यस खण्डकाव्यमा विशेषोक्ति, उत्प्रेक्षा, उपमा, रूपक, विरोध आदि अर्थालङ्कारको प्रयोग भएको छ । यस खण्डकाव्यमा कुनै रस प्रमुख र कुनै रस सहायक नभै रसभावसन्धिको स्थिति छ । यस खण्डकाव्यमा कविनिबद्धप्रौढोक्तिसिद्ध ध्वनिका साथै अन्य प्रमुख तीन ध्वनिको पनि उपयोग भएकै छ । १९३ श्लोकमा संरचित यो खण्डकाव्य मानक खण्डकाव्य हो । चौध मात्राको मात्रिक छन्दको उपयोग गरिएको यस खण्डकाव्यमा आँसुलाई पीडा र क्रान्तिको प्रतीकका रूपमा चित्रण गरिएकाले यसमा प्रशस्त वैचारिक गहिराइ भेटिन्छ । यस खण्डकाव्यमा अश्रुबोध, मानवता र क्रान्तिलाई वैचारिक सारका रूपमा उपयोग गरिएको छ । यस खण्डकाव्यमा ओज गुण र गौडी रीतिको बहुलता तथा माधुर्य गुण र वैदर्भी रीतिको न्यूनता

यसको भाषाशैलीगत पहिचान हो । गुणस्तर मापनका आधारमा हेर्दा यो खण्डकाव्य प्रथम श्रेणीमा पर्दछ । यसले मानक आयाम ग्रहण गरेको छ । वैचारिक पक्ष पनि प्रभावकारी छ तर यसका विषयवस्तुगत संरचना भने व्यापक रहेकाले खण्डकाव्यव्योचित छैन । यसर्थ यसको शिल्पकारिता पक्षमा  बढी कसुर छ ।

यस खण्डकाव्यमा पक्षी, कीटपतङ्ग, ऋतु (ग्रीष्म, वसन्त, शिशिर आदि), वनस्पति, नक्षत्रमण्डल, दर्शन, भूलोक, परलोक, नदी (कोसी, गण्डकी, सिन्धु आदि), समाज, इतिहास, देवगण (शिव, भूत, मसान), ऋषि गण, आदि विविध क्षेत्रबाट विम्ब ग्रहण गरिएको छ ।

यस खण्डकाव्यको शीर्षक स्वयम् एक प्रतीक हो । यहाँ आँसुलाई वेदनाका साथै क्रान्ति र परिर्वनको प्रतीकका रूपमा चित्रण गरिएको छ । यस सन्दर्भमा कविले आँसुबाटै क्रान्ति जन्मने र क्रान्तिबाट शान्ति स्थापना हुने विचार व्यक्त गरेका छन् । शिवजीको ताण्डव नृत्यको प्रसङ्गले प्रतीकात्मक रूपमा क्रान्तिचेतलाई सङ्केत गर्दछ । कविले बुलबुल चरालाई वेदना सहेर क्रान्ति नगरी चुप लागेर बस्ने व्यक्तिहरूका प्रतीकका रूपमा चित्रण गरेका छन् । कविले तत्कालीन शासन व्यवस्थालाई लुटतन्त्रको प्रतीकका रूपमा चित्रण गरेका छन् । सत्य मानवले जगतको नयाँ आवाद गर्ने प्रसङ्गले प्रतीकात्मक रूपमासमाजवादी- साम्यवादी शासन व्यवस्थालाई सङ्केत गर्दछ ।

## ४.६.१ 'शवरी' को खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

**अन्त्यानुप्रास :**

चरण हाल्दी थिई शवरी जहाँ

सडर चेतन फुर्दा थियो त्यहाँ

(पूर्ववत : पृ. २७)

यहाँ शब्दको अन्तमा आएका जहाँ र त्यहाँ शब्दले अन्त्यानुप्रासको सिर्जना गरेका छन् ।

**वृत्याउनुप्रास**

उचित हो की मन्जुनु यसैगरी

उचित होकी म मर्नु महीँ गई

.( पूर्ववत, पृ.२८)

**श्लेष** :

म नहुँदा जग थिए अभाव के

म जिउँदा जगमा हुनुपर्छ के ?

(पूर्ववत, पृ. २८)

## ४.६.२ 'शवरी' को खण्डकाव्यत्वमा अर्थालङ्कार

अलङ्करण योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा विशेषोक्ति, उत्प्रेक्षा, उपमा, रूपक र विरोध जस्ता अर्थालङ्कारको सहज प्रयोग भएको पाइन्छ। जस्तै -

अलङ्करण योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा विशेषोक्ति, उत्प्रेक्षा, उपमा, रूपक र विरोध जस्ता अर्थालङ्कारको सहज प्रयोग भएको पाइन्छ। जस्तै -

विशेषोक्ति - धर्म पुण्य न्याय सारा

बढ्न नसकी खुम्चँदै छन्

पाप औ अन्याय खालि

हाल आवादी यहाँ छन्।

(***पूर्ववत,*** पृ. ६)

सामान्य वा लौकिक कथ्यका विपरीत भाव प्रस्तुत गरिएकाले यस उदाहरणमा विशेषोक्ति अलङ्कारको उपस्थिति छ।

उत्प्रेक्षा - ती किरा गुहुभित्र बस्ने

बस्न गुहुकै भित्र रम्छन्

मुत्र विष्टामा रहेको

त्यै किरा हुँ कि लाग्छ शङ्का ।

(*पूर्ववत्,* पृ. ९)

फोहरमा बस्ने किराको सन्दर्भबाट कविले आफूलाई त्यही किराको कल्पना गरेकाले यहाँ उत्प्रेक्षा अलङ्कारको उपस्थिति छ ।

उपमा - सूर्य झैँ जाज्वल्यमान

झुल्कने मेरो विचार

नगरीकन बाहिर प्रकाश

बस्न मैले हुन्न हुन्न ।

(*पूर्ववत्,* पृ. १२)

कविले आफ्नो विचारलाई सूर्यसँग तुलना गरेकाले यहाँ उपमा अलङ्कारको उपस्थिति छ ।

रूपक - सृष्टिको शृङ्गार हो यो

कामनाको हार हो यो

भावनाको उच्चता सब

हुल्नलाई कलश हो यो ।

(*पूर्ववत्,* पृ. १३)

आँसु र सृष्टिको शृङ्गार, कामनाको हार र कलशका बीच अभेदमूलक आरोप गरिएकाले यहाँ रूपक अलङ्कारको प्रयोग छ ।

विरोध - शान्ति रानी आज तिम्रो

दिव्य दर्शन गर्न खातिर

यो बलिन्द्र आँसु झारी

क्रान्तिको आह्वान गर्छु

(*पूर्ववत्,* पृ. १८)

शान्तिका लागि त्रान्तिको आवश्यकता पर्छ भन्ने दुई विपरीत भावको प्रयोगले यहाँ विरोध अलङ्कारको उपस्थिति छ ।

### ५.६.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठकृत 'आँसु' खण्डकाव्य २००४ सालमा रचिएको र २०५० सालमा प्रकाशनमा आएको कोषकाव्य ढाँचाको रचना हो । यस खण्डकाव्यको मूल विषयवस्तुगत स्रोत समाज हो र यसमा कविले प्रशस्त काल्पनिकताको समेत संयोजन गरेका छन् । यस खण्डकाव्यको शीर्षक आँसु रहेको छ । विषय वर्णनका क्रममा कविनिबद्धप्रौढोक्तिको उपयोग गरिएको यस खण्डकाव्यमा विशेषोक्ति, उत्प्रेक्षा, उपमा, रूपक, विरोध आदि अर्थालङ्कारको प्रयोग भएको छ । यस खण्डकाव्यमा कुनै रस प्रमुख र कुनै रस सहायक नभै रसभावसन्धिको स्थिति छ । यस खण्डकाव्यमा कविनिबद्धप्रौढोक्तिसिद्ध ध्वनिका साथै अन्य प्रमुख तीन ध्वनिको पनि उपयोग भएकै छ । १९३ श्लोकमा संरचित यो खण्डकाव्य मानक खण्डकाव्य हो । चौध मात्राको मात्रिक छन्दको उपयोग गरिएको यस खण्डकाव्यमा आँसुलाई पीडा र क्रान्तिको प्रतीकका रूपमा चित्रण गरिएकाले यसमा प्रशस्त वैचारिक गहिराइ भेटिन्छ ।

## ४.७ 'ज्यानमारा शैल' खण्डकाव्यमा अलङ्कार

यस खण्डकाव्यमा प्राकृतिक बिम्ब प्रयोगमा चातुर्य भेटिन्छ । प्रमुख स्त्री पात्र उमालाई 'पुष्प', 'सुमन', 'पुष्पिता' जस्ता उपमानहरू दिइएको छ । प्रमुख पुरुष पात्र शैललाई 'भ्रमर', 'पुतली' जस्ता उपमानरूपी बिम्बहरू दिइएको छ । वृक्ष, लता, पानी, घाँस, चौर आदि अनेक प्राकृतिक बिम्बहरू पनि यस खण्डकाव्यमा भेटिन्छन् । यसमा मानव समाजबाट पनि बिम्ब ग्रहण गरिएको छ ।

### ४.७.१ 'ज्यानमारा शैल' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

अन्त्यानुप्राश :

युवक रोई पिट्छ छाती आज कस्तो या भयो

यतिका दिनपछि उमाको भेटमा आग्लो पर्‍यो ।

(पूर्ववत श्लोक १०)

यहाँ दुवै पत्तिंको अन्तमा प्रयोग भएका 'भयो' र 'पर्‍यो' गरी दुई जस्तै शब्दको प्रयोगले अन्त्यानुप्राशको सिर्जना भएको छ ।

वीप्सा :

प्रेमको बलिदान यहाँ यो मौन ब्रतको धारण

प्रेममा श्रदाञ्जलि नै दिइरहेको हुन् विक्वा ।

(पूर्वत् पृ. श्लोक १०१ )

यहाँ शोक भाव, व्यक्त गर्न गर्ने क्रममा प्रेम शब्दको आवृत्तिले काव्य सौन्दर्य झल्किएको यहाँ वीप्सा अलङ्कारको सिर्जना भएको छ ।

**४.७.२ 'ज्यानमारा शैल' खण्डकाव्यमा अर्थालङ्कार**

अलङ्कार योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा उपमा, उत्प्रेक्षा, स्मरण, विषम, लोकोक्ति आदि अर्थालङ्कारको प्रयोग भेटिन्छ । जस्तै-

उपमा– चैत मैन्हा तरुलतामा पात चिल्ला पालुवा

तारिका झैँ आलुवखडा फूल लागी क्या मजा ।

(***ज्यानमारा शैल,*** श्लोक ५)

यहाँ उपमेय आलुवखडाको तुलना उपमान तारिकासँग गरिएको छ ।

उत्प्रेक्षा– सरल बालक बालिकाको खेल यस्तो स्वर्गिक

खेल्नलाई नित्य हुन्छन् देवता पनि उत्सुक

इन्द्रधनुको पङ्क्ति कोरी त्योम आँगनमा सब

खेल्न लागे क्यार सुरगण बज्छ क्या क्वा वादन ।

(*पूर्ववत्,* श्लोक २७)

यहाँ प्रस्तुत बालबालिकाको खेलमा अप्रस्तुत देवगणको खेलको कल्पना गरिएको छ ।

स्मरण – खान मीठो क्यै मिलेमा याद हुन्थ्यो आपस

गै लुकाइ बाँडी खान्थे प्रेम आमृतको रस

पार चिन्ता शोकहरूको बन्द दैलो सबतिर

हर्षकै आँगन चहार्ने बाल्यजीवन धन्य छ ।

(*पूर्ववत्,* श्लोक ३३)

यहाँ उमा र शैलको बालप्रेमको सन्दर्भबाट कविले वाल्यकालको सम्झना गरेका छन् ।

विषम – भाग्य उल्टो लेखिएको युवक भाग्यो हत्पत

चोट लाग्यो, ठेस लाग्यो बल्ल उम्क्यो त्यो पर

लाज हेला दुःख पीडा त्रास सङ्का सङ्कट

आदि दलले थिचिएको हाय उसको हालत !

(*पूर्ववत्,* श्लोक ४९)

यहाँ शैलको जीवनमा विषम परिस्थितिको सिर्जना भएको देखाइएको छ ।

लोकोक्ति– हृययले ता ताक्छ मुढो ताक्छ घुँडो बन्चरो

ताल छैन यहाँ मिलेको जिन्दगी यो बेसुरो ।

(*पूर्ववत्,* श्लोक ६२)

उखानको प्रयोगले यहाँ लोकोक्ति अलङ्कारको सिजर्ना भएको छ ।

यस खण्डकाव्यमा कथावस्तुको पूर्वसङ्केत, पूर्वस्मृति, स्वप्न आदि शिल्पप्रविधिका साथै मानवको प्रकृतिकीकरण र प्रकृतिको मानवीकरण गर्ने स्वच्छन्दतावादी अलङ्करण प्रविधिको समेत उपयोग गरिएको छ ।

### ४.७.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'ज्यानमारा शैल' खण्डकाव्य २००० सालमा रचना गरेका हुन् । यसको केही अंश 'प्रगति' द्वैमासिक (३:३, सन् १९६३) प्रकाशित भए तापनि यसको पूर्ण पाठ सर्वप्रथम 'कविता' (२:४, २०२३) मा प्रकाशित भएको हो । यसमा मूलतः नेपाली राष्ट्रिय परिवेश र अंशतः अन्तराष्ट्रिय परिवेशको पनि उपयोग गरिएको छ । यस खण्डकाव्यमा उक्ति वैविध्य रहेको छ । यस खण्डकाव्यमा प्राकृतिक बिम्ब प्रयोगमा बहुलता देखा पर्दछ । यस खण्डकाव्यमा कुनै रस प्रमुख र कुनै रस सहायक हुने व्यवस्था नभै रस मिश्रणको स्थिति रहेको छ । यसमा सामाजिक कुसंस्कारको अन्त हुनुपर्छ भन्ने मान्यता ध्वनित छ । लमाइगत आयाम हेर्दा सर्वप्रथम प्रकाशनमा आउँदा यसले १८ पृष्ठ ओगटेको छ र यसका जम्मा १०२ श्लोक रहेका छन् । २४ देखि २८ मात्राको मात्रिक छन्द यसको चौडाइगत आयाम हो । जातीय र वर्गीय विभेदरूपी कुसंस्कार सामाजिक कलङ्क भएकाले यसको अन्त हुनुपर्छ भन्ने मान्यता यसको गहिराइ हो । यो यस खण्डकाव्यको मूल विचार पनि हो । यसको भाषाशैली हेर्दा मूलतः माधुर्य गुण र पाञ्चाली रीतिको परिधिभित्र पर्दछ । गुणस्तर मापनका आधारमा हेर्दा यो खण्डकाव्य प्रथम श्रेणीमा पर्दछ । यो खण्डकाव्यले मानक आयाम ग्रहण गरेको छ । यो प्रेम विषयक रचना भएकाले यसका विषयवस्तुगत विचार त्यति प्रभावकारी छैन ।

## ४.८ 'मङ्गलमान' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले २०१८ सालको अन्ततिर रचना गरी २०४९ सालमा प्रकाशनमा आएको 'मङ्गलमान' खण्डकाव्य काव्यनायक मङ्गलमानको वलिदानी पूर्ण सङ्घर्ष र कवि स्वयम्को विद्रोही मानसिकता यस खण्डकाव्य लेखनको प्रमुख प्रेरणा स्रोत हो । यसमा मार्क्सवादको प्रभाव भेटिन्छ । यो नेपालको राजनैतिक इतिहाससँग सम्बद्ध भए तापनि यसमा कविले प्रशस्त मौलिकताको समेत संयोजन गरेका छन् । त्यसैले यसको विषयवस्तुगत स्रोत मिश्र ठहर्दछ । यसको शीर्षक काव्य नायक मङ्गलमानको नामका आधारमा राखिएको छ । यो लोकलय (सवाइ) मा रचित बद्धलयात्मक आख्यानात्मक खण्डकाव्य हो । यसका एक्काइस सर्ग रहेक छन् । चार्वाक दर्शनको प्रभाव रहेको यस खण्डकाव्यमा उक्ति विविधता भेटिन्छ । यसमा बिम्बालङ्कार योजना कृत्रिम नभै स्वाभाविक ध्वनित छ र यही नै यसको विचार पनि हो । यसमा चित्रण उपयोग गरिएको विचार

मार्क्सवादबाट प्रभावित छ । यसका लोकलयका दुईपढी ४०७ श्लोक रहेका छन् । लमाइगत आयाम हेर्दा यो मानक खण्डकाव्य ठहर्दछ । मार्क्सवादी वैचारिक चिन्तनको प्राबल्य यसको गहिराइ रहेको यस खण्डकाव्यमा शोषक र शोषित गरी दुई प्रकारका समाजको चित्रण छ । गौडी रीति र ओज गुणको बहुलता यस खण्डकाव्यको भाषाशैलीगत पहिचान हो । गुणस्तर मापनका आधारमा हेर्दा यो खण्डकाव्य प्रथम श्रेणीमा पर्दछ । यसले मानक आयाम ग्रहण गरेको छ । वैचारिक पक्ष सवल रहेतापनि खण्डकाव्यात्मक शिल्पकारितामा भने बढी कसुर छ । एक्काइस खण्ड मध्ये पहिलो खण्डमा कथा वस्तुका सामान्य झल्को छ र कथावस्तु बीसौं खण्डमै टुङ्गिएको छ । कथावस्तुका दृष्टिले एक्काइसौं खण्ड आवश्यक छैन । सर्ग योजना पनि प्रभावकारी छैन ।

यस खण्डकाव्यमा नेपालको राजनैतिक इतिहासका साथै समाज (बाहुन, क्षेत्री आदि), संस्कृति (देवता, मन्दिर, गठे मङ्गल आदि), भूगोल (नेपाल, काठमाडौं), ऋतु (वसन्त), नदी (विष्णुमती), पशु (बाघ, स्याल आदि) आदि विविध क्षेत्रबाट बिम्ब ग्रहण गरिएको छ । यस खण्डकाव्यको नायक मङ्गलमान क्रान्तिकारी व्यक्तित्वको प्रतीकका रूपमा आएको छ । १९९० सालको महाभूकम्पलाई प्रकृतिको नाङ्गो नाचको प्रतीकका रूपमा अर्थ्याइएको छ । २०१७ साल पुसको राजाको कदमलाई पुसको सिरेठो भनी प्रतीकात्मक अर्थ दिइएको छ ।

## ४.८.१ 'मङ्गलमान' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

अन्त्यानुप्रास :

पन्ध्र साल आएपछि आमचुनाव आयो ।
विजयको फूलमाला काङ्ग्रेसले लायो
मन्त्रीमण्डल बन्यो नयाँ काम कम जान्ने
प्रतिगामी तत्व थिए पछिलितिर जान्ने ।

(पूर्ववत, पृ.२८)

माथि उल्लेखित पंक्तिमा एक पाउको अन्तिम अक्षर अर्को पाउको अन्तिम अक्षरका साथ मिलेको छ । 'आयो' र 'लायो' मा, यो अक्षर मिलेको छ भने अर्को पंक्तिको अन्तिम अक्षर ने पनि मिलेको छ । यसरी यहाँ अन्त्यानुप्राशको सिर्जना भएको छ ।

**श्लेष**

विश्वयुद्ध विश्वमहाँ चर्किएको थियो

धरती र आकाश नै थर्किएको थियो

(मंगलमान, पृ.१९)

यहाँ माथि उल्लेखित पंक्तिहरुमा वाक्य दुईपटक प्रयोग भएको छ । तर अघिल्लो पाउको थियोमा चर्किएको र पछिल्लो थियो मा थर्किएको अर्थ बुझाउँछ ।

**वृत्यनुप्रास**

बलियाको खोसीकन निर्धालाई दिन्छ

यस्तै गरी सधैंभरी नाइके ऊ बन्छ

(मंगलमान, पृ.११)

'न' वर्णको अनेक पल्ट आवृत्तिले यहाँ वृत्यानुप्राश अलङ्कारको सिर्जना भएको छ ।

**४.८.२ 'मङ्गलमान' खण्डकाव्यमा अर्थालङ्कार**

अलङ्करण योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा रूपक, दृष्टान्त, उपमा, लोकोक्ति, अतिशयोक्ति जस्ता अर्थालङ्कारको सहज प्रयोग फेला पर्दछ । जस्तै-

रूपक – छोरो बढ्छ टुकुटुकु हिँड्न पनि थाल्छ

बाबु आमा खुसी हुन्छन् अब बत्ती बल्छ ।

(***पूर्ववत्,*** पृ. ७)

बत्ती र छोराका बीच अभेदमूलक आरोप गरिएकाले यस उदाहरणमा रूपक अलङ्कारको उपस्थिति छ ।

दृष्टान्त – बाघको छालामाथि स्यालको यो दाइँ

जाँचमहाँ लेख्नु पनि कसुर हो काहीँ ।

(*पूर्ववत्,* पृ. १७)

उपमेय वाक्य र उपमान वाक्यको साधारण धर्मको चित्रण भएकाले यहाँ दृष्टान्त अलङ्कारको उपस्थिति छ ।

लुप्तोपमा – कराइको तातो तेलमा किरा परे सरी

मान्छे सबै छटपट जिउँदै मरे सरी ।

(*पूर्ववत्,* पृ. १९)

धर्म लोप भएकाले यहाँ लुप्तोपमा अलङ्कारको सिर्जना भएको छ ।

लोकोक्ति – माछो माछो भ्यागुतो भो मङ्गलमानलाई

रातभरि कराएको दक्षिणा त नाइँ

(*पूर्ववत्,* पृ. ४९)

उखानको प्रयोगले यस उदाहरणमा लोकोक्ति अलङ्कारको सिर्जना भएको छ ।

अतिशयोक्ति – एक ढिक्का हामी भए के हुँदैन यहाँ

स्वर्गै आई लुट्पुटिन्छ हाम्रा खुट्टा महाँ ।

(*पूर्ववत्,* पृ. ५७)

स्वर्ग आई खुट्टामा लुट्पुटिन्छ भन्ने विषय अतिशय भएकाले यहाँ अतिशयोक्ति अलङ्कारको उपस्थिति छ ।

### ४.८.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले २०१८ सालको अन्ततिर रचना गरी २०४९ सालमा प्रकाशनमा आएको 'मङ्गलमान' खण्डकाव्य काव्यनायक मङ्गलमानको वलिदानी पूर्ण सङ्घर्ष र कवि स्वयम्को विद्रोही मानसिकता यस खण्डकाव्य लेखनको प्रमुख प्रेरणा स्रोत हो । यसमा मार्क्सवादको प्रभाव भेटिन्छ । यो नेपालको राजनीतिक इतिहाससँग सम्बद्ध भए तापनि यसमा कविले प्रशस्त मौलिकताको समेत संयोजन गरेका छन् । यसमा बिम्बालङ्कार योजना कृत्रिम नभै स्वाभाविक ध्वनित छ र यही नै यसको विचार पनि हो । यसमा चित्रण

उपयोग गरिएको विचार मार्क्सवादबाट प्रभावित छ । यसका लोकलयका दुईपढी ४०७ श्लोक रहेका छन् । लमाइगत आयाम हेर्दा यो मानक खण्डकाव्य ठहर्दछ । मार्क्सवादी वैचारिक चिन्तनको प्राबल्य यसको गहिराइ रहेको यस खण्डकाव्यमा शोषक र शोषित गरी दुई प्रकारका समाजको चित्रण छ । गौडी रीति र ओज गुणको बहुलता यस खण्डकाव्यको भाषाशैलीगत पहिचान हो । गुणस्तर मापनका आधारमा हेर्दा यो खण्डकाव्य प्रथम श्रेणीमा पर्दछ । यसले मानक आयाम ग्रहण गरेको छ ॥

## ४.९ 'मूल बाटो' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण कश्रेष्ठले 'मूल बाटो' खण्डकाव्य २०२० सालमा रचना गरेका हुन् । यो खण्डकाव्य २०४५ सालमा प्रकाशित भएको हो । यस खण्डकाव्य लेखनको प्रमुख प्रेरणा स्रोत पहाडी ग्रामीण भू-भागमा बस्ने गरिब नेपालीहरूको पीडा हो । यस खण्डकाव्यमा कविले नेपाली पहाडी ग्रामीण जनजीवनबाट प्रभाव ग्रहण गरेका छन् । यो खण्डकाव्य कविकल्पनामा आधारित भएकाले यसको विषयवस्तुगत स्रोत उत्पाध हो । यस खण्डकाव्यको शीर्षक 'मूल बाटो' रहेको छ र यो शीर्षक विषय अनुरूप नै रहेकाले सार्थक छ । यो खण्डकाव्य शास्त्रीय वर्णमात्रिक बद्धलयात्मक शार्दलविक्रिडित छन्दमा रचिएको छ । यो आख्यानात्मक सर्गमुक्त लघुतर खण्डकाव्य हो । यस खण्डकाव्यमा मूलतः कविनिबद्धप्रौढोक्ति र अंशतः कविनिबद्धवक्तृप्रौढोक्तिको उपयोग गरी विषय वर्णन गरिएको छ । प्राकृतिक बिम्बहरूको प्रचुर प्रयोग गरिएको यस खण्डकाव्यमा उपमा, विषम, रूपक आदि अर्थालङ्कारको उपयोग भएको  छ । कुनै रस प्रमुख र कुनै रस सहायक हुने व्यवस्था नभै रस भावसन्धिको स्थिति रहेको यस खण्डकाव्यमा कविनिबद्धप्रौढोक्तिसिद्ध र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध ध्वनिका साथै अन्य प्रमुख तीन ध्वनिहरूको पनि उपयोग भएको छ । यसमा देश निकासमा बाटोघाटोको आवश्यकता अपरिहार्य रहेको र आफ्नो सम्पत्ति नस्ट गरी बाह्य आडम्वरमा रमाउनु हुँदैन भन्ने विचारको अभिव्यक्ति छ । माधुर्य गुण र वैदर्भी रीतिको बहुलता तथा ओज गुण र गौडीरीतिको न्यूनता यस खण्डकाव्यको भाषाशैलीगत पहिचान हो । गुणस्तर मापनका आधारमा हेर्दा मानक आयाम ग्रहण गर्न नसकेकाले यो खण्डकाव्य तृतीय श्रेणीमा पर्दछ ।

यस खण्डकाव्यमा प्राकृतिक बिम्बहरूको प्रयोग प्रशस्त मात्रामा गरिएको छ । त्यस्ता बिम्बहरू हुन् : पर्वत, वन, खेत, जङ्घार, खोला, पानी, ढुङ्गा आदि ।

### ४.९.१ 'मूल बाटो' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

अन्त्यानुप्रास :

टाढा पर्वत माथि माझ वनको यौटा कुनै गाँउ छ

मान्छे पुग्न कठिन शान्त बहुतै एकान्त त्यो ठाँउ छ ॥

दुवै पङ्तिको अन्तमा छ ध्वनीको आवृतिले काव्य सौन्दर्य झल्किएकाले यहाँ अन्त्यानुप्रास सिर्जना भएको छ ।

वृत्यानुप्रास :

बाटो बन्द देश सब यो सारा भई उन्नति

(मूल बाटो, श्लोक ३ )

'ब' वर्णको अनेक वर्णको आवृत्तिले काव्य सौन्दर्य झल्किएकाले यहाँ वृत्यानुप्रास अलङ्कारको सिर्जना भएको छ ।

### ४.९.२ 'मूल बाटो' खण्डकाव्यमा अर्थालङ्कार

यस खण्डकाव्यमा रामप्रसाद र नौलीको जोडीलाई 'जोडी ढुक्कुर' को प्रतीकका रूपमा र रामप्रसादको मनभित्रको तापलाई 'तातो बतास' को प्रतीकका रूपमा अर्थ्याइएको छ । अलङ्करण योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा उपमा, विषम, रूपक आदि अर्थालङ्कारको प्रयोग भएको छ । जस्तै-

उपमा - जोडी ढुक्कुर झैँ मिली युगल ती हाँसी बसेका थिए

दोटा ज्यान मिसाई प्रेमदहमा पौडी रहेका थिए ।

(***मूल बाटो,*** श्लोक ७)

रामप्रसाद र नौलीलाई जोडी ढुक्कुरसँग तुलना गरिएकाले यहाँ उपमा अलङ्कारको उपस्थिति छ ।

विषम - नौलीको छ खराब हाल तिमीले छोंडी गएदेखि नै

ऐले ता उनि छिन् सिकिस्त विचरी भोली भरे की कठै ।

(***पूर्ववत्,*** श्लोक १५)

नौलीको गम्भीर अवस्थाले विषम परिस्थितिको सिर्जना भएकोले यस उदाहरणमा विषम अलङ्कारको उपस्थिति छ ।

रूपक - बाटो जो अघिको थियो अब त त्यो खाल्डो भएको छ यो ।

(***पूर्ववत्,*** श्लोक १८)

बाटो र खाल्डोका बीच अभेदमूलक आरोप गरिएकाले यस उदाहरणमा रूपक अलङ्कारको उपस्थिति छ ।

### ४.९.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'मूल बाटो' खण्डकाव्य २०२० सालमा रचना गरेका हुन् । यो खण्डकाव्य २०४५ सालमा प्रकाशित भएको हो । यस खण्डकाव्य लेखनको प्रमुख प्रेरणा स्रोत पहाडी ग्रामीण भू-भागमा बस्ने गरिब नेपालीहरूको पीडा हो । यस खण्डकाव्यमा कविले नेपाली पहाडी ग्रामीण जनजीवनबाट प्रभाव ग्रहण गरेका छन् । यस खण्डकाव्यमा मूलतः कविनिबद्धप्रौढोक्ति र अंशतः कविनिबद्धवक्तृप्रौढोक्तिको उपयोग गरी विषय वर्णन गरिएको छ । प्राकृतिक बिम्बहरूको प्रचुर प्रयोग गरिएको यस खण्डकाव्यमा उपमा, विषम, रूपक आदि अर्थालङ्कारको उपयोग भएको छ । कुनै रस प्रमुख र कुनै रस सहायक हुने व्यवस्था नभै रस भावसन्धिको स्थिति रहेको यस खण्डकाव्यमा कविनिबद्धप्रौढोक्तिसिद्ध र कविनिबद्धवक्तृप्रौढोक्तिसिद्ध ध्वनिका साथै अन्य प्रमुख तीन ध्वनिहरूको पनि उपयोग भएको छ । यसमा देश निकासमा बाटोघाटोको आवश्यकता अपरिहार्य रहेको र आफ्नो सम्पत्ति नस्ट गरी बाह्य आडम्वरमा रमाउनु हुँदैन भन्ने विचारको अभिव्यक्ति छ ।

## ४.१०'नेपाल' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'नेपाल' खण्डकाव्यको रचना २०३९ सालमा गरेका छन् । यो खण्डकाव्य यसै साल प्रकाशनमा आएको हो । यो खण्डकाव्य कतै 'मेरो नेपाल' शीर्षकमा पनि प्रकाशित छ । तर सर्वप्रथम प्रकाशनमा आउँदा यसको शीर्षक 'नेपाल' रहेको छ । सिद्धिचरण श्रेष्ठले राष्ट्र र राष्ट्रियताप्रतिको अगाध स्नेहबाट प्रेरित र प्रभावित रही यस खण्डकाव्यका रचना गरेको देखिन्छ । यसमा राष्ट्रभक्तिको प्रबल राग छ । यही भावनाको अभिव्यक्तिका क्रममा उनले चौँतीस श्लोकमा यस खण्डकाव्यको रचना गर्न पुग्दछन् । श्लोक सङ्ख्याका आधारमा हेर्दा यो लघुतर वर्गमा  पर्ने खण्डकाव्य भए तापनि विषय वर्णन हेर्दा यसले खण्डकाव्यात्मक उचाइ प्राप्त गरेको छ । यो कोषकाव्य ढाँचाको रचना हो । शीर्षक 'नेपाल' रहेको र यसैसँग सम्बद्ध विषयको वर्णन रहेकाले यसको मूल विषयवस्तुगत स्रोत प्रसिद्ध छ । यसमा कविले काल्पनिकताको पनि संयोजन गरेकाले यसको विषयवस्तुगत स्रोत मिश्र बन्न पुगेको छ ।

यस खण्डकाव्यमा विषय वर्णनका क्रममा प्रशस्त प्राकृतिक बिम्बहरूको प्रयोग गरिएको छ । जस्तै- चुली, गुराँस, डाँडा, इन्द्रेणी, भीर, पाखा, नदी, फाँट, वृक्ष आदि । यसै गरी पक्षी (डाँफे, मुनाल आदि), मानव समाज र संस्कृति (आर्य, मङ्गोल, देवालय, गजुर) लगायतका विविध क्षेत्रबाट पनि यस खण्डकाव्यमा बिम्ब ग्रहण गरिएको छ । यस खण्डकाव्यमा सूर्योदयलाई पूर्वद्वारको प्रतीक र उषालाई दुलही मुहारको प्रतीकका रूपमा चित्रण  गरिएको छ । उत्तर तर्फका हिमालहरूलाई हिराको दरबारको प्रतीकका रूपमा चिनाइएको छ । नेपालका खोला र चराको ध्वनिलाई गुह्य मन्त्र र नेपाललाई सिङ्गै बहुमूल्य तन्त्रको प्रतीकका रूपमा चित्रण गरिएको छ । कविले नेपाललाई एउटा गुठीको प्रती र सम्पूर्ण नेपालीलाई गुठियारको प्रतीक मानेका छन् ।

### ४..१०.१ **'नेपाल' खण्डकाव्यमा** शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

अन्त्यानुप्रास :

यो उक्त तर्फ कस्तो

छिटो हिराको दरवार जस्तो

(पूर्ववत , पृ. २)

यहाँ पक्तिको अन्तमा 'तो' आएका कस्तो र जस्तो शब्दले अत्यानुप्रासको सिर्जना गरेका छन् ।

वृत्यनुप्रास :

गाँस्दै सधैं कल्कल गीत माला

बढ्छन् यहाँ धेर नदी र नाला ।

'ल' वर्णको अनेक पल्टको आवृत्तिले यहाँ वृत्यानुप्रास अलङ्कारको सिर्जना भएको छ ।

## ४.१०.२'नेपाल' खण्डकाव्यमा अर्थालङ्कार

आलङ्कारिक योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा उत्प्रेक्षा, स्वभावोक्ति, अतिशयोक्ति, उपमा, अर्थान्तरन्यास आदि अर्थालङ्कारको सहज प्रयोग भेटिन्छ । जस्तै-

अतिशयोक्ति – पवित्र पुण्यस्थल देवघाट

झिल्का परेको सुख स्वर्गबाट

(***पूर्ववत्,*** श्लोक १)

यहाँ विषयको अतिशय वर्णन गरिएको छ ।

उपमा – अमूल्य यो रत्न छुँदा मलाई

संसार कोडीसरि हुन्छ भाइ !

(***पूर्ववत्,*** श्लोक ११)

संसारलाई कौडीसँग तुलना गरिएकाले यहाँ उपमा अलङ्कारको उपस्थिति छ ।

विरोध – प्रवाह छोटो अति गण्डकीको

लामो छ यात्रा तर जिन्दगीको

टुङ्गिन्छ यो देह परन्तु यात्रा

टुङ्गिन्न है जानु छ फेरि टाढा ।

(*पूर्ववत्,* श्लोक १६)

विपरीत भावको प्रयोगले यस उदाहरणमा विरोध अलङ्कारको उपस्थिति छ ।

भाविक – यौटै हुने भूत भविष्य हाल

केही यहाँ छैन दिशा र काल

(*पूर्ववत्,* श्लोक २२)

भूत भावी वर्णनले यस उदाहरणमा भाविक अलङ्कारको उपस्थिति छ ।

## ४.१.१० 'भीमसेन थापा' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'नेपाल' खण्डकाव्यको रचना २०३९ सालमा गरेका हुन् । यो खण्डकाव्य यसै साल प्रकाशित भएको हो । कविले राष्ट्र र राष्ट्रियताबाट प्रेरित र प्रभावित भएर यस खण्डकाव्यको रचना गरेका हुन् । यसको विषयवस्तुगत स्रोत मिश्र हो । यो सर्गमुक्त खण्डकाव्य हो । यसको शीर्षक 'नेपाल' राखिएको छ । शीर्षक र विषयवस्तुको बीच उचित तालमेल भएकाले शीर्षक सार्थक छ । यो बद्धलयात्मक खण्डकाव्य हो । यसमा लय प्रभावकारी रहेको छ । यसमा मीमांश दर्शनको प्रभाव रहेको छ । यसमा उक्ति ढाँचा हेर्दा कविनिवद्ध प्रौढोक्तिको उपयोग भएको छ । यस खण्डकाव्यमा प्राकृतिक बिम्बहरूको बुहुलता र स्वच्छन्दतावादी अलङ्करण प्रविधिको पनि उपयोग गरिएको छ । यो रस प्रधान नभै भाव प्रधान खण्डकाव्य भए तापनि आंशिक रूपमा रस योजना पनि भेटिन्छ । यसमा मूलतः राष्ट्रियता ध्वनित छ । लमाइका आधारमा हेर्दा यो खण्डकाव्य लघुतर खण्डकाव्य भए तापनि यसको गहिराइगत आयाम ओजपूर्ण रहेको छ । यस खण्डकाव्यमा राष्ट्र र राष्ट्रियता प्राणभन्दा प्यारो हुन्छ भन्ने विचार मूल विचारका रूपमा आएको छ । यसको समग्र भाषाशैली सर्वेक्षण गर्दा प्रसाद गुण र पाञ्चाली रीतिसँग मेल खान्छ । गुणस्तर मापनका आधारमा हेर्दा मानक आयाम गर्न नसकेकाले यो खण्डकाव्य तृतीय श्रेणीमा पर्दछ ।

यस खण्डकाव्यमा नेपालको राजनैतिक इतिहासबाट बिम्ब ग्रहण गरिएको छ । नेपालको राजनीतिमा लामो समयसम्म मुख्तियार भई कार्य गरेका भीमसेन थापा नै एक

बिम्ब हुन् । यस प्रकार यस खण्डकाव्यको शीर्षक पनि एक बिम्ब हो । भीमसेन थापाले निर्माण गरेका सुन्धारा, धरहरा आदि पनि बिम्बका रूपमा आएका छन् भने नेपालका भौगोलिक, सांस्कृतिक पक्षहरू तथा तत्कालीन समयमा जीवन यापन गरिरहेका नेपालीहरूको मनोवैज्ञानिक सन्दर्भको पनि यस खण्डकाव्यमा चित्रण गरिएको छ । यस खण्डकाव्यमा एकादशीको दिन पूजा गर्न हिँडेका श्रद्धार्थीहरूलाई मलामी सरी मानिएको छ र यसको प्रतीकात्मक अर्थविरही भन्ने हुन्छ । यहाँ भीमसेन थापाको दुःखद अवस्थालाई भुत्ल्याइएको अधमरो चरोको प्रतीकका रूपमा चित्रण गरिएको छ । एकादशी धार्मिक चिन्तनको मिथकीय प्रतीक हो ।

## ४.१.१० 'भीमसेन थापा' खण्डकाव्यमा अर्थालङ्कार

यस खण्डकाव्यमा साम्राज्यवादीहरूलाई आकाशमा उड्ने बाजको प्रतीकका रूपमा र भीमसेन थापाको दुःखद अन्त्यलाई करुण कथाको प्रतीकका रूपमा चित्रण गरिएको छ । अलङ्कार योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा उत्प्रेक्षा, विषम, संसृष्टि, अर्थान्तरन्यास, स्मृति आदि अर्थालङ्कारको सहज प्रयोग भेटिन्छ । जस्तै -

**विषम-** भित्तामा पनि रक्तधार कसरी लागिरहेको अहो

देख्दा हुन्छ छियाछिया हृदय यो साह्रै नराम्रो भयो ।

(पूर्ववत् , पृ.५)

संसृष्टि (उपमा + परिकर) - यौटा शुष्क तलाउ झैं अति रुखो यो जिन्दगानी बना

(पूर्ववत्, पृ. २३)

अर्थान्तरन्यास - माने दुःख छ दुःख नै जगतमा आपत्ति हत्या घना

मानेमा सुख हुन्छ पूर्ण यसमा आपत्विपत् छन् कहाँ ?

(पूर्ववत् , पृ.६५)

स्मृति - आई ती अघिका अनेक घटना बिच्छी भई डस्दछन्

मैले गर्नु नगर्नु त्यो जति गरें धावा ममा बोल्दछन् ।

(पूर्ववत् , पृ.७४)

उत्प्रेक्षा - के सिङ्गार पटारले रहित भै आयो उदासीनता

वा जान्छे कि सती समस्त नगरी ली काखमा दीनता ।

(पूर्ववत् , पृ.१)

## ४.१०.२ 'भीमसेन थापा' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

अन्त्यानुप्रास :

घोडा कट्कट् टापको पवनको सन्तोष होला भनी

चढ्दो बाहिर निस्कदैन किन छु विश्वास ,आशावादी

(भिमसेन थापा, पृ.४)

दुवै पङ्तिको अन्तमा 'इ' ध्वनीको आवृतिले काव्य सौन्दर्य झल्किएकाले यहाँ अन्त्यानुप्रास सिर्जना भएको छ ।

**श्लेष :**

आ आआ अव छोपीदे मरण हे ? यो खास झर्छ चुँडाल

आ आआ आ काल छिटो कलाई करुणा र चाँडै अंगाल

( पूर्ववत , पृ.१९)

दुवै पङ्तिको शुरुमा आ ध्वनीको आवृतिले काव्य सौन्दर्य झल्किएकाले यहाँ श्लेष सिर्जना भएको छ ।

**वृत्यानुप्रास :**

केको पाप फलेर पूर्व जुनीको बैरी बने मृत्युको

के को पाप फलेर र पूर्व दिनको यो खप्न मैले पर्‍यो ?

(पूर्ववत ,पृ.२०)

अनेक वर्णको अनेक पल्टको आवृतिले यहाँ अन्त्यानुप्रास सिर्जना भएको छ ।

## ४.१२ 'आत्मबिलौना' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'आत्मबिलौना' खण्डकाव्यको रचना २०४० सालमा गरेका हुन् । यसको केही अंश २०४४ सालमा नै प्रकाशित भए तापनि यो पुस्तकाकार कृतिका रूपमा २०६३ सालमा प्रकाशनमा आएको हो । यस खण्डकाव्य लेखनको मूल प्रेरणा स्रोत वैराग्य चेत हो । यसमा पूर्वीय दर्शन र स्वच्छन्दतावादी काव्य प्रवृत्तिको प्रभाव छ । यसको मूल विषयवस्तुगत स्रोत भने कवि कल्पना नै हो । यसको शीर्षक 'आत्मबिलौना' राखिएको छ र कविले सांसारिकताबाट मुक्ति पाउनका लागि अनेक बिलौना गरेका छन् । यसर्थ शीर्षक सार्थक छ । यो शिखरिणी छन्दमा रचित बद्धलयात्मक खण्डकाव्य हो । यो एकसर्गे खण्डकाव्य हो । यसमा प्रायः सबै पूर्वीय दर्शनको प्रभाव छ । यस खण्डकाव्यमा कविको प्रत्यक्ष उक्ति रहेको छ । बिम्बालङ्कार योजनाले काव्य वैशिष्ट्यलाई झल्काएको छ । यसमा प्रमुख रस शान्त रसको प्रभावकारिता देखा पर्दछ भने कृतिव्यापी वैराग्य ध्वनित छ । यस खण्डकाव्यमा १२८ श्लोक रहेका छन् । सांसारिकता केवल दुःख मात्र हो र यसबाट मुक्ति नै परम पद हो भन्ने विचार यसको गहिराइ हो । माधुर्य गुण र वैदर्भी रीतिको बहुलता यसको भाषाशैलीगत पहिचान हो । गुणस्तर मापनका आधारमा हेर्दा यो खण्डकाव्य विशिष्ट श्रेणीमा पर्दछ । यसले मानक आयाम ग्रहण गरेको छ । यसको वैचारिक पक्ष पनि सशक्त छ । यस खण्डकाव्यमा ब्रह्म चिन्तन र वैराग्य नै सच्चा सुख हो भन्ने विचारका अभिव्यक्ति

छ । यसको शिल्पकारितामा सामान्य कसुर देखा पर्दछ । यसको अन्त्यानुप्रास योजना सशक्त नभएकाले लय योजनामा कसुर देखा पर्दछ ।

यस खण्डकाव्यमा पौरस्त्य दर्शनका क्षेत्रमा प्रचलित बिम्बहरूको उपयोग गरिएको छ । दिदी, छोरी, माता, पिता जस्ता केही नाता सम्बन्धी बिम्बको पनि प्रयोग छ । बोको, बाखी, राँगो जस्ता केही चौपाया जगत्बाट पनि बिम्ब ग्रहण गरिएको छ । कविले वासनालाई सबैभन्दा ठूलो दुःख र सांसारिकताको प्रतीकका रूपमा अर्थ्याएका छन् । ब्रह्मज्ञानलाई परम पदको प्रतीकका रूपमा चित्रण गर्दै अविद्याको प्रतीक मोहबाट मुक्त हुन नसकेमा बन्धनबाट मुक्ति मिल्न सक्तैन भन्ने दार्शनिक चिन्तनगत बिम्ब सौन्दर्य यस खण्डकाव्यमा झल्कन्छ ।

## ४.१.१२.१ 'आत्मबिलौना' खण्डकाव्यमा अलङ्कार

आलङ्कारिक बिम्ब योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा विषम, अर्थान्तरन्यास, लोकोक्ति, उपमा, अनन्वय जस्ता अर्थालङ्कारहरूको उपयोग छ । जस्तै-

अर्थान्तरन्यास – नजान्दा जान्दैमा कति कति घुमेँ यो भुवनमा

नभै अत्तोपत्तो अब रुमलिएँ घोर दुःखमा

(पूर्ववत्, पृ. ५)

लोकोक्ति – गई खुट्टा तानी उसकन पछार्ने यतनमा

म लागेको हुन्छू छलकपटको आश्रय महाँ ।

(पूर्ववत्, पृ. ५)

उपमा – झरेको पानी झैँ स्थिर नरहने कत्ति कहिले

अहो ! खोला जस्तै चपल मन यो हाय ! कहिले

(पूर्ववत्, पृ. १५)

अनन्वय – उही आनन्दैको विमल छविको केन्द्रसरि जो

सबै नै ब्रह्माण्डै विकसित हुने केन्द्रस्थल त्यो ।

(पूर्ववत्, पृ. २९)

विषम – म भत्कें हा ! बिग्रें सबतिर भताभुङ्ग हुन गो

उडी कालो पीरो विषयम धुवाँ टम्म भरियो

म को हूँ के हूँ को सुझबुझ सबै लुप्त हुन गो

हरे ! गोतो खाएँ अब त कहनै मुश्किल पऱ्यो ।

(पूर्ववत्, पृ. १)

## ४.१.१२.२ 'आत्मबिलौना' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाब्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

**अत्यानुप्रास**

म दसैंको भाकल दिने भनी

माला सुमन शिरमा सिन्दुर पनि

दुवै पङ्तिको अन्तमा 'नी' ध्वनीको आवृतिले काव्य सौन्दर्य झल्किएकाले यहाँ अन्त्यानुप्रास सिर्जना भएको छ ।

**वृत्याउनुप्रास**

तिमी आफै फुकाल सपस सवै छोड फगत

तिमी आफै सच्चा सुख आकृतको पूर्ण कलश

(पूर्ववत,पृ.७४)

अनेक वर्णको अनेक पल्टको आवृतिले यस उदाहरणमा वृत्याउनुप्रास अलङ्कारको सिर्जना भएको छ ।

## ४.१३ 'देवघाट' खण्डकाव्यमा अलङ्कार

सिद्धिचरण श्रेष्ठले 'देवघाट' खण्डकाव्यको रचना २०४१ सालमा गरेका हुन् । यो खण्डकाव्य सर्वप्रथम २०४५ सालमा प्रकाशनमा आएको हो । यस खण्डकाव्य लेखनको मूल प्रेरणा स्रोत कवि स्वयम्को आन्तरिक शान्तिको खोजी हो । यस खण्डकाव्यमा पूर्वीय दर्शन र पाश्चात्य स्वच्छन्दतावादी काव्यप्रवृत्तिको प्रभाव परेको छ । यसको विषयवस्तुगत स्रोत प्रसिद्ध हो । यस खण्डकाव्यको शीर्षक नेपालको एक प्रसिद्ध तीर्थस्थल 'देवघाट' राखिएको छ । शीर्षक र विषयवस्तुका बीच तालमेल भएकाले शीर्षक सार्थक छ । यो बद्धलयात्मक एकसर्गे खण्डकाव्य हो । यसमा मूलतः न्याय, वैशेषिक र योग दर्शनको प्रभाव परेको छ । उक्तिढाँचा कविनिबद्ध प्रौढोक्ति रहेको यस खण्डकाव्यमा बिम्बालङ्कार योजना सहज स्वाभाविक रहेको छ । शान्त रसको प्रभावकारिता रहेको यस खण्डकाव्यमा ब्रह्म चिन्तन ध्वनित छ । लमाइगत आयाम हेर्दा यो चौबीस श्लोकको लघुतर खण्डकाव्य हो । देवघाटसँग जोडिएको ब्रह्म चिन्तन यसको गहिराइ हो । यसमा जगत् निःसार र आत्मा नित्य छ भन्ने तथ्यलाई बुझी परमात्मामा लीन भएमा मुक्ति मिल्दछ भन्ने विचार रहेको छ । यसमा माधुर्य गुण र वैदर्भी रीतियुक्त भाषाशैलीको उपयोग गरिएको छ । गुणस्तर मापनका आधारमा हेर्दा मानक आयाम गर्न नसकेकाले यो खण्डकाव्य तृतीय श्रेणीमा पर्दछ ।

यस खण्डकाव्यमा अध्यात्म र प्रकृतिबाट बिम्ब चयन गरिएको छ । खण्डकाव्यमा यस्तो शिल्पकारिता प्रभावकारी रहेको छ । यसको शीर्षक 'देवघाट' पनि एउटा बिम्ब हो । कृतिव्यापी यसैसँग सम्बद्ध र केही काल्पनिकताको प्रसार यसमा छ । देवघाटलाई कविले स्वर्गबाट झिल्का झरेको कल्पना गरेका छन् ।

### ४.१.१ 'देवघाट' खण्डकाव्यमा अर्थालङ्कार

यसबाट यस खण्डकाव्यमा अलौकिक परिवेशबाट पनि बिम्ब ग्रहण गरेको देखिन आउँछ । परमेश्वर, आत्मा जस्ता अध्यात्म र दर्शनसँग सम्बद्ध बिम्बहरूका साथै हिमाल, चट्टान, त्रिशूली, नारायणी, गण्डकी जस्ता प्राकृतिक बिम्ब प्रयोगले भावकारितामा प्रभावन्विति सिर्जना गरेको छ । आलङ्कारिक बिम्ब योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा अतिशयोक्ति, उपमा, विरोध, भाविक आदि अर्थालङ्कारको सहज प्रयोग देखा पर्दछ । जस्तै-

भाविक – यौटै हुने भूत भविष्य हाल

केही यहाँ छैन दिशा र काल

(देवघाट, श्लोक २२)

अतिशयोक्ति – पवित्र पुण्यस्थल देवघाट

झिल्का परेको सुख स्वर्गबाट

(पूर्ववत्, श्लोक १)

उपमा – अमूल्य यो रत्न छुँदा मलाई

संसार कोडीसरि हुन्छ भाइ !

(पूर्ववत्, श्लोक ११)

विरोध – प्रवाह छोटो अति गण्डकीको

लामो छ यात्रा तर जिन्दगीको

टुङ्गिन्छ यो देह परन्तु यात्रा

टुङ्गिन है जानु छ फेरि टाढा ।

(पूर्ववत्, श्लोक १६)

### ४.१३.२ 'देवघाट' खण्डकाव्यमा शब्दालङ्कार

शब्दालङ्कार प्राय समध्वनी वर्णहरुको आवृति लाटानुप्राश हुन्छ । असमानार्थी पदहरुको आकृतियमकमा हुन्छ । पूरै वाक्यको आवृति लाटानुप्राशमा हुन्छ र दूई अर्थ दिने शब्दहरुको एकपटकमात्र प्रयोग श्लेषमा हुन्छ । यस खण्डकाव्यमा अन्त्यानुप्राश, वृत्यानुप्राश, श्लेष आदि शब्दहरुको प्रयोग भएको छ ।

जस्तै :

अन्त्यानुप्रास :

डोऱ्याउँदै चित्त विशुद्ध भारी

रहस्य उद्घाटनको तयारी

यस उदाहरणमा 'री' अक्षरको आवृत्तिको काव्य सौन्दर्य झल्किएकोले अत्यानुप्रास अलङ्कारको सिर्जना भएको छ )

**वृत्यानुप्रास** :

त्यो वृक्षको पातभरी सडेर

त्यो पुग्नमा जे जति लाग्छ बेर

'र' वर्णको अनेक पल्टको आवृत्तिले यहाँ वृत्यानुप्रास अलङ्कारको सिर्जना भएको छ ।

## ४.१३.१ 'देवघाट' खण्डकाव्यमा अर्थालङ्कार

आलङ्कारिक बिम्ब योजना सर्वेक्षण गर्दा यस खण्डकाव्यमा अतिशयोक्ति, उपमा, विरोध, भाविक आदि अर्थालङ्कारको सहज प्रयोग देखा पर्दछ । जस्तै -

अतिशयोक्ति – पवित्र पुण्यस्थल देवघाट

झिल्का परेको सुख स्वर्गबाट

(***पूर्ववत्,*** श्लोक १)

यहाँ विषयको अतिशय वर्णन गरिएको छ ।

उपमा – अमूल्य यो रत्न छुँदा मलाई

संसार कोडीसरि हुन्छ भाइ !

(*पूर्ववत्,* श्लोक ११)

संसारलाई कौडीसँग तुलना गरिएकाले यहाँ उपमा अलङ्कारको उपस्थिति छ ।

विरोध – प्रवाह छोटो अति गण्डकीको

लामो छ यात्रा तर जिन्दगीको

टुङ्गिन्छ यो देह परन्तु यात्रा

टुङ्गिन्न है जानु छ फेरि टाढा ।

(*पूर्ववत्,* श्लोक १६)

विपरीत भावको प्रयोगले यस उदाहरणमा विरोध अलङ्कारको उपस्थिति छ ।

भाविक – यौटै हुने भूत भविष्य हाल

केही यहाँ छैन दिशा र काल

(*पूर्ववत्,* श्लोक २२)

भूत भावी वर्णनले यस उदाहरणमा भाविक अलङ्कारको उपस्थिति छ ।

### ४.१३.३ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले 'देवघाट' खण्डकाव्यको रचना २०४१ सालमा गरेका हुन् । यो खण्डकाव्य सर्वप्रथम २०४५ सालमा प्रकाशनमा आएको हो । यस खण्डकाव्यमा पूर्वीय दर्शन र पाश्चात्य स्वच्छन्दतावादी काव्यप्रवृत्तिको प्रभाव परेको छ । यसको विषयवस्तुगत स्रोत प्रसिद्ध हो । यस खण्डकाव्यको शीर्षक नेपालको एक प्रसिद्ध तीर्थस्थल 'देवघाट' राखिएको छ । शीर्षक र विषयवस्तुका बीच तालमेल भएकाले शीर्षक सार्थक छ । यो बद्धलयात्मक एकसर्गे खण्डकाव्य हो । यसमा मूलतः न्याय, वैशेषिक र योग दर्शनको प्रभाव परेको छ । उक्तिढाँचा कविनिबद्ध प्रौढोक्ति रहेको यस खण्डकाव्यमा बिम्बालङ्कार योजना सहज स्वाभाविक रहेको छ । शान्त रसको प्रभावकारिता रहेको यस खण्डकाव्यमा ब्रह्म

चिन्तन ध्वनित छ । लमाइगत आयाम हेर्दा यो चौबीस श्लोकको लघुतर खण्डकाव्य हो । देवघाटसँग जोडिएको ब्रह्म चिन्तन यसको गहिराइ हो ।

## ४.१४ नेपाली खण्डकाव्य परम्परामा खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ

खण्डकाव्य कविता विधाको एक उपविधागत भेद भएकाले नेपाली कविता परम्पराकै सन्दर्भमा नेपाली खण्डकाव्य परम्पराको सर्वेक्षण गर्नुपर्ने हुन्छ । नेपाली कविता परम्परालाई प्राथमिक काल (वि.सं. १८२६-१९४०), माध्यमिक काल (वि.सं. १९४०-१९९०) र आधुनिक काल (वि.सं. १९९१ देखि यता) गरी तीन कालखण्डमा विभाजन गर्नु उपयुक्त ठहर्दछ ।

नेपाली कविताको लेख्य परम्परा त्यति लामो नभए तापनि यसको पृष्ठभूमि भने विस्तातिर नै छ । नेपाली कविता लेखनको सुरुवात एक्कासि नभई यसको पृष्ठभूकिा रूपमा श्रुतिपरम्परामा जीवित रहेको नेपाली लोकसाहित्य (लोकगीत, लोकगाथा आदि) लाई लिन सकिन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणका अभियानसँगै विभिन्न कविहरूले नेपालीमा मौलिक कविताको सिर्जना गरेको पाइन्छ । हालसम्मको खोजी अनुसार वि.सं. १९२६ तिर रचिएको सुवानन्ददासको 'पृथ्वीनारायण शाह' शीर्षकको कवितालाई नेपालीको पहिलो कविता मानिएको छ । नेपाली खण्डकाव्य परम्परा भने वि.सं. १८७२ तिरबाट मात्र सुरु हुन्छ ।

नेपाली कविताको प्राथमिक कालअन्तर्गत उदयानन्द अर्ज्यालले वि.सं १८७२ तिर रचेको 'वेतालपचीसी' काव्यले नेपाली खण्डकाव्य परम्पराको प्रवर्तन गरेको हो । प्राथमिक कालका अन्य उल्लेख्य खण्डकाव्यकार र खण्डकाव्यकृतिहरू यस प्रकार छन्[३०]- वीरशाली पन्तः 'विमलबोधानुभव' (८८$^{1}/_{2}$ श्लोक) र 'सरस प्रेमावली' (७४२ श्लोक); वसन्त शर्माः 'कृष्णचरित्र' (१६९ श्लोक) र 'समुद्रलहरी' (९२ श्लोक); भानुभक्त आचार्यः 'भक्तमाला' (४२ श्लोक), 'प्रश्नोत्तरी' (४८ श्लोक) र 'वधूशिक्षा' (३६ श्लोक); ज्ञानदिलदासः 'उदयलहरी' (१०९ श्लोक); लालबहादुर आउँमासीः 'भोटको लडाइँको सवाइ' (८० लोक) आदि । खण्डकाव्यका वर्गीकरण आधारका दृष्टिले हेर्दा यस कालका अनूदित (सरल शि प्रेमावली, कृष्णचरित्र, प्रश्नोत्तरी आदि) र मौलिक (भोटको लडाइँको सवाइ, वधूशिक्षा, उदयलहरी आदि), आख्यानात्मक (सरल प्रेमावली, कृष्णचरित्र आदि), कोषकाव्यात्मक (विमलबोधानुभव,

---

३० वासुदेव त्रिपाठी, "खण्डकाव्य", ***नेपाली साहित्यकोश,*** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान., २०५५), पृ. २४५ ।

भक्तमाला, उदयलहरी आदि); कृशतर (भक्तमाला, वधूशिक्षा आदि), कृ (समुद्रलहरी, भोटको लडाइँको सवाइ आदि), पुष्ट/स्थूल (कृष्णचरित्र, उदयलहरी आदि) र स्थूलतर (सरल प्रेमावली); सर्गबद्ध (विमलबोधानुभवः छ तरङ्ग कृष्णचरित्रः पूर्वार्द्ध-उत्तरार्द्ध आदि) र असर्गबद्ध (भक्तमाला, वधूशिक्षा, उदयलहरी आदि); शास्त्रीय वर्णमात्रिक छन्दमा बद्ध (विमलबोधानुभव, कृष्णचरित्र आदि) र लोकछन्दमा बद्ध (भोटको लडाइँको सवाइ, उदयलहरी आदि) किसिमका खण्डकाव्यहरू लेखिए । यस कालका खण्डकाव्यहरू मूलतः पौराणिक तथा नैतिक आध्यात्मिक र विषयसँग सम्बद्ध छन् । यसो भए तापनि यस कालमा समाज, इतिहास, वीरता आदि विविध विषयसँग सम्बद्ध खण्डकाहरू पनि रचिएकै छन् ।

वि.सं. १९४१-१९९० को अवधि नेपाली कविता एवम् खण्डकाव्यको पनि मध्यकाल हो । नेपाली खण्डकाव्यको प्राथमिक कालमा प्रायः पौराणिक भक्तिपरक-अध्यात्मपरक र नीतिपरक अनुदित खण्डकाव्यहरूको सङ्ख्याधिक्य थियो भने मध्यकालमा श्रृङ्गारिक र प्रशस्तिपरक खण्डकाव्य लेखन परम्पराको नवप्रवर्तन एवम् विकास हुनाका साथै नेपाली लोकपरम्पराका बाह्रमासा, सवाइ, लहरी आदिका ढाँचामा खण्डकाव्य लेख्ने परम्परा पनि निकै हुर्कियो ।[३१] यस कालखण्डका केही उल्लेख्य खण्डकाव्यकार र खण्डकाव्यकृतिहरू यस प्रकार रहेका छन्[३२]- मोतीराम भट्टः 'पिकदूत' (३० श्लोक, 'प्रह्लादभक्ति कथा' (४१ श्लोक), 'गजेन्द्रमोक्ष' (८० श्लोक) र उषाचरित्र' (२१३ श्लोक); शिखरनाथ सुवेदीः 'वीरषष्टिका'; शम्भुप्रसाद ढुङ्गेलः 'चन्द्रप्रतापवर्णन', धूतशतक'; कृष्णप्रसाद रेग्मीः 'कामिनीविरहलहरी' (५५ श्लोक); धर्मसिंह चाम्लिङ राई 'प्रेमलहरी' (चार भागः ५३३ लोक); तुलाचन आलेः 'मणिपुरको सवाइ (३०$^{1}/_{2}$ श्लोक); धनवीर भण्डारीः 'अव्वर पहाडको सवाइ' (१२७ श्लोक); तीर्थराज पाण्डेः 'उपदेशमञ्जरी' (चम्पूकाव्य); होमनाथ खतिवडाः 'महाभारतका सभापर्व र विराट पर्व' आदि ।

नेपाली खण्डकाव्यको मध्यकालका एक उल्लेख्य खण्डकाव्यकार हुन् लेखनाथ पौडेल । उनका खण्डकाव्यहरूमा परिष्कारवादी शिल्पकारिता प्रभावकारी देखा पर्दछ । उनको 'ऋतुविचार' कोषात्मक खण्डकाव्य एक उल्लेख्य खण्डकाव्यकृति हो । यो खण्डकाव्य सर्वप्रथम १९७३ सालमा प्रकाशित भएको हो र यसलाई १९९१ साल संशोधन परिमार्जित

---

[३१] *ऐजन,* पृ. ४३७-४३८ ।

[३२] वासुदेव त्रिपाठी, ***पूर्ववत्,*** पृ. २४६-२४७ ।

गरी प्रकाशनमा ल्याएको हो । उनका अन्य खण्डकाव्यकृतिहरूमा 'बुद्धिविनोद' (१९७६), 'सत्यकलिसंवाद' (१९७६), 'बुद्धिविनोद पहिलो विनोद' (१९९४), 'अमरज्योतिको सत्यस्मृति' (२००८), 'मेरो राम' (२०११) आदि रहेका छन् । महानन्द सापकोटाको 'मदनलहरी (१९८०) पनि मध्यकालीन खण्डकाव्य परम्पराको एक उल्लेख्य कृति हो ।

वि.सं. १९९१ देखि यताको अवधि नेपाली कविताको आधुनिक काल हो । वि.सं. १९९१ देखि २०१६ सम्मको अवधि नेपाली कविताको स्वच्छन्दतावादी धाराले नेतृत्व गरेको अवधि हो । यसै धाराबाट नेपाली कवितामा आधुनिक कालको प्रारम्भ भएको हो । नेपाली खण्डकाव्य परम्परामा भने १९९२ सालदेखि स्वच्छन्दतावादी धाराको प्रवर्तन हुन्छ । लक्ष्मीप्रसाद देवकोटाको १९९२ सालमा प्रकाशित 'मुनामदन' स्वच्छन्दतावादी धाराको प्रथम प्रकाशित खण्डकाव्य हो । सिद्धिचरण श्रेष्ठ खण्डकाव्यकारका रूपमा १९९६ र १९९७ सालमा सार्वजनिक भएका हुन् । १९९६ र १९९७ साल (शारदा) मा प्रकाशित 'विश्वव्यथा' शोकात्मक खण्डकाव्य सिद्धिचरण श्रेष्ठको प्रथम प्रकाशित खण्डकाव्य हो । यो अपूर्ण रचना भए तापनि यसले शोकात्मक खण्डकाव्यको उचाइ प्राप्त गरेको छ । यो नेपाली स्वच्छन्दतावादी काव्यधाराको प्रथम शोककाव्य हो । यसमा पुत्रवियोगबाट उत्पन्न पीडाको प्रस्तुति र शिल्पकारिता बेजोड छ । उनले १९८७ सालमा 'जुवा' शीर्षकको कोषात्मक लघुतर खण्डकाव्यको रचना गरेको पाइए तापनि उनको प्रथम प्रकाशित खण्डकाव्य भने 'विश्वव्यथा' नै हो ।

## ४.१४ निष्कर्ष

सिद्धिचरण श्रेष्ठले जीवन र जगत्का विविध क्षेत्रबाट बिम्बग्रहण गरेका छन् । उनको बिम्बयोजना सहज र प्रभावकारी रहेको छ । प्राकृतिक बिम्ब प्रयोगमा खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठको शिल्पकारिता बढी प्रभावकारी फेला पर्दछ र यसले स्वच्छन्दतावादी प्रवृत्तिलाई इङ्गित गर्दछ । उनका खण्डकाव्यहरूमा प्रतीक प्रयोग सर्वेक्षण गर्दा शीर्षक समेत प्रतीकात्मक देखिन्छन् । 'जुवा' खण्डकाव्यमा जुवालाई एउटा कुखेल, कुसंस्कार र महारिपुको प्रतीकका अर्थमा चिनाएका छन् । 'जूनकीरी' खण्डकाव्यमा उपत्यकाका तीन सहर कान्तिपुर, पाटन र भादगाउँलाई शिवजीका तीन नेत्रको प्रतीकात्मक अर्थ दिइएको छ । 'विश्वव्यथा' शोककाव्यमा चुनरीका दुई छेउलाई मानव जीवनका जन्म र मृत्युरूपी दुई पाटाको प्रतीक मानिएको छ । 'उर्वशी' खण्डकाव्यका अर्जुन र उर्वशी त्याग र भोगका

मिथकीय प्रतीक हुन् । 'ज्यानमारा शैल' खण्डकाव्यको शीर्षक पनि प्रतीकात्मक छ । यस खण्डकाव्यको प्रमुख पुरुष पात्र शैललाई नारी भावना बुझ्न नसकेकाले अर्थात् नारी भावनाको हत्या गरेकाले ज्यानमारा भनिएको छ । उसले शारीरिक रूपमा कसैको हत्या नगरे तापनि उमाको भावना बुझ्न सकेको छैन । 'आँसु' खण्डकाव्यमा आँसुलाई वेदनाका साथै क्रान्तिको प्रतीक मानिएको छ। 'शवरी' खण्डकाव्यमा शवरीलाई प्रकृति पुत्री मानिएको छ। त्यसैले यस खण्डकाव्यको शीर्षक पनि प्रतीकात्मक नै छ।

मङ्गलमान' खण्डकाव्यमा १९९० सालको महाभूकम्पलाई प्रकृतिको नाङ्गो नाच र २०१७ साल पुसको राजाको कदमलाई पुसको सेरटोको प्रतीकका रूपमा अर्थ्याइएको छ । 'मूल बाटो' खण्डकाव्यमा नायक नायिकालाई जोडी ढुक्कुरको प्रतीक मानिएको छ । 'भीमसेन थापा' खण्डकाव्यमा भीमसेन थापाको दु:खद अवस्थालाई भुत्ल्याइएको अधमरो चरोको प्रतीकात्मक अर्थ दिइएको छ । यस खण्डकाव्यमा एकादशीको सन्दर्भ धार्मिक चिन्तनको मिथकीय प्रतीकका रूपमा आएको छ भने साम्राज्यवादीहरूलाई आकाशमा उड्ने बाज भनिएको छ । 'नेपाल' खण्डकाव्यमा सूर्योदयलाई पूर्वद्वारको प्रतीक, उषालाई दुलही मुहारको प्रतीक, नेपालका हिमालहरूलाई हिराको दरबारको प्रतीक, नेपालका खेला र चराको ध्वनिलाई गुह्य मन्त्र र नेपाललाई सिङ्गै बहुमूल्य तन्त्रको प्रतीकका रूपमा चित्रण गरिएको छ। 'आत्मबिलौना' खण्डकाव्यमा वासनालाई सबैभन्दा ठूलो दु:ख र सांसारिकताको प्रतीकका रूपमा अथ्याइएको छ र 'देवघाट' खण्डकाव्यमा योग साधनालाई मानसिक सुखको प्रतीक मानिएको छ । यस खण्डकाव्यमा देवघाटलाई कलि स्वर्गको झिल्लाको प्रतीक मानेका छन् ।

अलङ्कार प्रयोगको प्रवृत्ति हेर्दा उनका खण्डकाव्यहरूमा स्वभावोक्ति, अतिसयोक्ति, रूपक, दृष्टान्त, उपमा, अर्थान्तरन्यास, लोकोक्ति, भाविक, सार, विषम आदि अर्थालङ्कारको सहज प्रयोग भएको पाइन्छ । सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूमा प्रकृतिको मानवीकरण र मानवको प्रकृतिकीकरण गर्ने स्वच्छन्दतावादी अलङ्करण प्रयोगको प्रवृत्ति पनि भेटिन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

यस शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । यसमा शोध शीर्षकको प्रयोजन, विषय परिचय, समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, महत्व र उपयोगिता, शोधको सीमाङ्कन, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोध विधि र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ ।

उनले साहित्यका चारै विधा (कविता, आख्यान, नाटक र निबन्ध) मा कलम चलाए तापनि उनको उल्लेख्य योगदान भने कविता विधामा रहेको छ । उनले दुवैतिर फुटकर कविता र खण्डकाव्यका क्षेत्रमा पुर्‍याएको योगदान उल्लेख्य छ । उनले नेपाल भाषामा 'अभिमन्यु बन्ध' र नेपालीमा 'रामायण' महाकाव्य रचना गर्ने प्रयास गरे तापनि यो कार्य पूरा हुन सकेन । उनको कवित्वको प्रस्फुटन बिन्दु १९८४ साल हो । यसै साल रचिएको 'सन्ध्या' शीर्षकको कविता उनको रचना कालका आधारमा प्रथम कविता हो । उनको कवित्वको सार्वजनिक प्रकाशन १९९१ सालमा भएको हो । १९९१ साल वैशाख ४ गतेको गोरखापत्रमा प्रकाशित 'भूकम्प पीडितोद्धारक ऋण संस्था' उनको प्रथम प्रकाशित कविता हो । उनले नेपाल भाषामा रचेको प्रथम कविता 'तकुस्वाँ' (१९८७) हो । उनका नेपाल भाषामा सर्वप्रथम प्रकाशनमा आएका कविताहरू 'राष्ट्रिय गान', 'गंग खुसी' र 'वर्षा' हुन् । यी कविताहरू १९९६ सालमा प्रकाशित 'नेपाली विहार' नामक पुस्तकमा छापिएका हुन् । उनी आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी काव्यधाराका नवप्रवर्तक हुन् । १९९१ साल मङ्सिर ८ गते गोरखापत्रमा प्रकाशित 'साहित्यिक नेपाल' शीर्षकको कविताबाट नेपाली कवितामा स्वचछन्दतावादी काव्यधाराको नवप्रवर्तन हुन्छ । उनका जीवनीका प्रमुख चार पक्षहरू छन्- साहित्यिक स्रष्टा व्यक्तित्व, समालोचक व्यक्तित्व, सामाजिक राजनैतिक व्यक्तित्व र पत्रकार व्यक्तित्व । यी चार पक्षमध्ये उनको साहित्यिक स्रष्टा व्यक्तित्व नै उनको जीवनीको सर्वप्रमुख पक्ष हो ।

'खण्ड' र 'काव्य' को योगबाट खण्डकाव्य शब्द निर्माण हुन्छ । खण्डकाव्य संस्कृत साहित्यशास्त्रीय चिन्तनको उपज हो । यस पम्परामा सर्वप्रथम खण्डकाव्य ( खण्डकाव्यं) शब्द प्रयोग गर्ने चिन्तक विश्वनाथ (इसा १४ औं शदी) हुन् । उनले यसका बारेमा आफ्नो 'साहित्य दर्पण' नामक ग्रन्थमा सूत्रात्मक शैलीमा चर्चा गरेका छन । विश्वनाले काव्यको एक खण्डको अनुसरण गर्ने रचनालाई खण्डकाव्य भनेका छन । उनले परस्पर सम्बद्ध रहिरहनु नपर्ने श्लोक समूहलाई कोषकाव्य भनेका छन् । यस्तो रचनाले साहस्री ढाँचा ग्रहण गरे अर्थात् महाकाव्यको स्वरूपतर्फ ढल्किए कोषात्मक महाकाव्य बन्दछ भने यस्तो ढाँचा ग्रहण गर्न नसके कोषात्मक खण्डकाव्य बन्दछ । खण्डकाव्य संस्कृत साहित्यको उपज भएकाले यस साहित्यका सबै सिद्धान्तहरू यसका घटकहरू बन्न सक्तछन् । खण्डकाव्य फुटकर कविता भन्दा बढी र महाकाव्य भन्दा कम आयामको तर लामो कविताभन्दा भिन्न स्वरूपको रचना हो । यस अनुसन्धानमा आयाम, विचार र शिल्पकारितालाई आधार मानेर सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूलाई विशिष्ट, प्रथम, द्वितीय र तृतीय गरी चार श्रेणीमा राखी गुणस्तर मापन गरिएको छ ।

सिद्धिचरण श्रेष्ठको खण्डकाव्यमा अलङ्कारको प्रयोग प्रस्तुत गरिएको छ । सिद्धिचरण श्रेष्ठको कविता यात्रा १९८४ सालदेखि प्रारम्भ हुन्छ । १९८४ सालमा रचिएको 'सन्ध्या' शीर्षकको कविताबाट उनको कवितायात्रा प्रारम्भ हुन्छ । उनी १९९१ सालदेखि कविका रूपमा सार्वजनिक भएका हुन् । १९९१ साले वैशाख ४ गते गतेको गोरखा पत्रमा प्रकाशित 'भूकम्प पीडितोद्वारक ऋण संस्था उनको प्रथम प्रकाशित कविता हो । उनको खण्डकाव्यकारिता १९८७ सालदेखि प्रारम्भ हुन्छ । १९८७ सालमा रचित 'जुवा' लघुतर कोषात्मक खण्डकाव्यबाट उनको खण्डकाव्ययात्रा प्रारम्भ हुन्छ । यो यात्रा २०४२ सालमा रचना कार्य पूरा भएको 'भीमसेन थापा' खण्डकाव्यसँगै टुङ्गिन्छ । यस प्रकार उनको खण्डकाव्ययात्रा करिब ५६ वर्ष लामो छ । खण्डकाव्यको रचना काल र खण्डकाव्यात्मक मूल प्रवृतिलाई आधार माने हेर्दा उनको खण्डकाव्ययात्राका चार चरण देखा पर्दछन् । ती हुन् : प्रथम चरण (वि.सं. १९८७-१९९६), दोस्रो चरण (वि.सं.१९९७ -२०१७), तेस्रो चरण (वि.सं. २०१८-२०२१) र

चौथो चरण (वि.सं. २०२२-२०४२) । उनले पहिलो चरणमा ‘जुवा’ ‘जूनकीरी’ र ‘विश्वव्यथा’, दोस्रो चरणमा ‘उर्वशी’, ‘ज्यानमारा शैल’ ‘कान्तिमती’, ‘शवरी’, ‘आँसु’ र ‘युद्ध’ र ‘शान्ति’ तेस्रो चरणमा ‘मङ्गलमान’ र ‘मूल बाटो’ र चौथो चरणमा ‘भीमसेन थापा’, र ‘नेपाल’ ‘आत्माबिलौना’ र ‘देवघाट’ गरी प्रन्ध्रवटा खण्डकाव्य रचना गरेका छन् ।

# प्रमुख सन्दर्भसूची

## (क) ग्रन्थ


अवस्थी, महादेव, *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,* काठमाडौं : एकता बुक्स, २०६१ ।

____________ , *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* काठमाडौं : इन्टेलेक्चुअल्स बुक प्यालेस, २०६४ ।

उपाध्याय, केशवप्रसाद, "विभिन्न कोणबाट आँसुको अध्ययन" *तीन कविका तीन काव्य,* ललितपुर : साझा प्रकाशन, २०५६ ।

____________, *साहित्य सिद्धान्त,* चौथो संस्क., ललितपुर : साझा प्रकाशन, २०६१ ।

____________ , *केही रचना : केही विवेचना,* दोस्रो संस्क., ललितपुर साझा प्रकाशन, २०६२ ।

उपाध्याय, मुकुन्द शरण, "भूमिका", *आत्मबिलौना,* (ले.सिद्धिचरण श्रेष्ठ) काठमाडौं : युगकवि सिद्धिचरण प्रतिष्ठान, २०६३ ।

कोइराला, शम्भुप्रसाद, *सिद्धिचरण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना,* कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०३७ ।

____________ , *विद्रोह के कवि सिद्धिचरण श्रेष्ठ और गोपाल सिंह नेपाली,* बिहार : विद्यावारिधि शोधप्रबन्ध, बी.आर्. अम्बेदकर विश्वविद्यालय, २०५३ ।

खनाल, यदुनाथ, *साहित्यिक चर्चा,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०४९ ।

गौतम, मेघराज, *भक्तिकालीन नेपाली काव्यमा दार्शनिक चेतना,* काठमाडौं : ने.से.वि., अनुसन्धान केन्द्र, २०६८ ।

घिमिरे, माधवप्रसाद, (सम्पा.), पच्चीस वर्षका खण्डकाव्य, काठमाडौं : ने.प्र.प्र., २०३९ ।

चापागाइँ, नरेन्द्र, "नेपाली खण्डकाव्यको विकासक्रम", *काव्यसमालोचना,* विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, २०५२ ।

जोसी, कुमारबहादुर, *पाश्चात्य साहित्यका प्रमुख वाद,* चौथो संस्क., ललितपुर : साझा प्रकाशन, २०५८ ।

जोसी, रत्नध्वज, *आधुनिक नेपाली साहित्यको भूमिका,* ललितपुर : साझा प्रकाशन, २०२१ ।

ठाकुर, उषा, *स्रष्टाको सिर्जना र द्रष्टाको समालोचनात्मक दृष्टि,* काठमाडौं : रामभक्त ठाकुर, २०५९ ।

________, *युगकवि सिद्धिचरण श्रेष्ठ की काव्यसाधना,* काठमाडौं : भारतीय राजदूतावास, २०६८ ।

ढकाल, वेणीमाधव, (टीका), *काव्यदीपिका,* काठमाडौं : श्रीमती प्रभालक्ष्मी राणा, २०५७ ।

____________ , *लिच्छवीकालिकानामभिलेखाना साहित्यकमनुशीलनम,* काठमाडौं : श्रीमती प्रभालक्ष्मी राणा, २०५९ ।

____________, *दिव्यलक्ष्मी स्मृकतिकाव्य,* श्रीमती : मीठा ढकाल, २०६५ ।

____________, (सम्पा.) *श्रीगणेशपुराणम्,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६६ ।

ढुङ्गाना, लावण्यप्रसाद र घनश्याम दाहाल, *खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य,* काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७ ।

तिवारी, सियाराम, *हिन्दी के मध्यकालीन खण्डकाव्य,* पटना : हिन्दी साहित्य संसार, सन् १९६४ ।

त्रिपाठी, वासुदेव, "भूमिका", *सिद्धिचरणका प्रतिनिधि कविता,* काठमाडौं : ने.प्र.प्र., २०४५ ।

__________, *नेपाली साहित्यकोश,* काठमाडौं : ने.प्र.प्र., २०५५ ।

__________ , *पाश्चात्य समालोचनको सैद्धान्तिक परम्परा भाग २,* चौथो संस्क., ललितपुर : साझा प्रकाशन, २०५८ ।

____________ , र अन्य, *नेपाली कविता भाग १,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०४७ ।

____________ , *नेपाली कविता भाग ४,* चौथो संस्क., ललितपुर : साझा प्रकाशन, २०६० ।

दत्त, चिरञ्जीवी, *केही नेपाली काव्यहरूका समीक्षा,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०३० ।

दण्डी, *काव्यादर्श,* वाराणसी : चौखम्बा विद्याभवन, २०१५ ।

दुबे, चन्द्रेश्वर, *'उर्वशी' महाभारतको पृष्ठभूमिमा,* इम्फाल : ज्योति प्रकाशन, भारत, २०३८ ।

नगेन्द्र, *भारतीय साहित्यकोश,* दिल्ली : नेसनल पब्लिसिङ हाउस, सन् १९८१ ।

नेपाल, 'यात्री' पूर्णप्रकाश, *सिद्धिचरण सञ्चरण,* काठमाडौं : तन्नेरी प्रकाशन, २०६० ।

नेपाल, फणीन्द्र, (सम्पा.), सूक्तिसिन्धु र अन्य समालोचना, (ले.रामकृष्ण शर्मा), दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, २०६४ ।

प्रधान, कृष्णचन्द्रसिंह, "चेतनाको नयाँ स्रोत मङ्गलमान खण्डकाव्य", *मङ्गलमान,* काठमाडौं : हिरण्यमान प्रधान र चन्द्रमान प्रधान, २०४९ ।

भण्डारी, विश्वनाथ, *श्री सिद्धिचरण श्रेष्ठकृत 'उर्वशी' खण्डकाव्य का भाषा वैज्ञानिक अध्ययन,* वाराणसी : विद्यावारिधि शोधप्रबन्ध, सम्पूर्णानन्द विश्वविद्यालय, २०५५ ।

मिश्र, लक्ष्मीनारायण, *खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठ,* कीर्तिपुर : स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५८ ।

शर्मा, गार्गी, *सिद्धिचरणका खण्डकाव्यको अध्ययन,* काठमाडौं : भुवन मोहिनी, २०५१ ।

श्रेष्ठ, सिद्धिचरण, *कोपिला,* काठमाडौं : ने.प्र.प्र., २०२१ ।

__________ , *मङ्गलमान,* काठमाडौं : हिरण्यमान प्रधान र चन्द्रमान प्रधान, २०४९ ।

__________ , *आँसु,* ललितपुर : साझा प्रकाशन, २०५० ।

__________ , *सिद्धिचरणका जेल संस्मरण,* (सम्पा. सरुभक्त), काठमाडौं : ने. प्र.प्र., २०५२ ।

__________ , *कारागारका सम्झना,* (ले. सिद्धिचरण श्रेष्ठ) काठमाडौं : चारू श्रेष्ठ, २०५२ ।

__________ , *उर्वशी;* सातौं संस्क., ललितपुर : साझा, प्रकाशन, २०५८ ।

__________ , *जूनकीरी,* ललितपुर : साझा, प्रकाशन, २०५९ ।

__________ , *भीमसेन थापा,* काठमाडौं : ने.प्र.प्र. २०६० ।

__________ , *आत्मबिलौना,* काठमाडौं : युगकवि सिद्धिचरण प्रतिष्ठान, २०६३ ।

सहाय, 'हिरा' राजवंश, *अलङ्बमर मीमांसा,* वाराणसी : चौरवम्बा विद्याभवन, २०२६ ।

## (ख) पत्रिका

खतिवडा, नित्यानन्द, "'उर्वशी' खण्डकाव्यमा प्रयुक्त द्वन्द्वविधान", *अन्वेषण,* १ : १ : २०६७ ।

पोखरेल, राजनप्रसाद, "सिद्धिचरण श्रेष्ठ र उनको उर्वशी खण्डकाव्य", *कुञ्जिनी,* १२:९, २०६२ असोज ।

भण्डारी, जगदीश चन्द्र, "प्रगतिवादी खण्डकाव्यको पर्यवेज्ञण", *संज्ञान,* १ : १, २०६९ ।

भण्डारी, विश्वनाथ, "सिद्धिचरण श्रेष्ठको आँसुमा विद्रोही स्वर", *गरिमा,* १२ : ६, २०५१ जेठ ।

सापकोटा, माधवप्रसाद, "उर्वशी खण्डकाव्यमा द्वन्द्वविधान" *समयचक्र,* ४: ३, २०६६ साउन ।

सुवेदी, देवीप्रसाद, "'देवघाट' कवितामा कवि सिद्धिचरणको अध्यात्म चिन्तन", *संचय* (कवि कसिद्धिचरण सिद्धिचरण स्मृति विशेषङ्क), २०५० ।